जेठ ११, २०६३

# समय

राष्ट्रिय साप्ताहिक

# जनताको घोषणा





भास्कर ओझा

जनताको बलले स्थापित प्रतिनिधिसभाले
जनताको घोषणा गरेको छ

समय
राष्ट्रिय साप्ताहिक

वर्ष ३, अंक १०७, जेठ ५–११, २०६३

**आवरण :** जनआन्दोलनका बलले स्थापित प्रतिनिधिसभाले मुलुकको इतिहासमा पहिलोपल्ट संविधानसरह मान्यता पाउने गरी राजनीतिक घोषणा जारी गरेको छ। घोषणाले राजाका सबै अधिकार कटौती गरेको छ भने प्रतिनिधिसभालाई सर्वशक्तिमान बनाएको छ २६




## राजपरिवार
राजाले सबै अधिकार आफ्ना हातमा लिएको बेला चुलिएको राजपरिवारको तलब अहिले कानुनी रूपमै घटेको छ तर व्यवहारमा उनीहरू अहिले पनि उत्तिकै सुविधा लिइरहेका छन् ३४

## अर्थ–राजनीति
पूर्ववर्ती शाही सरकारले राज्यको ढुकुटीमा गरेको रजाइँ जनताको सरकारले सार्वजनिक गरेको छ ३२

## वार्ता
नर्वेका अन्तर्राष्ट्रिय विकासमन्त्री इरिक सोल्हेम भन्छन् : नेपालमा शान्ति स्थापना गर्ने काममा अन्तर्राष्ट्रिय समुदायले पूर्ण सहयोग गर्नुपर्छ २४

## रिपोर्ट
मुलुकमा स्थापना भएको शान्तिले रात्रिजीवनमा सुधार आएको छ १८

## स्वास्थ्य
अस्पतालहरू दिनै बढिरहेका छन् तर सर्वसाधारणको पहुँचमा अझै स्वास्थ्य सेवा पुग्न सकेको छैन २०



तेजबहादुर बस्नेत

रंग : ढोका खुलेका बेला सिर्जनामा पनि बेग्लै आनन्द हुन्छ ५५

सम्पादकीय ............ ५
प्रारम्भ ............ ७
डाँक ............ ८
दर्शन ............ ११
टिपोट ............ १२
मुलुक ............ १४
साहित्य ............ ५१
शून्य समय ............ ५८

समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस् । फोनः ४४४३८८८/२११२०९४

समय
राष्ट्रिय साप्ताहिक

का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**कार्यकारी सम्पादक**
जिवेन्द्र सिम्खडा
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**प्रशासन/वितरण/लेखा**
सुजन लामा (**प्रबन्धक**)
दीपक श्रेष्ठ (**वितरण**)
मिलन लम्साल (**वितरण**)
गोपाल भट्टराई (**लेखा**)
राजकुमार श्रेष्ठ (**लेखा**)
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित
**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेलः samay@bhrikuti.com
**प्रमुख वितरक**
काष्ठमण्डप पत्रपत्रिका
झोंछे, न्यूरोड
फोन नं. २०१०८२१


सम्पादकीय

# हुकुम प्रमांगीको शासन ?

**प्रजातन्त्रको पुनर्बहालीपछि** स्वभाविक जन-अपेक्षा शासनमा विधिको सर्वोच्चता र शैलीमा पारदर्शिताको पक्षमा हुन्छ। विधिको शासनमा बदलाको भावना र प्रतिपक्षीलाई बेरीतिबाट सताउनु अन्याय नै मानिन्छ। साथै दण्डहीनतालाई न्यायिकतापूर्ण आधिकारिकताद्वारा पराजित या समाप्त गर्नु पनि शासनको उत्तरदायित्व हो। अर्थात् गैरन्यायिक शैली र संरचनाद्वारा जनमानसलाई न्यायको प्रत्याभूति गराउन सकिँदैन भन्ने तथ्य सरकारले बुझ्नै पर्छ।

रायमाझी आयोगको सुझावमा सरकारले राजाका शासनका अत्यन्त विवादास्पद पाँचजना मन्त्रीलाई गिरफ्तार मात्र हैन, उनीहरूविरुद्ध सार्वजनिक सुरक्षा ऐन प्रयोग गरेको छ। उक्त ऐनको विरोध अन्तर्राष्ट्रिय जगत् र मुलुकका मानवअधिकारवादी संगठन र संचारमाध्यमले गर्दै आएका हुन् र वर्तमान सरकारका केही घटकहरू पनि त्यसको विरोधमा उत्रिएका हुन्।


तर, त्योभन्दा गम्भीर विषय आयोग र सरकारबीच देखिन आएको साँठगाँठ हो। आयोगको निर्देशनमा सरकारले सशस्त्र र जनपद प्रहरी तथा राष्ट्रिय अनुसन्धानका प्रमुखलाई निलम्बन गरेको छ भने आयोगकै त्रास देखाएर मन्त्रिपरिषद्ले अन्य ६ वरिष्ठ सुरक्षाकर्मीलाई पनि निलम्बन गरेको छ। सत्ताको दुरुपयोग तथा मानवअधिकार उल्लंघनका सन्दर्भमा छानबिन हुँदा एकरूपता तथा पारदर्शी हिसाबले उच्चअधिकारीहरूलाई निलम्बन गर्नु न्यायिक प्रक्रियाविपरीत नमानिएला, तर यहाँ शंकाको फाइदा सरकार या आयोगलाई दिन सकिँदैन।


भास्वर ओझा

एकीकृत सुरक्षाफौजको नेतृत्व गर्ने शाही सेनाका प्रधान सेनापतिविरुद्ध कारबाही गर्ने अधिकार आयोगलाई छ या छैन ? यो अर्को गहन विषय हो, तर एकीकृत सुरक्षानिकाय र माओवादी छापामारबाट भएका ज्यादती, मानवअधिकार उल्लंघन आदि विषयलाई वार्ता, शान्ति प्रक्रिया, मेलमिलाप तथा अन्तिम सहमति प्रक्रियाअन्तर्गत गाभ्नु ज्यादा बुद्धिमानी र मान्य हुनेछ।

तर, तीन सुरक्षा प्रमुखबाहेक अन्य 'निलम्बन'मा स्पष्ट राजनीतिक चाल, नातावाद र सुरक्षानिकायहरूलाई राजनीतिक अखडामा परिवर्तन गर्ने मनसाय देखिन्छ। आन्दोलनताका सबैभन्दा बढी शक्ति प्रयोग गर्ने सशस्त्र प्रहरी बलका अपरेसन प्रमुखलाई कामु आइजी बनाउने हिसाबले उनीमाथिका दुईजनालाई निलम्बन गरिएको छ। यो संयोग हुन सक्छ, तर गृहमन्त्रीकै जिल्लावासी र निकटस्थ भएको नाताले अतिरिक्त प्रहरी महानिरीक्षक वासुदेव ओलीले त्यो कृपा भेट्टाएको चर्चा सुरक्षानिकायमा हुन थालेको छ। त्यस्तै तत्कालीन गृहमन्त्री गिरफ्तार र आइजिपी निलम्बनमा पर्दा तत्कालीन गृहसचिवले सरुवामै सुख पाएका छन्। के त्यो पनि भौगोलिक कारणले हो ? जनपद प्रहरीमा पनि महानिरीक्षकपछिका राजेन्द्रबहादुर सिंहलाई निलम्बन गरेर सरकारले प्रहरीबलको राजनीतिकरण गर्ने मनसाय स्पष्ट गरेको छ।

श्रीमान् रायमाझी ! यो सारा राजनीतिक खेल यहाँकै नेतृत्वको आयोगको नाममा भइरहेको छ। के साँच्ची नै निलम्बनका पात्र र शैलीको छनोट आयोगद्वारा भएको हो ? आयोग आंशकाको बादलमा घेरिएको छ। आयोगले त्यो बादल छिचल्न सक्नु पर्छ, आयोगको मौनताले श्रीमान् रायमाझीलाई भक्तबहादुर कोइराला नबनाउला भन्न सकिन्न।




## समय साता

**वैशाख २९ गते**

- लोकतान्त्रिक सरकारद्वारा तीन सुरक्षाकर्मीसहित नौजना निलम्बित, शाही सरकारका पालामा जनआन्दोलन दबाउन महत्त्वपूर्ण भूमिका खेलेका पाँचजना मन्त्री सार्वजनिक सुरक्षा कानून अनुसार गिरफ्तार ।
- धरानबाट गाइघाटतर्फ गइरहेको बस कोशी ब्यारेकनजिक दुर्घटना हुँदा चारजनाको मृत्यु, २७ घाइते ।
- सरकारद्वारा राजकीय प्रज्ञाप्रतिष्ठानका उपकुलपतिसहित प्राज्ञहरू निलम्बित ।
- माओवादीद्वारा मंलगवा आक्रमणका बेला अपहरण गरी लगिएका सर्लाहीका प्रजिअ बोधराज अधिकारी मुक्त ।
- श्रीलंकामा युद्धविराम अनुगमन गरिरहेका टोली प्रमुख र विद्रोहीबीच आकस्मिक वार्ता, विद्रोहीद्वारा अनुगमनकर्तालाई सरकारका पक्षमा नलाग्न चेतावनी ।

**वैशाख ३० गते**

- माओवादीद्वारा वार्ताटोलीको नेतृत्व अध्यक्ष प्रचण्डले नै गर्ने खुलासा, शान्ति वार्ता जनसभाको लागि १३ जना केन्द्रीय वक्ता चयन ।
- जनआन्दोलन संघर्ष समितिद्वारा नेताहरूले खुट्टा कमाएर कुनै सम्झौता गरे अर्को विद्रोह हुने चेतावनी ।
- इन्डोनेसियाको माउन्ट मेरापी ज्वालामुखी विस्फोटन हुने चेतावनी, स्थानीय हजारौं जनता विस्थापित ।

**वैशाख ३१ गते**

- मुलुकले आर्थिक कठिनाइ भोग्नुपर्ने भएपछि सरकारले दाताहरूलाई गैरबजेट सहयोग गर्न अपिल गर्ने तयारी ।
- जनआन्दोलन दबाउन छानबिन गर्ने उच्चस्तरीय आयोगद्वारा आन्दोलन दबाउन निकालिएको बजेट विवरण माग ।
- टेम्पो दुर्घटनामा १३ जना बालबालिका मारिएको सुनसरीको मुनलाइट एकेडेमी बोर्डिङ स्कूलका सञ्चालक पक्राउ ।

**जेठ १ गते**

- सरकारद्वारा श्वेतपत्र सार्वजनिक, शाही सरकारले अर्थतन्त्रमा आफ्नो हात जगन्नाथ गरेको खुलासा ।
- शाही सेनाको जहाज तथा हातहतियार खरिद कार्य सबै स्थगित ।
- नवनियुक्त महान्यायाधिवक्ता यज्ञमूर्ति बन्जाडेद्वारा जनआन्दोलन दबाउनेहरू कठघरामा उभ्याइने प्रतिबद्धता ।

**जेठ २ गते**

- प्रतिनिधासभा घोषणा २०६३ जारी नभएको भन्दै सर्वत्र विरोध, राजधानीमा पाँचवटा सरकारी गाडी जलाइए ।
- बाह्रबुँदे समझदारीअनुरूप सरकार संविधानसभाको निर्वाचन गराउन प्रतिबद्ध रहेको गृहमन्त्री कृष्णप्रसाद सिटौलाको भनाइ ।
- कांग्रेस प्रजातान्त्रिकमा संसदीय दलको नेता बन्नेबारे तीव्र विवाद ।
- राष्ट्रिय मानवअधिकार आयोगद्वारा सरकार र विद्रोही माओवादीसमक्ष युद्धविराम सम्झौताको मस्यौदा प्रस्तुत ।

**जेठ ३ गते**

- एमाले नेता माधवकुमार नेपालद्वारा माओवादी सेनाको भरणपोषणको जिम्मा सरकारले लिनु पर्ने माग ।



## क्रान्ति कि हिंसा ?

राजधानीको थापाथलीमा जेठ २ गते दिउँसो प्रतिनिधिसभाबाट अघिल्लो दिन राजनीतिक घोषणापत्र जारी नगरिएको निहुँमा चारवटा सरकारी गाडी जलाइए । आगो समाधान होइन तर यसले क्रान्तिको भाषा पनि व्यक्त गर्नसक्छ । तर, यो क्रान्तिको भाषा थियो वा हिंसाको ?

■ तस्वीरः भास्वर ओझा




## सकारात्मक सोच

*समय* साप्ताहिक वर्ष ३, अंक १०६ समय सान्दर्भिक रहेको छ। आवरण कथा ज्यादै मार्मिक लाग्यो। पत्रिकाहरूले प्रतिपक्षीको भूमिका निर्वाह गर्ने गरे पनि सकारात्मक कामलाई उचित स्थान दिइएकोमा *समय*लाई साधुवाद ! देशमा परिवर्तन आएको अवस्थामा विभिन्न संक्रमण देखा परेका हुन्छन्। त्यस्तो अवस्थामा सरकारलाई उचित मार्गतर्फ डोऱ्याउन सञ्चारमाध्यमको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। त्यो निर्वाह गर्न *समय* सफल छ। यस्तै किसिमको भूमिका खेली नेपालमा लोकतन्त्रलाई मजबुत बनाउने कार्यमा *समय* सफल होस्, यही शुभकामना छ।

■ **सुदीप खतिवडा**
गंगबु, काठमाडौं

## खलपात्रहरूलाई केको ठाउँ ?

*समय* वर्ष ३, अंक १०५ को फरकमतअन्तर्गत रूपसागर मोक्तानकी पत्नी दीपाञ्जलीका अभिव्यक्ति पढ्दा हाँसो लाग्यो। संसार साक्षी रहेको घटनालाई मोक्तानपत्नीले घुमाई फिराई ढाकछोप गर्न खोजेको देख्दा मुक्तिका खातिर बलिदान दिने सहिदहरूप्रति खिल्ली उडाएकोजस्तै लाग्यो।

अहिले त रूपसागर मोक्तानमाथि सरकारले कारबाही गरिसक्यो, तर सत्ताको भजनकीर्तनमा मस्त रहने यस्ता प्रवृत्तिलाई सर्वत्र बहिष्कार गर्न जरुरी छ। *समय* साप्ताहिकले पनि सचेत भई यस्ता पात्रहरूलाई स्थान दिनुको बदला बहिष्कार गर्नतर्फ लाग्नु पर्छ। भोलि फेरि डा. तुलसी गिरी, कमल थापा, सच्चित शमसेरजस्ता खलपात्रहरू र उनीहरूका परिवारका रोदन *समय*मा पढ्नु पर्ने बाध्यता रह्यो भने *समय*सँग पाठकको सम्बन्ध सुमधुर नरहन सक्छ।

■ **राज न्यौपाने**
लक्ष्मीमार्ग, मोरङ

## कथा कच्चा

मुलुकको ताजा स्थितिबारे खबर पस्कनुभएकोमा धन्यवाद ! वर्ष ३, अंक १०६ रोचकताले भरिएको छ। माओवादीहरूले अझै चन्दा असुल्ने, अपहरण गर्ने क्रियाकलाप नछाड्नुको नियत के हो ? यसबारे पनि खोजअनुसन्धान छापिए राम्रो होला कि ? अन्य लेख पनि राम्रा छन्।

साहित्यतर्फ कथाले निरास बनायो। कथाको प्रस्तुतिमा कच्चापन छ। कथाकारले समकालीन कथाको अध्ययन गर्न आवश्यक छ। कविताहरूचाहिँ किन कहिल्यै स्तरीय प्रकाशित हुँदैनन् हँ ?

■ **रजनी आचार्य**
बालुवाटार, काठमाडौं

## मण्डले प्रवृत्तिलाई किन समर्थन ?

निकै कठिनाइका साथ प्राप्त लोकतन्त्रको सुनौलो बिहानीमा हिजो जनआन्दोलन दबाउनेहरूलाई माफी माग्न नै ठूलो उपलब्धि जस्तो बताइँदै छ। कयौंको अनाहकमा ज्यान जाने र अंगभंग भएको छ। यस्ता ती नोकरशाहीहरूलाई माफी दिने हो भने अन्य अपराध गर्न पनि छुट नहोला भन्न सकिँदैन। यसतर्फ विशेष लेख प्रकाशित भए राम्रो होला जस्तो लाग्छ।

यसपालिको अंक मध्यम छ। मण्डले प्रवृत्तिलाई समर्थन गर्नु पर्छ भन्ने सन्देश दिने कथा छापिनु दुःखलाग्दो कुरा हो। हिजो पनि ओहदाको बलमा पत्रिकाहरूमा रचना छाप्न पाउने मण्डलेहरूले अलिअलि गाउँका समस्याबारे लेख्दैमा लोकतन्त्रलाई समर्थन गरेको मान्न मिल्दैन। त्यसमाथि शैलीमा प्रशस्तै काँचोपन देखा परेको छ।

■ **लक्ष्मण शाह**
बानेश्वर, काठमाडौं

## अनुसन्धान नै हुँदैन

*समय*को वर्ष ३, अंक १०६ मा 'फितलो अनुसन्धान' शीर्षकको समाचार पढेर आश्चर्य लाग्यो। अपराधका प्रवृत्ति दिनदिनै आधुनिक बन्दै गइरहेका बेला नेपाल प्रहरीको अनुसन्धान प्रक्रिया फितलोमात्र होइन, कामै नलाग्ने बनेको छ। अहिलेसम्म प्रहरी कुनचाहिँ अपराधको तहसम्म पुग्न सकेको छ ? एउटा दृष्टान्त दिन सक्नु हुन्छ ?

हेमांग दीक्षितको पछिल्लो घटनालाई नै लिन सकिन्छ। प्रहरीले चाँडै कुरा पत्ता लाग्नेछ भनेर अनेकौं बहाना गरे पनि अहिलेसम्म पनि यो घटनाबारे केही भन्न सकेको छैन। यस्ता प्रहरीको के काम जसले समाजमा व्याप्त अपराध कम गर्नु त परै जाओस्, भइसकेका घटनाको छानबिन पनि कुशलतापूर्वक गर्न सक्दैन ?

■ **विकल घिमिरे**
तीनटोलिया, विराटनगर

## हाम्रो चाहना

फेरि पनि अर्केको दास बन्न नपरोस् है
रक्सी एउटै बोतल अर्को भन्न नपरोस् है

छिटो छिटो परिवर्तन आऊ दगुरेर
सुस्केराका दिनहरू गन्न नपरोस् है

सबैजना हाँसीखुसी बाँच्न पाउनु पर्छ
आफ्नो चिहान आफैले खन्न नपरोस् है

यो बुद्धको जन्मभूमि शान्तिप्रिय हामी
सतीले सरापेको देश भन्न नपरोस् है

सङ्ला होऊन् मनहरू, गौरव जातीयता
छटपटी र वेदनामा रुन नपरोस् है।

■ **इन्द्रकुमार श्रेष्ठ**
कमलाकुञ्ज, ओखलढुंगा

## सबै मण्डले होइनन्

*समय* वर्ष ३, अंक १०६ मा कर्णालीको रिपोर्टअन्तर्गत छापिएको 'छेपारे नेताबाट पीडित' लेखमा राम्रा र सिद्धान्तनिष्ठ नेताहरूलाई पनि मण्डलेमा गनिदिएकोमा दुःख लाग्यो। क्याबु बुढा, मुगुका पदमराज र डोल्पाकै लक्ष्मीनारायण जस्ता आदर्श नेताहरूलाई पनि मण्डले कित्तामा *समय*ले राखेको छ, जुन सरासर गलत हो। कर्णालीले पाएका सीमित आदर्श नेताहरूमध्येका हुन्, उनीहरू। कर्णालीलाई विशेष स्थान दिएको *समय*ले आगामी अंकमा यस्ता सानातिना गल्ती नगरोस् भन्ने आशा गरेको छु।

■ **नरेन्द्र बुढायर,**
कालिकोट
हाल : काठमाडा



**बुद्धको 'कुनै देवी देउताले तिम्रो हानि वा लाभ गर्न सक्दैनन् । तिम्रा आफ्नै कर्मले सुख र दुःख दिन सक्छन् । अता हि अतानो नाथ, अता हि आतनो गति तिमी नै आफ्नो भाग्य विधाता हौ र तिमी नै आफ्नो अधोगति या दुर्गतिको कारण हौ' कथन अत्यन्त क्रान्तिकारी छ ।**



# अप्प दिप्पो भव

■ स्वामी आनन्द अरुण

**भरखरै हामीले** २५५० औं बुद्ध जयन्ती मनायौं । आजको अशान्त र हिंसाग्रस्त विश्वमा बुद्धको सन्देश अझ सान्दर्भिक भएर आएको छ । विश्वमा नेपालका दुइटा मुख्य पहिचान छन्, सर्वोच्च शिखर सगरमाथा र सर्वोच्च व्यक्ति बुद्धको जन्मस्थल - लुम्बिनी । यी दुवैप्रतिको आकर्षण विश्वमा दिनानुदिन बढ्दै गएको छ । जति जति मनुष्यता विकसित र प्रौढ हुँदै जान्छ त्यति त्यति नै बुद्धको 'अप्प दिप्पो भव' अर्थात् आफ्नो प्रकाश आफैं बन भन्ने उपदेश सान्दर्भिक हुँदै आउँछ ।

सबै सिद्ध र बुद्धहरूमा केही विशिष्टता अवश्य नै हुन्छ, तर यिनीहरूमा पनि बुद्ध अद्वितीय छन् । बुद्धले भने, 'सब्बे संखारा अनिच्चति ।' अर्थात् यस जगत्मा कुनै चिज पनि स्थिर छैन, सबै कुरा परिवर्तनशील छ । सम्बन्ध, मान सम्मान, धन, स्वास्थ्य र जीवन स्वयम् पनि । त्यसकारण यहाँ कुनै चिजसँग मोह गर्नु दुःख जन्माउनु हो । अनित्यको यो सिद्धान्तलाई हामीले आत्मसात गर्न सक्यौं भने मोह, चिन्ताबाट मुक्ति मिल्छ नै । शान्तिको मार्ग पनि खुल्छ । यही अनित्यतामा आधारित भएर बुद्धले परमात्मा र ईश्वरको मान्यतालाई पनि इन्कार गरे । किनभने सबै चिज अनित्य छ भने यहाँ शाश्वत परमात्मा कसरी हुनसक्छ । त्यसकारण बुद्धले आत्मालाई पनि अस्वीकार गरे, तर बुद्ध पुनर्जन्मलाई मान्छन् । बुद्धका अनुसार इच्छा र कामना जबसम्म रहन्छ, तबसम्म त्यही तृष्णाले नयाँ-नयाँ रूप लिई पुनर्जन्म गराइरहन्छ । जब सबैप्रकारका तृष्णा तिरोहित हुन्छ, निर्वाणको स्थिति प्राप्त हुन्छ ।



'सब्बे संखारा दुख्खाति' यो जगत् नै दुःख छ भन्ने बुद्धको आर्यसत्य हो । यो संसार दुःख स्वरूप छ र जबसम्म हामी कामना र तृष्णाबाट मुक्त हुँदैनौं तबसम्म अनेकानेक दुःखजालमा परिरहनु पर्छ । जीवनमा रोग, शोक, मृत्युको दुःख सबैलाई छ । हरेक प्रेमले विछोड झेल्नै पर्छ । प्रत्येक सम्मानले कुनै न कुनै दिन अपमान भोग्नै पर्छ । हरेक जयले पराजय पनि व्यहोर्नु पर्छ ।

बुद्धको समयमा कर्मकाण्डीय ब्राह्मणवाद आफ्नो शिखरमा थियो । देउतालाई रिझाएमा सबै कार्यहरू सिद्ध हुन्छन् र देउता रिसाए भने सर्वनाश भन्ने धारणा व्याप्त थियो । देउता रिझाउन अनेक पूजापाठ, यज्ञ, हवन साथै पशुदेखि मनुष्यसम्मको बलि चल्थ्यो । बुद्धभन्दा धेरै पछि भएका जिसस र मोहम्मदले पनि 'अन्तिम फैसला या कयामतको दिनमा म ईश्वरको अगाडि उभिई आफना भक्तहरूलाई छुट्ट्याई स्वर्गको साम्राज्यमा चिरकालसम्म राख्नेछु । परम पिता परमेश्वर र उनको एकमात्र पुत्रमा विश्वास नगर्नेहरू अनन्तकालको लागि नर्क जानेछन्' भनी जनसाधारणलाई तर्साएको पाइन्छ । त्यो परिप्रेक्ष्यमा बुद्धको 'कुनै देवी देउताले तिम्रो हानि वा लाभ गर्न सक्दैनन् । तिम्रा आफ्नै कर्मले सुख र दुःख दिन सक्छन् । अता हि अतानो नाथ, अता हि आतनो गति तिमी नै आफ्नो भाग्य विधाता हौ र तिमी नै आफ्नो अधोगति या दुर्गतिको कारण हौ' कथन अत्यन्त क्रान्तिकारी छ ।

बुद्धको अर्को महत्त्वपूर्ण देन हो - मध्यमार्गको सिद्धान्त । न अति भोग, न अति त्याग, अपितु सम्यक् जीवन । समस्त दुःखबाट मुक्तिको लागि अष्टांगिक मार्गको प्रावधान । जसका अनुसार जीवनका सबै पक्ष सम्यक् हुनु अत्यावश्यक छ । सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् वाणी, सम्यक् आजीविका, सम्यक् कर्म, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि । यही सम्यक् जीवन नै मुक्तिको मार्ग हो । किनभने तृष्णा नै बन्धन हो र मनबाट मुक्ति नै निर्वाण हो । मनको स्वभाव हो अतिमा बाँच्ने । मध्यमा मनमा मन टिक्दैन र मध्यमा मन विलय हुन्छ । त्यसकारण बुद्धले मनबाट पार जानलाई नै मध्यमार्गको बाटो देखाएका छन् ।

## बुद्ध जीवनको एक बोधकथा

मगध सम्राट बिम्बिसारको विवाह स्यालकोट (हाल पाकिस्तान)की राजकुमारी क्षमासँग भएको थियो । क्षमा अनिन्द्य सुन्दरी थिइन् । त्यस क्षेत्रका युवतीहरू अत्यन्त सुन्दरी हुन्छन् र त्यसमा पनि क्षमा अद्वितीय थिइन् । आफ्नो रूपको उनलाई अति घमन्ड थियो । उनको त्यस्तो सौन्दर्यमा बिम्बिसार पनि मन्त्रमुग्ध थिए । राजा बिम्बिसारको बुद्धप्रति गहिरो श्रद्धा थियो । बुद्ध राजगृही जाँदा राजपरिवारका सबै सदस्यहरू बुद्धको दर्शन गर्न आउँथे, तर क्षेमा आफ्नो रूपको अहंकारले गर्दा कहिल्यै बुद्धको दर्शन गर्न गइनन् ।

एकपटक तथागत राजगृहीको वेनुवनमा विहार गर्दै थिए । रानी क्षमा वेनुवनमा घुम्न आएकी थिइन् । बिम्बिसारले तथागतको दर्शन नगरी त्यहाँबाट नफर्किनु भन्ने रानीलाई आदेश पठाए । बुद्धको नजिक जान मन नलागी नलागी उनी बुद्ध समीप पुगिन् । भगवान्ले क्षमालाई निर्विकार दृष्टिले हेरे । क्षमालाई बोध भयो, आफ्नो रूपको भगवान्प्रति किञ्चित् पनि प्रभाव परेन । उनलाई त्यसबाट अझ चोट पर्‍यो । उनी गर्व र रिसले चुर भई त्यहाँबाट हिँड्न थालिन् । तथागत त्यो देखेर मुस्कुराए । भगवान्ले योगबलले एक अत्यन्त सुन्दरी कन्या उत्पन्न गरे, जसले भगवान्लाई पंखा लगाइरहेकी थिई । आफूभन्दा पनि अझ सुन्दर स्त्री भगवान्को समीप सेवामा देखेर क्षमालाई अझ असह्य भयो, तर उनले हेर्दाहेर्दै त्यो देवतुल्य सुन्दरी प्रौढ भई, रोगग्रस्त र असुन्दर भई, सुन्दर दाँतहरू झरे, केश सेता भए, पूरा शरीरको छाला चाउरी पर्‍यो र वृद्धावस्थाको त्यो बोझले ऊ त्यहीं लडी र मरी । तथागतले शरीर र सौन्दर्यको नश्वरता क्षमालाई देखाइदिए । क्षमा भयले काम्न थालिन् । उनलाई तत्काल जगत्को निस्सारता र रूपको क्षणभंगुरताको बोध भयो । क्षमा भगवान्को चरणमा लडिन्, क्षमा मागिन् र दीक्षाको लागि प्रार्थना गरिन् । भगवान्ले एक शब्द नबोली उनलाई रूपान्तरित गरे । क्षमा श्रोतापन्न आदर्श भिक्षुणी भइन् ।

osho@tapoban.com


तेजबहादुर बस्नेत

# सेवाको नायक

**गोंगबुमा सम्मान** थाप्दा जनआन्दोलनको बेला जस्तो हतारो थिएन उनलाई । वरिपरि स्ट्रेचर बोक्न सहयोग गर्नेहरूको उपस्थिति भए पनि निरंकुशता ढलेकोमा उनका आँखामा विजयको रौनक थियो । जनआन्दोलनताका घाइतेहरूको उपचारमा लागेका बेला उनीमाथि गरिएको दुर्व्यवहार उनकै लागि मात्र होइन, नेपाली जनताको लागि पनि लाजमर्दो भयो । आफ्नै जनताको उपचारका लागि सडकमा उत्रिएका डा. ब्रायनलाई राज्यले साँच्चिकै दुस्मनको व्यवहार गऱ्यो, तर लोकतन्त्र आएपछि नेपाल आउने उनको वाचा पूरा हुन धेरै समय पर्खनु परेन ।

लोकतन्त्र आइसकेपछि भित्रिएका यी अमेरिकी चिकित्सक ब्रायन कबले *समय*सँग भने, 'अब पालो विकासको हो ।' लोकतन्त्रको आन्दोलन उत्कर्षमा पुगेका बेला तत्कालीन सरकारले घाइतेहरूको 'उपचार गरेको अपराध' उनलाई देश निकाला गरेको थियो । आफ्नै खर्चमा आन्दोलनका बेला आएर उनले घाइते भएका सुरक्षाकर्मीदेखि आन्दोलनकारीलाई समेत उपचार गरेका थिए ।

ब्रायनमाथिको सरकारी मुर्खताले पनि आन्दोलन सशक्त हुन मद्दत पुऱ्याएको थियो । उनको योगदानको सम्मान गर्दै जनआन्दोलनका बेला अग्रीम र गौरवशाली मोर्चा क्षेत्र मानिएको संयुक्त जनआन्दोलन समिति गोंगबुले डा. ब्रायन कबलाई सम्मानित गरेको छ ।

जनआन्दोलनमा सहयोग पुऱ्याएको विनायक अस्पताल र सामुदायिक अस्पताललाई समेत उक्त अवसरमा सम्मान गरिँदा नेपाली पोसाकमा स्टेजमा देखिएका ब्रायन कबले भने, 'अब सधैं यस्तै शान्ति देख्न पाइयोस्, बुद्धको देश भनेर नेपालीले गौरव गर्न पाउन् र अब म आउँदा स्ट्रेचर होइन, कुनै अस्पताल खोल्ने लक्ष्य लिएर आउन पाइयोस् ।'

नेपाल र नेपालीको स्वतन्त्रतालाई माया गर्ने उनले बुद्धको मूर्तिलाई सम्मानार्थ उठाउँदै भन्दै थिए, 'अब लुछाचुँडीको होइन, गरिब र पिछडिएका ठाउँमा लोकतन्त्रको अनुभूति गराउनु पर्छ ।'

लामो समयदेखि विशेषगरी आन्दोलनका बेला उपचारको लागि काठमाडौं आएर सेवामा लाग्न रुचाउने उनले आफूलाई दिएको सेवाको कदर गर्दै भने, 'अब मेरो लक्ष्य नेपालको पश्चिमक्षेत्रमा चिकित्सकहरूका लागि अध्ययन केन्द्र खोल्ने रहेको छ ।' स्वास्थ्यको पकड कम रहेको क्षेत्रमा गएर आफूले सकेको सेवा गर्ने उनले बताए ।

■ **ज्योति देवकोटा/काठमाडौं**

# 'भ्रष्टाचारअन्तर्गत कारबाही हुन्छ'


तेजबहादुर बस्नेत

**जनआन्दोलन** दबाउन राज्यकोषको चरम दुरुपयोग गर्नेहरूमाथि सरकारले कानुनी कारबाही गर्ने महान्यायाधिवक्ता यज्ञमूर्ति बन्जाडेले बताएका छन् । *समय*सँग कुरा गर्दै उनले भने, 'राज्यकोष दुरुपयोग गर्नेमाथि भ्रष्टाचार अन्तर्गत कारबाही हुन्छ ।'

तर त्यसका लागि सरकारद्वारा गठित उच्चस्तरीय न्यायिक आयोगको प्रतिवेदनको प्रतीक्षा गरिने उनले बताए । 'यो विषय आयोगको कार्यक्षेत्रभित्र पनि पर्छ । हामीले आयोगको प्रतिवेदन आउँदासम्म कुर्नु पर्छ ।' कृष्णजंग रायमाझीको नेतृत्वमा रहेको आयोगले काम सुरु गरेको दुई महिनाभित्र अन्य विषयका अतिरिक्त राज्यकोषको दुरुपयोगका मामिलामा पनि ठहरसहित निर्णय सरकारमा पेस गर्नेछ । भ्रष्टाचार नियन्त्रण ऐन, २०५९ अनुसार यस प्रकारका दुरुपयोग भ्रष्टाचारजन्य मुद्दाका रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले हेर्न सक्नेछ ।

जनआन्दोलन दबाउन सरकारी सम्पत्ति दुरुपयोग गर्नेहरूमाथि कारबाही गरिने कुरामा शंका नगर्न पनि महान्यायाधिवक्ता बन्जाडेले सबैमा आग्रह गर्दै भने, 'सरकार जनताको इच्छाभन्दा बाहिर जान सक्दैन । त्यसैले अहिले नै उनीहरूमाथि कारबाही हुँदैन कि भनेर शंका गर्नु हुँदैन ।' ■


## मकालु यातायातको बस सेवा

कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्गवा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्गवाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| गौरबाट | बिहान ५.३० बजे | | |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्गवामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८ ।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ ।*

# पूर्व परराष्ट्रमन्त्रीद्वारा फाइल नै गायव


समय

शाही सरकारका परराष्ट्रमन्त्री रमेशनाथ पाण्डेले विदेशी मुलुकहरूसँग सम्बन्धित केही महत्त्वपूर्ण फाइल नै गायव बनाएका छन् । मन्त्री भएका समयमा अध्ययनका लागि भन्दै मन्त्रालयबाट घरमा लगिएका ती फाइल फिर्ता नहुँदा परराष्ट्र मामिलाका कतिपय विषयमा सरकारलाई अप्ठेरो परेको छ ।

मन्त्रालय स्रोतका अनुसार भुटानी शरणार्थीसम्बन्धी दुई देशका सरकारबीच भएका पछिल्ला चरणका वार्तासँग सम्बन्धित फाइलहरू पाण्डेले फिर्ता गरेका छैनन् भने चीनलगायतका मुलुकसँग सम्बन्धित फाइल पनि मन्त्रालयमा छैन । स्रोतका अनुसार परराष्ट्र मामिलाका केही फाइल उनले आन्दोलनका अन्तिम दिनमा फिर्ता गरे पनि केही फाइल भने उनकै घरमा थन्किएका छन् । मन्त्रालयमा उनले लगेका फाइलको रेकर्ड भने रहेको बताइएको छ ।

सरकारको नेतृत्व गरेर विदेश जाँदा वा विदेशी प्रनितिधिमण्डल भेट्दा मन्त्रालयका कर्मचारीहरू साथमा राखेर भेट्ने सामान्य परम्परा लत्याउँदै उनले एक्लै भेट्ने र अन्त्यमा आफ्नो अनुकूल उक्त भेटवार्ताको विश्लेषण संचारमाध्यममा ल्याउने गर्दै आएका थिए । यसले नेपालको छविमाथि धक्का लाग्दै आएको छ । उनी मन्त्री भएका बेला भारतीय विदेश राज्यमन्त्री राव इन्द्रजितसँग पनि उनले एक्लै भेटेका थिए, जब कि भारतीय पक्षमा पाँचसदस्यीय टोली सामेल थियो । चीन भ्रमण र अन्य मुलुकहरूमा पनि उनले यही परम्परा कायम राखेको मन्त्रालय स्रोत बताउँछ, जसका कारण उनीहरूसँग के सहमति भएको थियो जानकारीबाट मन्त्रालय बन्चित छ ।

## पर्यटन बोर्डको तालाबन्दी तोडियो



नेपाल पर्यटन बोर्डमा दस दिनसम्म भएको तालाबन्दी स्थगन भएको छ । बोर्डका कर्मचारीहरूद्वारा गठित लोकतान्त्रिक पर्यटन समाजद्वारा पर्यटन बोर्डका कार्यकारी प्रमुख टेकबहादुर डाँगीको राजीनामा माग गर्दै तालाबन्दी गरिएको थियो ।

समाज र बोर्डबीच भएको सहमतिअनुसार बुधवार दिउँसोदेखि तालाबन्दी तोडिएको हो । डाँगीद्वारा शाही सरकारको समर्थनमा क्रियाकलाप गरेको आरोपमा कर्मचारीहरूले विरोध जारी राखेका थिए । उनले शाही सरकारका बखत गरेका क्रियाकलाप छानबिन गर्ने सर्तमा तालाबन्दी फिर्ता लिने सहमति बनेको हो । ■


## हार्दिक श्रद्धाञ्जली



जन्मः
२००९ भाद्र

स्व. शान्ति रायमाझी

स्वर्गारोहणः
वैशाख १७, २०६३

हाम्रा मित्र दीपक रायमाझीकी परम पुजनीय माता **शान्ति रायमाझी**को स्वर्गारोहण भएकाले दिवंगत आत्माको चिरशान्तिको लागि श्री पशुपतिनाथसँग प्रार्थना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

अर्जुन बज्राचार्य
अनुज प्रधान
विद्यासागर माली
विक्रम महर्जन
भाइलाल महर्जन
दीपेन्द्र आचार्य
हरिनारायण महर्जन
जयनेपाल महर्जन
जितेन्द्र महर्जन

कवि महर्जन
किरण महर्जन
नरेश जोशी
नवीन महर्जन
प्रमोद जोशी
राजुमान सिंह
रमेश महर्जन
सुमन वास्कोटा
श्याम प्रजापति





*Mrs. Bharati Shrestha*

**SARADA EMPORIUM**

A showroom of Modern Ladies Suits & Ladies Dresses

SHOP NO. 274 SUPER MARKET, 2ND FLOOR
(Left Side of the escalator)
KATHMANDU, NEPAL, Mobile : 9851070807

# सत्ताले निम्त्यायो किचलो



▲ जनमोर्चा नेता मनोज भट्ट

**यति बेला सरकारमा** सामेल भएर कम्युनिष्ट अवधारणाहरू लागू गर्न सकिने अवस्था नभएका कारण सरकारमा जानु हुँदैन भन्ने सार्वजनिक अभिव्यक्ति दिएपछि निलम्बनमा परेका जनमोर्चा नेपालका उपाध्यक्षलगायत नेताहरूले पार्टीको उक्त निर्णयविरुद्ध कार्यकर्ताका माझ जाने तयारी गरेका छन् ।

'पार्टीले कुनै स्पष्टीकरण नसोधीकन पूर्व जानकारीविना कारबाही गरिएको घटनालाई लिएर तल्लोस्तरका कार्यकर्ताहरूसमक्ष पुग्ने तयारी गरिरहेका छौं', पदबाट निष्काशित जनमोर्चा उपाध्यक्ष मनोज भट्टले *समय*सँग भने, 'पार्टीको अधिनायकवाद सच्याउन तल्लो तहसम्म पुग्छौं ।'

विसं २०५९ सालमा संयुक्त जनमोर्चा र राष्ट्रिय जनमोर्चाबीच एकीकरण भएपछि बनेको जनमोर्चा नेपालको केन्द्रीय समितिले जनआन्दोलनबाट बन्ने सरकारमा सामेल हुने निर्णय गरे पनि जनमोर्चा उपाध्यक्ष भट्ट, केन्द्रीय सचिवालय सदस्य तथा सांसद डिलाराम आचार्य र केन्द्रीय सदस्य गोविन्दसिंह थापाले पत्रकार सम्मेलनमार्फत अहिलेको बुर्जुवा समाजमा कम्युनिष्ट नीति लागू गर्न नसकिने भन्दै सरकारमा सामेल नहुने धारणा सार्वजनिक गरेका थिए ।

केन्द्रीय उपाध्यक्ष पदबाट निष्काशित भट्टका अनुसार जनआन्दोलनको विजयपछि बनेको सरकारले राजालाई आधार मानेर शपथग्रहणदेखि लिएर विभिन्न नीति बनाउँदै गएकाले यति बेला जुन कम्युनिष्ट सत्तामा गए पनि सर्वहारा जनताको पक्षमा काम गर्न सक्ने अवस्था छैन । यति बेला पनि सेनाको प्रभाव कायमै रहेको भट्टले बताए । 'यति बेला पार्टी जनआन्दोलनबाट आएको सरकारलाई रचनात्मक सहयोग गरेर प्रतिपक्षमा बस्नु पर्ने बेला हो', भट्टले भने, 'सबै पार्टीहरू सत्तामा गएपछि प्रतिपक्षमा बसेर जनताको आवाज उठाउने पार्टी नै नहुने भयो ।'

अमिक शेरचन अध्यक्ष रहेको जनमोर्चा नेपालका पाँच उपाध्यक्षमध्ये एक भट्ट अन्य केही नेताहरूसहित पदमुक्त गरिएपछि तल्लोस्तरका कार्यकर्तामा पनि विभाजनको रेखा कोरिएको छ । कार्यकर्ताहरूले पार्टी निर्णयबारे पक्ष-विपक्षमा धारणा राख्न थालेका छन् ।

■ रुद्र खड्का/नेपालगन्ज (तस्वीर पनि)

## थामिएन अज्ञात रोग

**नुवाकोट मदानपुर** गाविसमा देखा परेको अज्ञात रोग छ महिना बित्दा पनि पहिचान हुन सकेको छैन । स्थानीय शक्ति माध्यमिक विद्यालयको कक्षा ५ र ६ मा अध्ययनरत विद्यार्थीहरूमा काम्ने, लडीबुडी गर्ने, बर्बराउने र अनौठा कुरा गर्ने समस्या देखिएपछि शिक्षक र अभिभावकहरू नै चिन्तित बनेका छन् ।

अहिलेसम्म काम्ने रोगीको संख्या डेढ दर्जन पुगिसकेको छ । यो रोग पहिलोपल्ट मंसिर ११ गते देखा परेको थियो । 'विद्यालयमा प्रायः काम्ने विद्यार्थीहरू घरमा समेत काम्ने र बढीमा चार घन्टासम्म उनीहरूको होस नखुल्नाले हामीलाई पढाइ सुचारु गर्न समस्या परेको छ', प्रधानाध्यापक हीराराम पाण्डे भन्छन्, 'विद्यार्थीहरू काम्दा स्वर्गे भइसकेका पण्डित नारायण पोखेल खोज्नेदेखि घरघरमा झाँक्रीले बकाउँदा अचम्मलाग्दो कुरासमेत गर्छन् ।' समस्या समाधानका लागि सिभिक्ट नेपाल र मनोक्रान्ति साधक संघको सहयोगमा डाक्टरी र योग उपचार गर्दासमेत रोगको पत्ता लागेको छैन ।

डाक्टरी उपचारले रोग पत्ता नलागेपछि गाउँलेहरू निरास हुँदै झाँक्री लगाउन थाले पनि समस्याको निदान भएको छैन ।

■ विष्णु तारुके/मदानपुर, नुवाकोट



# सैलुन खोलेर दंग



**झापा घैलाडुब्बाकी** लक्ष्मी श्रेष्ठ हँसिली र खुसी छिन् । पहिलोपटक महिला रिक्साचालक बनेकी फूलमाया राजवंशीको प्रेरणाले उनले गाउँमा सानो सैलुन खोलेकी छिन् । उनको सैलुनमा सधैं भीडभाड देखिन्छ । कुनै समय महिलाले जिन्स पेन्ट र टि-सर्ट लगाएर हिंड्दा अचम्म मान्ने समाजमा उनी मात्र होइन, लगभग दुई दर्जन महिलाले कपाल काट्ने तालिम लिएका छन्- बिर्तामोडस्थित झापा प्राविधिक शिक्षालयबाट ।

तालिमप्राप्त अर्जुनधारा-४ की बिन्दा भट्टराई भन्छिन्, 'सीप सिकेर स्वरोजगार बनी स्वदेशमै काम गर्न तालिमले प्रेरित गरेको छ, म पनि चाँडै सैलुन खोल्ने तयारीमा छु ।'

अहिले लक्ष्मीले सोही सैलुनबाट आफ्नो जीविका चलाउँदै आएकी छन् । महिलालाई प्रोत्साहन दिनुपर्ने तर्क राख्दै झापा प्राविधिक शिक्षालयका संचालक भरत थपलिया भन्छन्, 'हामीले ग्रामीण महिलालाई यो तालिम प्रदान गरेका छौं, तालिमपछि थप प्रोत्साहित गर्छौं ।' झापाको घैलाडुब्बा, चन्द्रगढी, महाभारा, सतासीधाम, चारपानेलगायत एक दर्जन गाविसका महिलाहरूले यो तालिम लिएका छन् । नेपाल सामुदायिक विकास केन्द्र तथा सहारा नेपालको सहयोगमा तालिम भएको हो ।

■ **मदन खरेल/झापा** (तस्वीर पनि)






# पढ्नै पाएनन् नानीहरूले

**उमेरले ६० नाघिसकेका** बलजित वादीको अब जीवनको एकमात्र धोको आफ्ना छोरानातिले पढीलेखी केही काम गरेको हेर्ने हो । आफ्नो जीवनको आधाभन्दा बढी दिन झुप्रा खोलाको बालुवा र ढुंगा खोसिँदैमा बिताएका बलजित आफूले पढ्न नपाए पनि छोरानातिले धेरै पढेर नाम राखून् भन्ने चाहन्छन् ।

'हामीले त खोलाछेउ ढुंगा र बालुवा खोसिँएर दिन बिताइम् । हाम्रा छोरानातिले त्यही ढुंगा बालुवामा फेरि नङ खियाउनु नपरोस्', उनी भन्छन्, 'उनीहरूले पनि कुर्सीमा बसेर काम गर्ने दिन आउला भन्ने आस छ ।' सदरमुकामदेखि करिब साढे १३ किमि दक्षिणपूर्व रहेको झुप्रा खोला बगरमा बलजित अझैं संघर्षरत छन् ।

उनीजस्ता थुप्रै अभिभावकहरू आफ्ना छोराछोरीले धेरै पढेको हेर्न चाहन्छन्, तर त्यस ठाउँमा विद्यालय नै नभएपछि उनीहरूको इच्छा इच्छामै सीमित छ । 'शान्तिपुर' नामकरण गरिएको खोला छेउको उक्त दलित बस्तीमा बालबालिकाहरूका लागि पढ्ने एउटा विद्यालय नहुँदा अभिभावकको चिन्ता छोराछोरीको उमेरसँगै हुर्किदो छ ।

अधिकांश दलित, त्यसमा पनि वादी समुदाय बाहुल्य रहेको यो बस्तीमा झन्डै ५ सय बालबालिका छन् । झन्डै ३ दशकदेखि यहाँ बस्दै आएका वादीहरूको मुख्य आय स्रोत बगरको ढुंगाबालुवा बिक्री गर्नु हो । अहिले यहाँ १ सय ६५ घरपरिवार छन् ।

यहाँ विद्यालय नै नभएको चाहिं होइन । स्थानीयवासीको श्रमदानमा २ वर्षअघि बनाइएको तीनकोठे एउटा विद्यालय छ, जहाँ तीन कक्षासम्म पढाइ हुन्छ ।

'तीन कक्षा उत्तीर्ण भएपछि कहाँ पढ्ने ?' यही समस्या सबैभन्दा ठूलो र टाउको दुखाइको विषय बनेको छ त्यहाँका बालबालिका र अभिभावकहरूका लागि ।

तीन कक्षादेखि माथिको पढाइ पूरा गर्न यहाँका बालबालिकालाई ३ घन्टा हिँडेर या सत्तरी पुग्नु पर्छ या ४ घन्टा जति पैदल हिंडेर रुप्से । सत्तरीमा पनि ५ कक्षासम्म मात्र पढाइ हुन्छ र निमावि भएको रुप्से पुग्नु भनेको कलिला केटाकेटीका लागि ठूलै पहाड चढ्नुबराबर हो । माविस्तरको पढाइका लागि सुर्खेत धाउनुको विकल्प छैन ।



▲झुप्रा खोलाको बगरमा रहेको दलित बस्ती

'यति साना केटाकेटीले कसरी तीनचार घन्टा हिँडेर पढ्न जान सक्छन्', अभिभावक सीता नेपाली भन्छिन्, 'यहाँबाट खाइ नखाइ जान्छन् । स्कूल गइपुगे भन्नेबेलामा टुप्लुक्क घरमा आइपुग्छन् ।' पढ्नकै लागि लामो बाटो हिँड्नु पर्ने भएकाले केटाकेटीहरू पनि कोही खोलामा पौडी खेलेर, माछा मारेर त कोही आफ्ना आमाबाबुलाई बालुवा झिक्न सहयोग गरेर दिन बिताउँछन् ।

यो बस्तीमा दुईजनाले मात्र ७ कक्षा पास गरेका छन् भने यो वर्ष मावि पढ्न जाने विद्यार्थीको संख्या ११ छ ।

त्यहाँका बालबालिकालाई पढ्ने चाहना तीव्र छ । यस वर्षमात्र त्यहाँ रहेको विद्यालयमा भर्ना हुनेको संख्या २ सय पुग्नुले पनि यही कुरा संकेत गर्दछ । 'पढ्ने मन त किन नहुनु, छ नि, तर ४/४ घन्टा हिँड्न पनि त कम्ता छैन ।' ३ कक्षा उत्तीर्ण गरेर बसेका दिनेश नेपालीले भने, 'जाँदा ४ घन्टा आउँदा ४ घन्टा हिँड्नु परेपछि कसरी पढ्न सकिन्छ ?'

यति ठूलो समस्या भोग्दै आएका त्यहाँका विद्यार्थीका लागि गाउँमै विद्यालय बनाउने पहल त्यहाँका अभिभावकले नगरेका भने होइनन् । विद्यालयका लागि शिक्षा कार्यालय जाँदा उल्टो ५० हजार धरौटी जम्मा गर्नु पर्ने भनेपछि त्यत्तिकै थन्किएर बस्नुपरेको विष्णु वादीले जानकारी दिए । 'हामी बालुवा खोसिँएर खाने मान्छे, साँझ बिहानको छाक टार्न मुस्किल छ, त्यति ठूलो रकम कसरी जम्मा गर्न सक्छौं र ?' उनी भन्छन् ।

दलितहरूको सहयोगका लागि भनेर थुप्रै संघसंस्था खोलिए पनि आफूहरूलाई कसैले सहयोग नगरेको उनले गुनासो गरे । 'हामीलाई खानलाउन नदेऊ, कमसेकम विद्यालयका लागि त सहयोग जुटाइदेऊ भन्दै धेरै संघसंस्थामा धाइयो', उनले भने, 'कोहीले त्यस्तो कार्यक्रम नै छैन त कोहीले बजेट छैन भन्दै झारा टारे ।'

दलितहरूका लागि भनेर आएको रकम संघसंस्थावालाले नै भ्वाम् पार्ने गरेको हरिबहादुर नेपालीको आरोप छ । 'हामी तपाईंकै सहयोगका लागि आएका हौं भनेर धेरैपल्ट नाम टिपे, हामी भोकैनांगै बसेको फोटो लिन नेपाली मात्र होइन विदेशीहरू समेत आए', उनी आक्रोश पोख्छन्, 'अर्काको दुःख भजाएर खानेले के सहयोग गर्थे ? केही लछारपाटो लाएनन् ।' अब पनि कोही त्यस्तै सहयोगको आश्वासन दिन आए तिनका क्यामरा र झोला च्यातचुत पारेर मिल्काइदिने बताउँछन् उनी ।

■ गणेशकुमार कार्की/सुर्खेत (तस्वीर पनि)





Eureka Forbes Limited
Sales and Service
Aayusha Trading Concern
Naya Baneshwor, Tel: 4481027, 4438657, Cell: 9851085445
Email: euroguard@wlink.com.np

होम डेलिभरी फ्रि
के तपाई आफ्नो मोटोपनबाट दिक्क हुनुहुन्छ ? यदि तुरुन्तै मोटोपन घटाउन चाहनुहुन्छ भने आजै भेलफर्म सौना वेल्ट प्रयोग गरौं ।
रु. २४९५ मात्र
साथै अन्य टिभीमा देखाइने सामानहरु
ग्लोबल टिभी प्रोडक्ट सप
पुतली सडक (शंकरदेव क्याम्पस अगाडि),
फोन नः ४२४२०६१, २००२७९९
धरान, फोन नः ५२१७४०
यो वेल्टले तपाईलाई ५५ मिनेटको प्रयोगमै २ से.मी. पेट घटाउँछ ।



वर्षौंदेखि जारी कर्फ्यु हटेपछि भैरहवामा पाँच वर्षपछि पहिलोपटक यसरी राति विवाह भए

# बल्ल हाइसन्चो !

**सधैं मुर्दा शान्ति लाग्ने राजमार्गहरूमा चम्किला बत्ती बाल्दै लाइन लागेर रात्रि बसहरू हुइँकिइरहेका छन् । पाँचसात वर्षपछि पहिलोपटक मध्यरातमा रातिका विवाह, सांस्कृतिक उत्सव हुन थालेका छन् ।**



**रातको बाह्र** बज्दै थियो, बजारको बीच भागमा रंगीचंगी बत्ती चम्किँदै थिए, सबैको मन तान्दै चर्को आवाजमा बाजा घन्किँदै थिए । जन्तीहरू उत्साहले नाच्दै थिए, भित्र मण्डपमा बेहुला समीर र बेहुली अमिरा विवाहको पूजा गर्दै थिए ।

गएको आइतवार भैरहवाको बीच भागमा एकाएक यस्तो दृश्य देखियो, जुन दृश्य भैरहवावासीका लागि केही वर्षयता दुर्लभ र आश्चर्यजनक थियो । झन्डै पाँच वर्षपछि भैरहवा, बुटवलजस्ता सहरमा रातिमा यस्ता दृश्य ठ्याम्मै देखिन छाडेका थिए । किनभने कर्फ्युका कारण हिँडडुल मात्र होइन, सांस्कृतिक गतिविधि पनि पूरै प्रभावित भएका थिए । रातिका विवाह त झन् हुनै छाडेका थिए ।

वर्षौंदेखि जारी लगातारको कर्फ्यु हटेलगत्तै भैरहवामा यस्तो रातिको विवाह भएको थियो, जसलाई झट्ट पत्याउन गाह्रो लाग्थ्यो । रूपन्देहीमा विगत तीन वर्षदेखि कर्फ्यु लाग्दै आएको थियो । त्यसको झन्डै दुई वर्ष अघिदेखि नै रातिका गतिविधि गर्न बन्देज लगाइँदै आएको थियो ।

ऐतिहासिक जनआन्दोलनले उचाइ हासिल गरेका केही दिनपछि गत साता रूपन्देहीमा तीन वर्षदेखि अविच्छिन्न जारी कर्फ्यु हटाइएको थियो । कर्फ्यु हटेपछि जनतामा हाइसन्चो महसुस भएको छ । यसको पहिलो उत्साहको दृश्य भैरहवामा त्यस्तो विवाहमा देखिएको थियो । त्यसपछि भैरहवामै दुईचारवटा रातिका बिहे भएका छन् । एक सातादेखि अन्यत्र पनि यस्तो क्रम ह्वात्तै बढेको छ ।

आन्दोलनले एउटा परिणाम हासिल गरेर सरकार-माओवादी दुवैले युद्धविराम गरेपछि एक सातादेखि राजधानीबाहिरका प्रायः जिल्लामा कर्फ्यु हटाइएको छ, जहाँ विगत आठदस वर्षदेखि निरन्तर 'शान्ति सुरक्षा'का लागि भन्दै कर्फ्यु लगाइँदै आएको थियो ।

कर्फ्यु हटाउन थालिएपछि जनताले निकै राहत महसुस गरेका छन् र अन्य क्रियाकलापका साथै ठप्प भएका संस्कृति र परम्परा पुनः जोड्न थालेका छन् । आन्दोलनको बलले प्रतिनिधिसभा पुनःस्थापना भएलगत्तै सबै जिल्लामा कर्फ्यु हटाइएको छ ।

राजधानी काठमाडौंमा रात्रिजीवन एकाध रातबाहेक निरन्तर भए पनि माओवादी सशस्त्र विद्रोह सुरु भएका केही वर्षदेखि नै राजधानीबाहिरका प्रायः जिल्लामा कर्फ्युले जनजीवन तहसनहस बनेको थियो, जहाँका बासिन्दा सम्साँझैदेखि नजरबन्द जस्तै थिए । साँझ नपर्दै लाग्ने कर्फ्युले संस्कृति, परम्परा, हिँडडुल, रहनसहन सबै क्षेत्रमा पूर्ण प्रभाव परेको थियो । कतिसम्म भने रातमा विवाह गर्ने परम्परा भएका समुदायमा त्यस्तो परम्परा रोकिएको थियो, रातमा हुने उत्सवहरू ठप्प भएका थिए । जंगलहरूमा समेत कर्फ्यु लाग्नाले खाना पकाउने दाउराको समेत संकट हुँदै गएको थियो ।

वर्षौंदेखि कर्फ्युको यातना झेलेका बुटवल निवासी रूपकिशोर पौडेल भन्छन्, 'वास्तवमा कर्फ्युले त अपांगजस्तै बनाएको थियो, कर्फ्युको यातनाले जीवनशैली नै पूरै बदलिएको थियो ।' उनको भनाइमा साँच्चिकै शान्ति सुरक्षा कायम भएको हेर्न बाँकी भए पनि कर्फ्यु हट्दा मात्र पनि निकै राहत महसुस भएको छ ।

सुरक्षा निकायले माओवादी विद्रोहीलाई नियन्त्रण गर्ने नाममा जहिले पनि, जहाँ पनि कर्फ्यु लगाउने र चेकिङ गर्ने प्रवृत्तिले जनतालाई आजित पारेको थियो । कर्फ्यु त के माओवादी नियन्त्रणका नाममा प्रशासनले ठाउँठाउँका मोटरसाइकलमा दुईजना चढ्नसमेत बन्देज लगाउँदै आएको थियो, तर सुरक्षाकर्मीले दाबी गरेझैं शान्ति सुरक्षामा कुनै प्रगति भएको थिएन, बरु झन् झन् असामान्य अवस्था बन्दै गएको थियो ।

कर्फ्यु हटेलगत्तै लामो दूरीमा सडकहरूमा रात्रिबसहरू पनि सञ्चालन हुन थालेका छन् । युद्ध चर्किँदै जाँदा ८-१० वर्षदेखि नै रात्रि यातायात सेवा प्रभावित भएका थिए, राजमार्गमै कर्फ्यु लाग्न थालेपछि त झन् त्यस्तो सेवा ठप्प नै भएको थियो ।

मुलुकमा सबभन्दा धेरै बस सञ्चालन गर्ने संस्था पश्चिम नेपाल बस व्यवसायी समितिका अध्यक्ष तुलसी बन्जाडे भन्छन्, रात्रि सेवा अवरुद्ध हुन थालेपछि करोडौंको नोक्सान भएको थियो । कर्फ्यु हटेपछि रात्रि सेवा सुचारु हुन थालेको छ ।'

व्यापारिक र यातायातको एक प्रमुख केन्द्र बुटवलमा तीन वर्षदेखि कर्फ्यु जारी हुँदा पूर्वपश्चिम र लामो दूरीमा रात्रि बसहरू आवतजावतमा पूर्ण अवरोध उत्पन्न भएको थियो । बुटवल र भैरहवामा ०६० सालदेखि निरन्तर कर्फ्यु लाग्दै आएको थियो । माओवादीले बुटवल आक्रमण गरेपछि चैत २५ पछि त सम्साँझैदेखि कर्फ्यु लगाउन थालिएको थियो भने आन्दोलनले उग्र रूप लिँदा दिउँसै पनि । उता दाङ, अर्घाखाँची, लगायतका जिल्लामा त झन् त्यस अघिदेखि नै निरन्तर कर्फ्यु लगाइँदै आएको थियो, जहाँ कहिलेकाहीं दसैंमा मात्र कर्फ्यु हटाउने गरिएको थियो ।

वर्षौंदेखि शान्ति सुरक्षाका लागि भन्दै लगाइएको कर्फ्यु एक सातादेखि किन हटाइयो त ? अधिकारीहरूको एउटै जवाफ छ, शान्ति सुरक्षाको अवस्था सुदृढ भयो, अब कर्फ्यु आवश्यक छैन । रूपन्देहीका प्रमुख जिल्ला अधिकारी गंगादत्त अवस्थी भन्छन्, शान्ति सुरक्षाको अवस्था धेरै राम्रो भयो, जनताका दिन फिरे, निर्धक्क भएर हिँडडुल गर्न पाउने भए ।'

तर माओवादीका पछिल्ला खुला गतिविधिप्रति इंगित गर्दै उनले भने, फाट्टफुट्ट जुलुस आमसभा मात्रै हुने गरेका छन्, हामीले संयमतापूर्वक हेरेका छौं, हतियार र सैन्यपोसाकमा उनीहरू नहिँडिदिए राम्रो हुन्थ्यो ।'

एउटा राजनीतिक परिवर्तनलगत्तै के ती अधिकारीहरूले भनेझैं एकाएक सुरक्षा सुदृढ भयो त ? सुरुका एकाध दिनबाटै त्यसको पुष्टि गर्न भने गाह्रो छ ।

■ **दीपक ज्ञवाली/बुटवल** (तस्वीर पनि)

# बढे रात्रि यात्रु

**राजा ज्ञानेन्द्रले शासनसत्ता** आफ्नो हातमा लिएको १५ महिनापछि जनआन्दोलनको बलमा प्रतिनिधिसभा पुनःस्थापना भएपछि यातायात व्यवसायी र यात्रुहरूले समेत राहत पाएका छन् । सुरक्षाको नाममा छोटो दूरीका यातायातमा समेत सुरक्षाकर्मीहरूले सुरक्षाजाँच गरेर घन्टौं समय लगाउँदै आएको थियो । यसको प्रत्यक्ष मारमा परेर यात्रुले सास्ती भोग्दै आएका थिए । त्यसमाथि पनि प्रत्येक जिल्ला सदरमुकाम र बजार क्षेत्रमा सरकारले रातभरि कर्फ्यु लगाउने गरेकाले रात्रि यातायात त ठप्पै थियो । १५ महिनासम्म यो सास्ती भोग्दै आएका यात्रु र बस संचालकहरूले गत सातादेखि सरकारले जिल्ला सदरमुकाममा लगाउँदै आएको कर्फ्यु हटाएपछि भने राहत महसुस गरेका छन् ।

कतिपय रात्रि यातायात १५ महिनापछि अहिले संचालनमा ल्याइएको छ । दर्जनौं ठाउँमा सुरक्षाजाँच हुँदा छोटो दूरीको यात्रा गर्ने यात्रुहरू समेत साविकभन्दा घन्टौं लामो समय लगाएर यात्रा गर्न विवश थिए । पृथ्वी राजमार्ग बस व्यवसायी समितिका कृष्णहरि अर्याल भन्छन्, 'यात्रु र बस व्यवसायी दुवैले ठूलो दुःख मोलेर यात्रा गर्नु पर्थ्यो, तर अहिले भने राजमार्गमा सुरक्षाजाँचको नाममा कुनै अवरोध छैन ।' काठमाडौंदेखि पोखरासम्म जाँदा एक दर्जन ठाउँमा सुरक्षाजाँच हुँदै आएको थियो, तर अहिले कतै पनि जाँच हुँदैन । उता सुरक्षा अवस्था सामान्य भएपछि रात्रि यातायात संचालन हुँदा दिनमा राजमार्गमा हुने सवारीसाधनको चाप पनि घटेको छ भने यात्रुहरूले पनि सहजरूपमा यात्रा गर्न पाएका छन् ।

माओवादी र सरकार दुवैले युद्धविराम घोषणा गरेर वार्ताको लागि आह्वान गरेपछि भने झनै यातायात व्यवसायी र यात्रुहरूले थप राहत अनुभूति गरेका छन् । माओवादीले पटक पटक सर्वसाधारण मानिसहरू यात्रारत सवारीसाधनलाई एम्बुसमा पार्नेजस्ता कार्य गर्दै आएका थिए । अहिले भने त्यो जोखिमबाट समेत यातायात व्यवसायी र यात्रुहरूले राहत पाएका छन् । माओवादी र सुरक्षाकर्मीबाट हुने सम्भावित खतराबाट त तुलनात्मकरूपमा जोखिम कम भएको छ, तर यो अवधिमा लुटेराहरू भने जाग्न थालेका छन् । गत साता पश्चिम नेपाल बस व्यवसायी समितिका दुईवटा बस मुग्लिन-नारायणगढ खण्डमा लुटिएका छन् । पश्चिम नेपाल बस व्यवसायी संघका रामप्रसाद ज्ञवालीका अनुसार दुईवटा गाडीमा हतियार देखाएर लुटेराहरूले यात्रुको गरगहना, पैसा र सरसामान समेत लुटेका छन् ।

राजाको १५ महिने शासन कालमा माओवादी र सुरक्षाकर्मी दुवैको चेपुवामा परेका यातायात व्यवसायीहरूले अहिले भने स्वतन्त्रताको श्वास फेरेको बताएका छन् । रात्रि बस संचालन भएको एक सातामै तीस प्रतिशत यात्रुको संख्या बढेको ज्ञवाली बताउँछन् । यात्रा गरेपछि गन्तव्यमा नपुगेसम्म पुग्ने नपुग्ने टुंगो नहुने अवस्थामा पनि अहिले सुधार आएको छ । माओवादीले युद्धविराम गरेर वार्तामा बस्ने घोषणा गरेपछि व्यवसायीहरूमा यस्तो आशा पलाएको हो ।

### जुर्मुरायो रात्रि जीवन

राजाद्वारा खोसिएको जनअधिकार फिर्ता गरेर प्रतिनिधिसभा पुनःस्थापना भएपछि भने राजधानीको अवस्था सामान्य हुँदै गएको छ । सात दलको नेतृत्वमा सरकार गठन भएर माओवादीसँग वार्ता गर्ने घोषणा भएपछि त मुलुककै जनजीवनमा सकारात्मक प्रभाव परेको छ ।

काठमाडौंका राति संचालन हुने रेस्टुराँ, डिस्को थेक र क्यासिनोहरूमा अहिले सकारात्मक प्रभाव देखिन थालेका छन् । राजाको प्रत्यक्ष शासनकालमा सुरक्षाको नाममा सरकारले गरेको कडा निगरानीमा स्वतन्त्ररूपमा व्यवसाय संचालन गर्न नपाएका व्यापारीहरू अहिले ग्राहक वृद्धि भएको बताउँछन् । फ्युजन बारका विसन राई भन्छन्, 'अहिले बारको अफ सिजन भए पनि ग्राहकहरू केही बढेका छन् ।'

सात दलको गठबन्धन सरकार गठन भएर माओवादी र सरकार दुवै पक्षले युद्धविरामको घोषणा गरेपछि झनै काठमाडौंको रात्रि जीवन थप रंगीन हुँदै गएको छ । डिस्को थेकहरूमा मानिसको भीड लाग्न थालेको छ भने दोहोरी रेस्टुराँहरू खचाखच भरिन थालेका छन् ।

■ **गोविन्द परियार/काठमाडौं**


**रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**




**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो । हरेक बिहान (६:००-७:१५)

**हालचाल**

ताजा खबर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**

**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज
बखुण्डोल, ललितपुर
फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org






# ढाडै सेक्ने !

■ **गोविन्द परियार/काठमाडौं**

**एक दशकयता** स्वास्थ्य क्षेत्रले फड्को मारेको भनिए पनि अझै बर्सेनि हजारौं बालबालिका कुपोषण र हजारौं आमा प्रसूति समस्याले मृत्युको सिकार भइरहेका छन् । मुलुकले 'टेस्ट्युब प्रविधि'बाट दुई दर्जन बच्चा जन्माइसके पनि हजारौं शिशु र आमा गर्भावस्थामा आवश्यक पर्ने स्वास्थ्य सेवा नपाएर मर्ने गरेका छन् । मुलुकको ठूलो जनसंख्या अझै पनि समयोचित स्वास्थ्य सेवा पाउन नसकी अकाल मृत्युको मुखमा धकेलिने गरेको छ । एकातिर सरकारले सन् २०१५ सम्म स्वास्थ्य सेवालाई सबैले सहजरूपमा उपभोग गर्न सक्ने स्थितिमा पुऱ्याउने नीति लिएको छ भने अर्कातर्फ स्वास्थ्य सेवामा व्यापारीकरणको प्रभाव र दक्ष जनशक्ति सीमित क्षेत्र र वर्गको सेवामा अल्मलिएको अवस्था छ । सबैभन्दा बढी वैदेशिक सहयोगप्राप्त भइरहेकोमध्येको स्वास्थ्य क्षेत्रमा अपेक्षित उपलब्धि हात नपरेको विज्ञहरू बताउँछन् ।

वर्तमान स्वास्थ्य नीतिकै कारण पनि सम्पन्नले मात्र स्वास्थ्योपचार गर्न पाउने अवस्था विकास हुँदै गएको छ । पाटन अस्पतालका वरिष्ठ चिकित्सक डा. अर्जुन कार्की यसलाई पुष्टि गर्दै भन्छन्, 'राज्यको स्वास्थ्यनीतिका कारण सार्वजनिक अस्पतालमा लगानी कम हुने र निजी अस्पताल फस्टाउँदै जाने हुँदा धनीले मात्र उपचार पाउने परिपाटी मौलाउँदै गएको छ ।' अधिकांश जनताको आर्थिक अवस्था स्वास्थ्योपचार गर्न नसक्ने भएको मुलुकमा खुला स्वास्थ्यनीतिले समग्र मुलुककै स्वास्थ्यस्थिति खस्किँदै गएको डा. कार्कीको विश्लेषण छ । पछिल्लो समयमा मुटुका रोगीको राम्रो उपचार सेवा उपलब्ध हुनु सकारात्मक संकेत हो, तर अझै पनि कुष्ठरोग लगायतका सामान्य प्रकृतिका रोगबाट मर्नेको संख्या धेरै छ । यसैगरी कतिपय सरकारी अस्पतालमा भएको दक्ष जनशक्तिसमेत सरकारीबाट निजीतर्फ स्थानान्तरण हुँदै गएको छ । यसलाई रोक्न सरकारको कुनै रणनीति छैन ।

## सेवा होइन व्यापार

सर्वसाधारणको पहुँचमा रहेका सरकारी अस्पतालहरू नाम मात्रका बन्दै गएका छन् । दक्ष जनशक्ति र प्रविधिहरू सरकारीबाट निजीतर्फ स्थानान्तरण हुँदै गएका छन् । मुलुकमै सबैभन्दा बढी लगानी गरिएको स्वास्थ्यमा अपेक्षाकृत प्रतिफल हात पर्न सकेको छैन । बहुसंख्यकको स्वास्थ्य र अन्य अवस्था हेरेर नीति बनाउने काम हुन सकेको छैन । डा. कार्की भन्छन्, 'नेपालको स्वास्थ्यनीतिले वर्गीय विभेद बढाउँदै गएको छ । मुलुकको ठूलो समूहलाई उपेक्षा गरेर सानो समूहको पहुँचमा अस्पतालहरू अगाडि बढिरहेका छन् ।'

सरकारी कर्मचारीको ढिलासुस्ती, आलेटालेपन लगायतका प्रवृत्तिले गर्दा गरिब जनता ऋणमै डुबेर भए पनि निजी अस्पतालतर्फ आकर्षित हुन थालेका छन्, तर निजी अस्पतालहरू सेवामुखीभन्दा पनि नाफामुखी भएका कारण जनताले खर्च गरेअनुरूपको उपचार पाएका छैनन् ।

उता सरकारले निजी अस्पताल तथा स्वास्थ्य सेवाप्रदायक संस्थाहरूले उपचारबापत लिने अधिकतम सेवा शुल्क नतोकेकाले निजी अस्पतालहरूले विरामीबाट मनपरी सेवा शुल्क लिने गरेका छन् । सरकारी अस्पतालले लिनेभन्दा दसौं गुना बढी शुल्क निजी अस्पतालहरूले लिने गरेका छन् । निजी अस्पतालहरूले कुन सेवा दिएबापत कति शुल्क लिने भन्ने मापदण्ड नै बनाएका छैनन् । यसले गर्दा निजी अस्पतालहरूमा मनपरी पैसा असुल्ने परिपाटी हावी भएको हो । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का सदस्यसचिव डा. शंकरप्रताप सिंह भन्छन्, 'स्वास्थ्य क्षेत्रका लागि नियन्त्रित संयन्त्र सरकारसँग हुनै पर्छ, नत्र त्यसले नकारात्मक असर पार्छ ।' स्वास्थ्यजस्तो मानवीय जीवनसँग गाँसिएको सेवामा मौलाउँदै गएका यस्ता विकृतिले स्वास्थ्य सेवाको अवस्था अझ खस्किने विज्ञहरूले बताएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका एक उच्च अधिकारी निजी अस्पतालहरूले विरामीको सेवाबापत लिने न्यूनतम र अधिकतम शुल्क तोक्नु पर्ने आवश्यकता मन्त्रालयलाई पनि खड्किएकाले छिटै सेवा शुल्क आचारसंहिता जारी गर्ने तयारी भइरहेको जानकारी दिन्छन् ।

चिकित्सकहरूमा समेत सेवामुखीभन्दा व्यापारमुखी भावना विकास हुँदै गएको छ । चिकित्सा अध्ययन गर्न लाखौं रुपैयाँ खर्च गर्नु पर्ने भएकाले चिकित्सक व्यापारी बन्ने प्रवृत्ति बढेको छ । डा. सिंह भन्छन्, 'चिकित्सकहरूमा सेवा गर्नेभन्दा कमाउने प्रवृत्ति बढेको छ । यस्तो प्रवृत्ति चिकित्सा पेसाकै चुनौतीका रूपमा देखिएको छ ।' चिकित्सकलाई सेवामुखी बनाउन चिकित्सा अध्ययनको पाठ्यक्रममा सुधार गरेर सेवामूलक बनाउन विज्ञहरूले सुझाव दिएका छन् । डा. कार्की भन्छन्, 'चिकित्साशास्त्र अध्ययनको अहिलेको पाठ्यक्रम सुधार गरेर ४ वर्षको अवधिमा उसलाई पूर्णरूपमा समाजसेवी बनाउने वातावरण मेडिकल कलेजहरूले नै तयार गर्नु पर्छ ।'

## खुलेआम खेलवाड

हाम्रो स्वास्थ्यनीति प्रभावकारी नभएकाले





विदेशीहरूले नेपाली भूमिलाई नयाँ औषधी परीक्षण गर्ने थलोका रूपमा प्रयोग गर्दै आएको रहस्य खुलेको छ। स्वास्थ्य अनुसन्धान परिषद्का एक उच्चअधिकारीका अनुसार नेपाल घुम्न आएका विदेशी पर्यटकहरूले पदयात्राका नाउँमा नेपालीलाई भारी बोकाएर लैजाने र नयाँ औषधी तथा भ्याक्सिनको परीक्षण गर्ने गरेका घटना पाइएका छन्, जुन अन्तर्राष्ट्रिय कानुनको ठाडो उल्लंघन हो। नयाँ औषधी वा स्वास्थ्यसँग सरोकार राख्ने अन्य वस्तु परीक्षण गर्दा विरामीसँग लिखित मन्जुरीनामा लिएर मात्र गर्नु पर्ने अन्तर्राष्ट्रिय व्यवस्था छ। कुनै पनि विदेशी नागरिकले यस्तो परीक्षण गर्दा सम्बन्धित राष्ट्र र विरामीको लिखित अनुमति लिनु पर्छ। यस्ता परीक्षणले जनस्वास्थ्यमा गम्भीर एवं दीर्घकालीन असर पार्न सक्छ। नेपाल स्वास्थ्य अनुसन्धान परिषद् अनुसन्धान शाखाका प्रमुख डा. राजेन्द्रकुमार बिसी भन्छन्, 'विदेशीहरूले गैरकानुनी रूपमा मानव रगत तान्ने, औषधीहरू दिने र केही समयपछि त्यसको प्रतिक्रिया हेर्न आउने जस्ता परिपाटी खुलेआम हुने गरेका छन्।' यसको तत्काल असर नदेखिए पनि लामो समयपछि ठूला असरसमेत पर्ने सम्भावना हुन्छन्।

विभिन्न देशबाट प्रकाशन हुने मेडिकल जर्नलहरूमा नेपाली भू-भाग र नेपालीबारे गरिएको अनुसन्धान भन्दै थुप्रै रिपोर्ट प्रकाशन गरिएका छन्। सरकारले भने स्वास्थ्य क्षेत्रमा अनुसन्धान गर्ने उद्देश्यले विदेशी अनुसन्धाताहरू नेपाल आएको कुनै रेकर्ड नभएको बताएको छ। यी प्रकाशनहरूले नै 'नेपाल भ्रमण गर्ने उद्देश्यले आएर यस्ता कार्य गर्ने गरेको' पुष्टि भएको परिषद्का अधिकारी बताउँछन्। डा. बिसी भन्छन्, 'नेपालले आफ्नो आवाज अन्तर्राष्ट्रिय रूपमा प्रभावकारी तरिकाले पुऱ्याउन नसक्दा यो समस्या आएको हो।' उसो त नेपालकै अस्पतालहरूले पनि नयाँ औषधी तथा भ्याक्सिन परीक्षण गर्दा विरामीको सहमति लिने गरेका छैनन्, न कुनै आधिकारिक निकायबाटै अनुमति लिने गरेका छन्। अस्पताल आचारसंहितामा नयाँ औषधी वा कुनै पनि नयाँ परीक्षण गर्दा विरामीलाई जानकारी गराएर सहमतिपछि मात्र परीक्षण गर्ने व्यवस्था छ, तर अधिकांश डाक्टरको व्यक्तिगत पहलमा अनुसन्धान हुने र यसबारे अस्पताल व्यवस्थापनसमेत बेखवर रहने गरेको पाइन्छ।

| सूचकांकहरू | सन् २००१ | सन् २००५ | कैफियत |
|---|---|---|---|
| कोरा जन्मदर | ३३.१ | ३०.६२ | प्रतिहजारमा |
| कोरा मृत्युदर | ९.६ | ८.९६ | प्रतिहजारमा |
| कुल प्रजनन्दर | ४.१ | ३.६ | प्रति महिलामा |
| शिशु मृत्युदर | ६४.४ | .. | |
| बाल मृत्युदर | ९१.२ | .. | |
| औसत आयु | ६०.४ | ६२.८ | |
| पुरुष औसत आयु | ६०.१ | ६२.३ | |
| महिला औसत आयु | ६०.७ | ६३.१ | |
| एचआइभी | ३२४ | १,२३४ | |
| एड्स | ८५ | १११ | मृत्यु २८६ |
| स्वास्थ्य संस्थामा पहुँच | ३८.६% | ३८.१% | कुल जनसंख्यामा |
| **खोप (प्रयोग अनुपात)** | **२०५९/६०** | **२०६०/६१** | **२०६१/६२** |
| बिसिजी | ९७% | ९६% | ९२% |
| डिपिटी | ८६% | ९०% | ८०% |
| पोलियो | ८४% | ९०% | ८३% |
| हेपाटाइटिस | ... | ... | ५६% |

*स्रोत : नेसनल इन्स्टिच्युट अफ न्युरोलोजिकल एन्ड एलाइड साइन्सेज*

## धनी पछ्याउँदै

'नेपालले धनी देशहरूको स्वास्थ्य नीति पछ्याउनु हुँदैन किनभने त्यो त्यहाँ पनि उचित मानिएको छैन', एक विदेशी स्वास्थ्यविज्ञ बताउँछन्। स्वास्थ्य सेवा र सुविधामा सुधार गर्न सबैको पहुँच हुने आधारभूत स्वास्थ्य सेवामा ध्यान केन्द्रित गर्नु पर्ने उनको तर्क छ। ठूल्ठूला स्वास्थ्य सुविधा पाएकोमा नेपालको सहरी मध्यमवर्ग खुसी छ, तर विकसित मुलुकमा भएका अध्ययनले के देखाएका छन् भने औषधोपचारले मात्रै मानिसलाई स्वस्थ राख्दैन। आजभोलि सरकारी स्वास्थ्य सुविधालाई खास रोगहरूमा विशिष्टीकरण गरिएको छ- विपी कोइराला इन्स्टिच्युट फर अप्थाल्मिक केयर, सहिद गंगालाल हर्ट सेन्टर, गणेशमान सिंह इएनटी हस्पिटल आदि। बढी खर्च गराउने निजी नर्सिङ होम, अस्पताल, अनुसन्धान केन्द्र र मेडिकल कलेजहरू त्यत्तिकै छन्, तर धनी देशमा हुने प्रत्येक १० मृत्युमध्ये एउटा औषधोपचारकै कारण हुने गरेको तथ्यांकले यस्तो सेवा पनि सहज हुन नसक्ने देखाएको छ। गरिब मुलुकहरूमा पनि उपचारका क्रममा हुने लापर्वाहीका कारण स्वस्थ्य मानिसको ज्यान गुमेका घटना प्रशस्तै छन्। अझ नेपालमा औषधी खरिदबिक्रीमा हुने गरेका अस्वस्थ प्रतिस्पर्धा र लापर्वाहीले पनि त्यही कुरा बढाइरहेका छन्। अस्पतालको संख्यामा वृद्धि गर्नु र औषधीको प्रयागले मात्रै स्वास्थ्य अवस्थामा सुधार गर्दैन। तिनको गुणस्तरमाथिको अनुगमन र सर्वसाधारणको पहुँच मुख्य चासो हो।

सरकारले प्रत्येक गाविसमा कमसेकम एउटा उपस्वास्थ्य चौकी पुऱ्याएको छ, तर अझै पनि सर्वसाधारणको पहुँच स्वास्थ्य सेवामा पुग्न सकेको छैन। स्वास्थ्यमा सर्वसाधारणको पहुँच कायम गर्न सकिएन भने त्यसले मुलुकको स्वास्थ्य अवस्थामा सुधार गर्न सकिँदैन, तर राम्रो स्वास्थ्य सामाजिक र आर्थिक न्यायबाटै हासिल हुन्छ, खर्चिलो र परिष्कृत औषधोपचारको पद्धतिबाट मात्र होइन।

असमान स्थितिमा सुधार गरेर स्वास्थ्य सेवामा सुधार ल्याउन सकिन्छ भन्ने उदाहरण जापानले पेस गरेको छ। सन् १९५० मा जापान वर्तमान अमेरिकाभन्दा कम स्वास्थ्य सुविधा भएको देशमा गनिन्थ्यो, तर त्यसको २८ वर्षमै संसारको सबभन्दा राम्रो स्वास्थ्य सेवा भएको देश बन्यो। उता, शक्तिशाली अमेरिका धनी देशहरूमध्ये स्वास्थ्य सेवाका दृष्टिले सबभन्दा कमजोर देश बनेको छ। जापानले उच्च धुम्रपान दरलगायत थुप्रै हानिकारक व्यक्तिगत बानीव्यहोरा हुँदाहुँदै पनि यो उपलब्धि हासिल गरेको हो। दोस्रो विश्वयुद्धपछि जापानलाई सेना राख्न नदिइएका कारणले यो सम्भव भएको हो।

काठमाडौं मोडल अस्पतालका चिकित्सक डा. सरोज धिताल भन्छन्, 'सामुदायिक स्वास्थ्य नीतिले मात्रै नेपालको स्वास्थ्य सेवालाई जनताको पहुँचमा पुऱ्याउँछ।' संसारमै सबभन्दा नराम्रोमध्ये गन्न सकिने सुदूरपश्चिमका पहाडी जिल्लाहरूको स्वास्थ्यस्थिति सुधार्न त्यहाँको खाद्यान्न अभाव हटाउनु पर्दछ। यी जिल्लाको औसत आयु ४८ वर्षमात्रै छ। अनुदानको खाद्यान्न र कल्याणकारी कार्यक्रमले मात्र यो असमानता घटाउन सक्ला ? तसर्थ नेपालले आफ्नै प्रकारको स्वास्थ्योपचारको संरचना निर्माण गर्नु पर्छ, तर सामुदायिक स्वास्थ्यको लागि समतामूलक समाज हुनु आवश्यक छ।

## लक्ष्य प्राप्तिको बाटो

नेपालको स्वास्थ्यनीतिमा कायम रहेका विकृतिहरूले सहश्राब्दी विकास लक्ष्यलाई ओझेलमा पारेका छन्। स्वास्थ्य क्षेत्रमा कायम नीति र गतिलाई सुधार नगरेसम्म सहश्राब्दी विकास लक्ष्य प्राप्ति हुन नसक्ने विज्ञहरू बताउँछन्। डा. कार्की भन्छन्, 'मुलुकको समग्र स्वास्थ्यको गन्तव्य नै हुनेखाने वर्गतर्फ मेडिएको अहिलेको अवस्थामा सहश्राब्दी विकासको लक्ष्य पूरा हुन सक्दैन।' मातृ मृत्युदर, बाल मृत्युदरलगायतका महामारी रोगबाट मृत्यु हुने अनुपात घटाउन सर्वसाधारण जनताको पहुँचमा स्वास्थ्य सेवा हुनु पर्छ। जबसम्म स्वास्थ्य क्षेत्रमा देखिएका निजीकरण र व्यापारीकरणको अन्त्य गरेर सेवामूलक मूलधारको निर्माण हुँदैन तबसम्म सहश्राब्दी विकास लक्ष्यको कुनै औचित्य हुँदैन। तसर्थ अहिलेको परिपाटीमा सुधार गरेर मात्र यस्ता लक्ष्य सार्थक हुन सक्छन्।

विकास लक्ष्यले प्रत्येक वर्ष पाँच वर्षभन्दा कम उमेरका बालबालिकाहरूको मृत्यु संख्या २:३ को अनुपातले घटाउने लक्ष्य लिएको छ, तर अहिलेसम्म यो अनुपातमा बाल मृत्युदर पुग्न सकेको छैन। उता विश्वमै प्राणघातक महामारीको रूपमा रहेको एचआइभी एड्सको संक्रमण सन् २०१५ सम्म रोक्ने लक्ष्य लिएको भए पनि प्रत्येक



तस्वीरहरू : तेजबहादुर बस्नेत

▲ सरकारी नीतिकै कारण निजी अस्पतालहरू प्रोत्साहित भइरहेका छन्

वर्ष संक्रमण बढ्दो छ। औलोलगायतका सरुवा रोग फैलनबाट रोक्ने लक्ष्य पनि सपना मात्र भएको छ। अझै पनि नेपालमा हजारौंको संख्यामा औलो, क्षयरोगजस्ता सरुवा रोगबाट मर्ने गरेका छन्। आधारभूत स्वास्थ्य सेवा पाउन नसकेको दुर्गम क्षेत्रका जनतालाई विकास लक्ष्यले सपना मात्र बाँडेको विज्ञहरू बताउँछन्। आधारभूत स्वास्थ्य सेवा सबै जनताको पहुँचमा नभएसम्म समग्र स्वास्थ्य अवस्थामा सुधार गर्न नसकिने विज्ञहरूको ठहर छ।

त्यसो त अधिकांश मेडिकल उपकरणहरूको उत्पादनमा समेत विश्वमै एउटै कम्पनीको वर्चस्व छ। यस्ता अत्यावश्यक वस्तु उत्पादन गर्ने कम्पनीहरूले नयाँ कम्पनीलाई प्रवेश नै नदिने संरचना तयार गरेका छन्। जसले गर्दा अमेरिकी विरामीको उपचारमा लागेको खर्चभन्दा नेपाली विरामीको उपचारमा प्रयोग भएको उपकरणको मूल्य तुलनात्मकरूपमा महँगो पर्छ जब कि प्रतिव्यक्ति आय हेर्ने हो भने नेपाल र अमेरिकाबीच व्यापक अन्तर छ। काठमाडौं मोडल अस्पतालका प्रवक्ता डा. शम्भु उपाध्याय भन्छन्, 'विरामी उपचारका साधारण उपकरणदेखि औषधीहरूमा समेत केही निश्चित कम्पनीको विश्वभर मनोपोली भएकाले गर्दा नेपालजस्तो मुलुकलाई ठूलो असर पारेको छ।'

## वातावरणीय प्रभाव मूल्यांकन खै ?

२५ शय्याभन्दा बढी क्षमताका अस्पतालहरूले अनिवार्य वातावरणीय प्रभाव मूल्यांकन (इन्भारमेन्टल इम्प्याक्ट एसेस्मेन्ट) गर्नु पर्ने नीति छ, तर अधिकांश अस्पताल निर्माण गरिँदा यो प्रक्रिया पूरा गरिएको छैन। अस्पताल संचालन गर्न सरकारसँग अनुमति लिनुअगाडि वातावरणीय प्रभाव मूल्यांकन गर्नु पर्ने र सो मूल्यांकन हेरेर मात्र सम्बन्धित निकायले अस्पताल संचालनको लागि अनुमति दिने व्यवस्था वातावरण संरक्षण ऐन, २०५३ ले गरेको छ। न त ती अस्पतालले स्वास्थ्यमा प्रत्यक्ष एवं दीर्घकालीन असरबाट बचाउने र गर्नै पर्ने मापदण्ड नै पूरा गरेका छन्। बरु त्यसका संचालकहरू फस्टाउने मात्र गरेका छन्। यसका बलिया उदाहरण काठमाडौंका ॐ नर्सिङ होम तथा रिसर्च सेन्टर, मेडिकेयर, नर्भिक लगायतका अस्पतालहरू छन्। यिनीहरूले सरकारसँग अस्पताल संचालन गर्ने स्वीकृति लिँदा वातावरणीय प्रभाव मूल्यांकन गर्ने लिखित सम्झौता गरे पनि संचालनको वर्षौं बितिसक्दा समेत त्यतातर्फ ध्यान दिएका छैनन्। यो मूल्यांकन नगर्दा अस्पताल क्षेत्रवरपरका बासिन्दाले तत्कालीन र दीर्घकालीन प्रतिकूलताको सामना गर्नु पर्ने हुन्छ। डा. कार्की भन्छन्, 'दीर्घकालीन असरमा भन्दा पनि तत्कालको समाधानतर्फ स्वास्थ्यनीति अगाडि बढेका कारण भविष्यमा त्यसले ठूलो असर पुऱ्याउनेछ।' स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रमा भएको यस्ता लापर्वाहीले भविष्यमा देशको स्वास्थ्यनीति नै प्रत्युत्पादक हुन सक्ने आशंका विज्ञहरूले गरेका छन्। ऐनको दफा १८ ले वातावरणीय प्रभाव मूल्यांकनविपरीत कुनै कार्य गरेमा तोकिएका अधिकारीले त्यस्तो कार्य (अस्पताल) तुरुन्त बन्द गराउन सक्नेछ र त्यस्तो कार्य कुनै व्यक्ति वा संस्थाले गरेको भए निजलाई कसुरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था गरेको छ।

विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयका वातावरणीय प्रभाव मूल्यांकन शाखाका प्रमुख बटुकृष्ण उप्रेती भन्छन्, 'ऐन कानुनको पालना गर्ने दायित्व बोकेका अस्पतालहरू अहिले यसमा सचेत देखिएका छैनन्, तर सम्बन्धित निकायले यसको अनुगमन गरेर कारबाही गर्ने संयन्त्र तयार गर्नु पर्छ।' उप्रेतीका अनुसार काठमाडौंका दुईवटा अस्पतालले मात्र वातावरणीय प्रभाव मूल्यांकनबाट निर्धारण भएअनुरूप कार्य गरेका छन्। तीलगंगा आँखा अस्पताल र डा. उपेन्द्र देवकोटाद्वारा बाँसबारीमा सञ्चालित नशा अस्पतालबाहेकले अझै इआइए गरेका छैनन्। वातावरणीय प्रभाव मूल्यांकन गर्दा अस्पताल संचालनको लागि एम्बुलेन्स, पार्किङ, फोहोर प्रशोधन, अस्पतालको कुल क्षेत्रलगायतका क्षेत्रमा विशेष मापदण्ड हेरिनु पर्ने व्यवस्था गरेको छ। उता स्वास्थ्य मन्त्रालयले अस्पताल संचालनका लागि बनाएको आचारसंहिताको समेत कतिपय अस्पतालमा कार्यान्वयन भएको छैन। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयकी प्रमुख जनस्वास्थ्य प्रशासक डा. सरोजकुमार 'राजेन्द्र' भन्छिन्, 'अस्पतालहरूले आचारसंहितामा भएका सामान्य बुँदाको समेत पालना नगरेकाले अब मन्त्रालयले कडा अनुगमन गर्नेछ।' ■



# शान्ति प्रक्रियामा अन्तर्राष्ट्रिय भूमिका व्यापक आधारको हुनसक्छ

**द्वन्द्वरत नेपालमा शान्ति अभियानमा नर्वेको सम्भावित संलग्नताबारे त्यहाँका अन्तर्राष्ट्रिय विकास मामिलामन्त्री एरिक सोल्हेमसँगको अन्तर्वार्ता । सोल्हेमले हालै नेपाल तथा भारतको भ्रमण गरेका थिए ।**

**तपाईंले हालै नेपाल भ्रमण गर्नु भयो । नेपाल दक्षिण एसियाको अर्को राष्ट्र हो, जहाँ एक दशक लामो माओवादी सशस्त्र द्वन्द्वका कारण १३ हजार मानिसको ज्यान गएको छ । नेपालको द्वन्द्व झन्डै श्रीलंकाको तमिल पृथकतावादीको जस्तै छ, जहाँ तपाई शान्ति प्रक्रियामा मुख्य मध्यस्थकर्ता भएर काम गर्दै हुनुहुन्छ । नेपालमा तपाईंले के पाउनु भयो ?**

नेपाली जनताको यो ऐतिहासिक घडीमा म नेपाली जनताप्रति ऐक्यबद्धता प्रकट गर्न चाहन्थेँ । जनआन्दोलनले नेपालका राजालाई प्रतिनिधिसभा पुनःस्थापना गर्न बाध्य पार्‍यो । नेपाली जनता प्रजातन्त्र र शान्ति चाहन्छन् र उनीहरूको साहसिक कार्यले मुलुकले त्यो हासिल गरेको छ । नेपालका राजनीतिक दल र माओवादी अब शान्ति प्रक्रियामा संलग्न हुन चाहन्छन्, स्थायी शान्ति वहाल गर्ने उद्देश्यका साथ । यो प्रयासमा अन्तर्राष्ट्रिय समुदायको पूर्ण समर्थन हुन आवश्यक छ ।

**काठमाडौंमा रहँदा तपाईंले नेपालमा शान्ति प्रक्रियाको निगरानी र प्रजातन्त्र सुदृढीकरणका लागि सम्भव भएसम्मको समर्थन दिने बताउनु भयो । नेपालका राजनीतिक दलहरू र राजासमेत भूमिगत माओवादीसँगको वार्तामा असफल भएका छन् । के नेपालमा कुनै किसिमको मध्यस्थकर्ताको भूमिका हुनपर्छ भन्ने माग छ ? के राजनीतिक दल र माओवादी दुवैले आग्रह गरेमा नर्वे मध्यस्थकर्ताको भूमिका खेल्न इच्छुक छ ?**

मेरो विचारमा नेपालीहरू कस्तो सहयोग चाहन्छन्, अन्तर्राष्ट्रिय समुदायले केही प्रतीक्षाका साथ हेर्नु उचित हुनेछ । नेपालका राजनीतिक दल र माओवादीलाई उनीहरू आफैले शान्ति प्रक्रिया कसरी अगाडि बढाउने भन्ने निर्णय गर्नुअघि नै अन्तर्राष्ट्रिय समुदायले आफ्नो सुझावको दबाबमा उनीहरूलाई पार्न हुँदैन ।

राजनीतिक दलहरूले शान्ति प्रक्रियाका स्वरूपबारे निर्णय गरेपछि उनीहरूले अन्तर्राष्ट्रिय समुदायसँग खास किसिमका सहयोग माग्नेछन्, मेरो अपेक्षा छ । अहिलेसम्म नेपालीले मध्यस्थकर्ताको आवश्यकता व्यक्त गरेका छैनन्, तर आगामी वार्ताका लागि 'बाह्य साक्षी'को आवश्यकता पर्नसक्ने उनीहरूले औंल्याएका छन् । अहिले नेपालीहरूले नै द्विपक्षीय वार्ताका लागि समय र भूमिका सुनिश्चित गर्नु नै ठूलो योगदान मानिनेछ । नेपालको विकासका लागि एकीकृत र निरन्तर सहयोग पुर्‍याउनेबारे उनीहरू सक्रिय हुनुपर्छ ।

**श्रीलंकाको शान्ति वार्तामा नजिकबाट संलग्न भएको र शान्ति वार्ता प्रारम्भ गरेको अनुभवका आधारमा नेपाल र श्रीलंकाको स्थितिमा कस्ता खाले समानता र भिन्नता छन् ?**

द्वन्द्वको तुलना गर्नु निकै कठिन काम हो । द्वन्द्वका आफ्नै खाले विशेषता हुन्छन् । श्रीलंकाको द्वन्द्व पृथकतावादी हो, त्यहाँ दुई भिन्न जाति, भाषा र धर्मबीचको द्वन्द्व छ । नेपालको द्वन्द्व निकै हदसम्म आर्थिक सामाजिक द्वन्द्व हो । नेपालको द्वन्द्वको जरामा ठूलो संख्याको सीमान्तकरण र गैरसमावेशीकरण छन् । नेपालीले प्रजातन्त्रको संस्थागत विकास गर्नुपर्छ, जसले त्यस्ता समूहका लागि राजनीतिक र आर्थिक रूपमा अवसर र दबाब सिर्जन गर्नेछन् ।

**नेपालमा राजाले शासन हातमा लिएपछि नर्वेले दिँदै आएका सहयोग बन्द गर्‍यो । त्रास र चासो मिश्रित यस्तो नीति धनी राष्ट्रहरूले किन अपनाउँछन् ? विकास बजेट रोक्दा त नेपालका गरिब जनता प्रभावित भए, हैन र ?**

हामीले नेपालसँगको सम्बन्ध सामान्य बनोस् भन्ने चाहेका छौं । यसो भन्नुको अर्थ हाम्रो विकास प्रयासलाई पुनःस्थापित गर्नुमात्र होइन, राजाले शासन हातमा लिनुअघिको अवस्थामा पुऱ्याउनु हो । नेपालका गरिब जनता माओवादी सशस्त्र द्वन्द्व र राजाको निरंकुश शासनमा प्रजातान्त्रिक व्यवस्थाको अभावमा नराम्ररी प्रभावित भएका छन् । राजाले शासन हातमा लिएपछि नर्वेले आफूले दिँदै आएको विकास सहयोगमा १० प्रतिशत कटौती गरेको हो । हामी धेरैजसो महत्त्वपूर्ण परियोजनाहरूमा जुटिरह्यौं ।

**तपाई आफैं वामपन्थी समाजवादी नेता हुनुहुन्छ, तपाईंले नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव माधवकुमार नेपालसँग के कुरामा छलफल गर्नुभयो ? आधुनिक युरोपमा चलिरहेको समाजवादी आन्दोलन र दक्षिण एसियाको त्यस्तै आन्दोलनमा कस्ता भिन्नता छन् । सबैजना त मार्क्स, लेनिन र माओका बिल्लाहरू आफ्ना कपडामा भिर्ने गर्छन् ?**

माधव नेपाल र मैले नेपालले अहिले भोगिरहेका चुनौती र सम्भावित उपायबारे छलफल गऱ्यौं । छलफलबाट नेपाल, दक्षिण एसिया र विश्वले भोगिरहेका चुनौतीमा समान सोच र अवधारणा पाएँ । मेरो विचारमा एसिया र युरोपमा मार्क्सका विचार अहिले पनि सान्दर्भिक छन् ।

**पत्रकार सम्मेलनमा तपाईंले नेपाल र श्रीलंकाको शान्ति प्रक्रियामा भारतको महत्त्वपूर्ण भूमिका रहेको बताउनु भयो । तपाईंलाई थाहा छ, भारतले त्यति रुचि देखाएको छैन, उसको अमेरिकासँगको रणनीतिक सम्बन्धका कारण पनि हुनसक्छ, जसले नेपालका माओवादी र तमिल विद्रोही दुवैलाई आफ्नो आतंकवादविरुद्धको अभियानअन्तर्गत राखेको छ । यस्तो अवस्थामा तपाई आफैले यी दुई मुलुकमा तटस्थ भूमिका खेल्नुको सट्टा किन भारतलाई सहभागी हुन आग्रह गरिरहनु भएको छ । भारतको चाहना नभएको अवस्थामा तपाईंको विचारमा यस क्षेत्रको शान्ति प्रक्रिया प्रभावकारी बनाउन कुन मुख्य अन्तर्राष्ट्रिय समुदायले भूमिका खेल्न सक्ला ?**

भारतले नेपाल र श्रीलंकाबारे चासो राख्दैन भन्नु सही हुनेछैन । आफ्नो सीमा क्षेत्रसँगै भइरहेका गतिविधिहरू भारतको सुरक्षा चासो पनि हो । भारत दुवै देशको वर्तमान अवस्थामा महत्त्वपूर्ण पक्ष हो । अन्तर्राष्ट्रिय संलग्नता महत्त्वपूर्ण छ र श्रीलंकामा नर्वेको सहयोगी प्रयासले युरोपेली संघ, अमेरिका र जापान 'अध्यक्ष'को समर्थन चाहन्छ । नेपालको शान्ति प्रक्रियामा कुनै पनि अन्तर्राष्ट्रिय भूमिका सम्भवतः व्यापक आधारको हुनेछ ।


**तपाई माओवादीलाई कस्तो मान्नुहुन्छ ? एउटा बन्दुकमा विश्वास गर्ने आतंकवादी जसले एलटिटीको जस्तै बालबालिका भर्ती गर्छन् वा संवेदनशील राजनीतिक संगठन जसलाई राजनीतिमा ल्याउनु पर्छ ?**


व्यापक प्रकृतिको टिप्पणी या चरित्र चित्रणले द्वन्द्व समाधानमा सहयोगी भूमिका खेल्दैन, तर के स्पष्ट छ भने नेपाल र श्रीलंका दुवै देशको द्वन्द्व साँच्चैको असन्तोषबाट उत्पत्ति भएका हुन् । ती असन्तोष राजनीतिक विद्रोहमा विकसित हुँदै अन्तमा सशस्त्र द्वन्द्वमा परिणत भए । हाम्रो लक्ष्य यी द्वन्द्व समाधानमा योगदान पुऱ्याउनु हो । द्वन्द्व समाधान गर्न हतियार लिएका र नलिएका दुवै खाले समूहलाई देश विकासमा सहभागी बनाउनु पर्छ ।

**तपाई न्युयोर्क जाँदै हुनुहुन्छ । के त्यहाँ तपाई संयुक्त राष्ट्रसंघका अधिकारीहरूलाई भेटनु हुन्छ ? यदि त्यस्तो हो भने नेपाल र श्रीलंका तपाईंका छलफलका विषय हुनेछन् ? के तपाई चाहनु हुन्छ, यी दुवै देशमा संयुक्त राष्ट्रसंघको सहभागिता अहिले भइरहेकोभन्दा अझ बढी हुनु पर्छ ?**

हामी नेपाल र श्रीलंकाको मामला र अन्य विषयमा नियमितरूपमा संयुक्त राष्ट्रसंघसँग छलफल गरिरहेका हुन्छौं, तर यसपटकको विषय भने दिगो विकास र उपयुक्त वातावरणको स्थापनासँग सरोकार राख्ने हुनेछन् ।

*(जर्मनीबाट प्रकाशित हुने 'डर स्पाइगेल' पत्रिकाकी दिल्लीस्थित प्रतिनिधि पद्मा रावलाई दिइएको अन्तर्वार्ताको नेपाली रुपान्तरण)*





तस्वीरहरू : भास्वर ओझा र तेजबहादुर बस्नेत

▲ घोषणाले अब प्रतिनिधिसभा सर्वशक्तिमान भएको छ

# सर्वशक्तिमान जनता

■ विशेष संवाददाता/काठमाडौं

**जनआन्दोलनको बलमा** पुनःस्थापित प्रतिनिधिसभाले पहिलो बैठकको २० दिनपछि 'प्रतिनिधिसभाको घोषणा-२०६३' पारित गरेको छ। जनआन्दोलनमा व्यक्त भावना सम्बोधन भएको यो घोषणा संविधान संशोधन जत्तिकै महत्त्वपूर्ण रहेको यसका बुँदाहरूले स्पष्ट पार्छन्। एघारबुँदे यो घोषणाले पहिलो पटक सेना राजाको नियन्त्रणबाहिर र संसद्को नियन्त्रणमा गएको छ भने यसअघि संसद्को अंग रहेका राजा त्यहाँबाट बाहिरिएका छन्। सेनाको परमाधिपति राजा रहने यसअघिको व्यवस्था यो घोषणाले खारेज गरेको छ भने राजदरवारको राजनीतिक महत्त्वाकांक्षा जगाउने राजपरिषद् सेवा पनि हटाएको छ। यो घोषणाले राजालाई औपचारिकरूपमा शक्तिविहीन बनाएको छ। यो घोषणापछि प्रधानमन्त्री, सभामुख र प्रतिनिधिसभा राज्य व्यवस्था समिति शक्तिशाली हुनेछन्।

यो घोषणाले संविधानसभा निर्वाचनसम्म प्रतिनिधिसभालाई सक्तिशाली बनाएको छ। विद्रोही माओवादी सम्मिलित हुने भनिएको अन्तरिम सरकार पनि प्रतिनिधिसभाबाट अनुमोदन हुनुपर्ने व्यवस्था छ, घोषणामा। संविधानसभाको मिति मात्र नभएर त्यसको प्रक्रिया तय गर्ने अधिकार पनि घोषणाले प्रतिनिधिसभालाई दिएको छ। राजनीतिक सम्मेलनबाट संविधानसभा निर्वाचन मिति र प्रक्रिया तोक्नुपर्ने माग गरिरहेका विद्रोही माओवादीले यो घोषणाप्रति कस्तो व्यवहार गर्नेछन् भन्ने हेर्न बाँकी छ।

सात दलका शीर्षस्थ नेताहरूको बैठकमा भएको विवादका कारण जेठ १ मा हुने निश्चित भएको यो घोषणा तीन दिन ढिलो भएको हो। नेपाली कांग्रेस (प्रजातान्त्रिक)का सभापति शेरबहादुर देउवाले सेनाको परमाधिपति राजा नै हुनुपर्ने धारणा सात दलका शीर्षस्थ नेताहरूको बैठकमा जेठ १ गते राखेको सार्वजनिक भएपछि मुलुकभरि नै त्यसविरुद्ध प्रदर्शन र आगजनी भएको थियो। सात दलका शीर्षस्थ नेताको बैठकमा भएको विवादकै कारण घोषणा प्रतिनिधिसभामा प्रस्तुत हुन विलम्ब भएको विरोधमा देशव्यापी प्रदर्शनको शृंखला सुरु हुने संकेत देखिएको थियो, तर सात दलका नेता र विवादमा परेका देउवाले सेना राजाको नियन्त्रणबाट हटाउने र जेठ ४ गते नै प्रतिनिधिसभाबाट घोषणा पारित गर्ने सार्वजनिक वाचा गरेपछि प्रदर्शनकारी शान्त भएका थिए। जेठ ३ गते मन्त्रिपरिषद्को बैठकले घोषणा पारित गरेपछि ४ गते प्रतिनिधिसभामा घोषणा प्रस्तुत गरिएको र छलफलपछि पारित भएको थियो।



# प्रतिनिधिसभाको घोषणा–२०६३

२०६२–२०६३ को जनआन्दोलनमा आम नेपाली जनताले देखाएको सहभागिता, बलिदान र उत्सर्गको लागि हार्दिक धन्यवाद दिँदै,

जनआन्दोलनमार्फत अभिव्यक्त नेपाली जनताले देखाएको राजनीतिक परिवर्तन र शान्तिको चाहनाप्रति उच्चसम्मान व्यक्त गर्दै,

स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न नेपालको राज्यशक्तिको स्रोत जनता रहेको र नेपाली जनताले केही समयअघि शान्तिपूर्ण जनआन्दोलनको माध्यमबाट विघटित प्रतिनिधिसभा पुनःस्थापित गरी संविधानसभामार्फत संवैधानिक परिवर्तन गर्ने इच्छा अभिव्यक्त गरेको र नेपाल राष्ट्रको अखण्डता, अविभाज्यता र राष्ट्रिय एकताप्रति सार्वभौम जनताको गहन जिम्मेवारी आत्मसात गर्दै,

सो नेपाली जनताको चाहना साकार पार्ने सिलसिलामा जनतामा निहित रहेको राजकीय सत्ता एवं सार्वभौम अधिकार प्रयोग गर्ने एक मात्र प्रतिनिधिमूलक संस्थाको रूपमा अधिकारसम्पन्न प्रतिनिधिसभाको यो बैठक देहायबमोजिम घोषणा गर्दछ :

१. नेपाल राज्यको व्यवस्थापिकाको सम्पूर्ण अधिकार प्रतिनिधिसभाद्वारा मात्र प्रयोग गरिनेछ । यस्तो अधिकार प्रयोग प्रतिनिधिसभाले दुई तिहाइ बहुमतले गर्नेछ ।

२. नेपाल राज्यको मन्त्रिपरिषद् सामूहिक रूपमा र प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री, सहायकमन्त्रीहरू व्यक्तिगत हैसियतमा समेत प्रतिनिधिसभाप्रति उत्तरदायी हुनेछन् । राज्यका सम्पूर्ण निकाय प्रहरी प्रशासनलगायत सबै राजकीय संस्था तथा निकायहरू प्रतिनिधिसभाको मातहतमा रहनेछन् ।

३. मन्त्रिपरिषद्बाट स्वीकृत नियमावलीबमोजिम नेपाल सरकारको कार्यविभाजन र कार्यसम्पादन हुनेछ ।

४. मुलुकको आवश्यकताका लागि प्रतिनिधिसभामा प्रतिनिधित्व भएका र प्रतिनिधित्व नभएका प्रमुख राजनीतिक दलहरूले परस्परको समझदारीमा राष्ट्रिय सरकार गठन गर्न सक्नेछन् । यस्तो सरकारले प्रतिनिधिसभाको कायम रहेको सदस्य संख्याको दुई तिहाइ बहुमतको विश्वास प्राप्त गर्न सक्नु पर्नेछ ।

५. संविधानसभासम्बन्धी सम्पूर्ण प्रक्रिया सम्पन्न गर्न आवश्यक पर्ने कानुन बनाउने अधिकार प्रतिनिधिसभालाई हुनेछ ।

६. हाल प्रचलित राष्ट्रिय गानको वैकल्पिक व्यवस्था गरी हटाइनेछ ।

७. श्री ५ सँग सम्बन्धित विषयमा देहायबमोजिम हुने व्यवस्था गरिएको छ,

क. राजगद्दी उत्तराधिकारीसम्बन्धी कानुन बनाउने, संशोधन र खारेज गर्ने अधिकार प्रतिनिधिसभामा रहनेछ ।

ख. राजपरिषद्को व्यवस्था रहनेछैन ।

ग. श्री ५ को खर्च र सुविधा प्रतिनिधिसभाद्वारा निर्धारण गरिएबमोजिम हुनेछ ।

घ. श्री ५ को आय वा निजी सम्पत्तिमा अन्य नागरिकसरह नै कर, शुल्क लाग्नेछ ।

ङ. श्री ५ बाट कानुनविपरीत भएका कामहरूबारे अदालतमा प्रश्न उठाउन पाइनेछ ।

च. श्री ५ मा कार्यकारिणी अधिकार निहित रहनेछैन । 'श्री ५ को सरकारलाई' अब उप्रान्त 'नेपाल सरकार' भनिनेछ ।

छ. श्री ५ संसद्को अंग मानिनेछैन ।

ज. शाही नेपाली सेनाको परमाधिपतिसम्बन्धी व्यवस्था खारेज गरिएको छ । शाही नेपाली सेनाको नाम अब उप्रान्त नेपाली सेना रहनेछ । प्रधानमन्त्रीको सिफारिस भई प्रतिनिधिसभाको राज्य व्यवस्था समितिद्वारा अनुमोदन गरिएको व्यक्ति नेपाली सेनाको प्रधानसेनापति नियुक्त हुनेछ ।

झ. प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधिसभाको राज्य व्यवस्था समितिद्वारा अनुमोदन गरिएको अवस्थामा सेनाको प्रयोग एवं सञ्चालन हुनेछ ।

ञ. राजप्रासाद सेवा अब उप्रान्त रहनेछैन । प्रधानमन्त्रीको प्रस्तावको आधारमा प्रतिनिधिसभाको राज्य व्यवस्था समितिद्वारा अनुमोदन गरिएका निजामती कर्मचारीहरू राजदरवार गई काम गर्नेछन् ।

८. प्रतिनिधिसभाको अधिवेशन आह्वान र अन्त गर्ने सम्बन्धमा देहायबमोजिम हुने व्यवस्था गरिएको छ,

क. प्रधानमन्त्रीबाट प्रतिनिधिसभाको अधिवेशन आह्वान हुनेछ र सभामुखबाट अधिवेशनको अन्त्य हुनेछ ।

ख. सभामुखबाट प्रतिनिधिसभाको अधिवेशन चालू नरहेको वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनी प्रतिनिधिसभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्यहरूले समावेदन गरेमा त्यस्तो अधिवेशन वा बैठक बस्ने मिति र समय तोक्नु पर्नेछ र त्यसरी तोकिएको मिति र समयमा प्रतिनिधिसभाको अधिवेशन प्रारम्भ हुने वा बैठक बस्नेछ ।

९. संविधानसभाको निर्वाचन सम्बन्धमा देहायबमोजिम हुनेछ,

क. संविधानसभाको निर्वाचन प्रतिनिधिसभाले तोकेको मितिमा हुनेछ ।

ख. प्राथमिकताको सूचीमा आधारित समानुपातिक निर्वाचन प्रणालीअनुरूप कानुनद्वारा व्यवस्था भएबमोजिम संविधानसभाको निर्वाचन हुनेछ ।

१०. नेपाल अधिराज्यको संविधान, २०४७ र सोअन्तर्गत बनेका कानुनहरू यस घोषणामा लेखिएका विषयसँग बाझिएको हदसम्म अमान्य हुनेछ ।

११. सार्वजनिक पद धारण गर्ने तोकिएका पदाधिकारीले वर्तमान सन्दर्भमा प्रतिनिधिसभा नियमावलीमा तोकिएको ढाँचामा तोकिएको समयमा शपथ लिनेछन् । शपथ लिन इन्कार गर्ने पदाधिकारी तत्कालै पदमुक्त हुनेछन् । ■




प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला

# घोषणामा दबाब

**बुधवार बिहान** संसद् सचिवालयबाहिर होहल्ला हुँदा त्यहाँका कर्मचारीहरूमा स्वभाविक कौतुहल जागेको थियो- आखिर आज सदन नबसेको दिनमा किन यत्रो हल्ला ? नेपाली कांग्रेस (प्रजातान्त्रिक)का सांसद बलबहादुर केसी आफ्नो कमिजको टाँक खुला राख्दै त्यहाँ उपस्थित आफ्ना समर्थकहरूलाई हौसला दिँदै थिए । ती समर्थकहरू पार्टी सभापति शेरबहादुर देउवाविरुद्ध चर्को आवाजमा बोलिरहेका थिए । भ्रष्टाचारको मामिलामा अदालतबाट दोषी ठहरिएका चिरञ्जीवी वाग्ले पुनःस्थापित प्रतिनिधिसभा बैठकमा देखा नपरे पनि संसदीय दलको नेतृत्व पदमा देउवाविरुद्ध विजय गच्छदारको समर्थनमा सक्रिय थिए, केसीसँगै ।

र, उता मन्त्रिपरिषद्को प्रस्तावित विस्तार तथा दूरगामी राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्वका घोषणा प्रतिनिधिसभामा गर्ने काम शनिवार हुन नसक्दा त्यसको दोष मुख्यतया कांग्रेस प्रजातान्त्रिकलाई दिएका थिए । अझ त्यसमाथि जनमोर्चाका सांसद लीलामणि पोखेलले देउवाले विनावर्दीका राजा नै सेनाको परमाधिपति हुनुपर्ने वकालत गरेको सार्वजनिक वयान दिएपछि राजधानीमा मंगलवार उग्रविरोध प्रदर्शन भड्केको थियो, जसले कमसेकम चार सरकारी तथा संस्थानका गाडीहरूमा आगो लगाएको थियो, यातायात घन्टौंसम्म अवरुद्ध हुने गरी । 'मैले राजालाई परमाधिपति बनाउने कुरै गरेको छैन र म त्यो चाहन्नँ पनि', देउवाले *समय*सँग भने ।

तर, सत्ताधारी दलभित्रको समस्या र घोषणामा भएको विलम्बका कारण देउवा या उनको पार्टी मात्र नभई अनेक जटिल राजनीतिक विरोधाभास देखिएका छन्, गठबन्धनभित्र । उता आतंकवादको बिल्ला र रेडकर्नर नोटिस फिर्ता भएपछि माओवादीका उच्चस्तरीय र मध्यस्तरका नेताहरू काठमाडौंमा आएका छन् भने राजधानीका विभिन्न भागका पर्खालमा उनीहरूका राता नारा पोतिएका छन् । सत्ताधारी गठबन्धन मनोवैज्ञानिक दबाबमा आउन थालेको छ, विद्रोहीहरूको । सरकारले आफ्नो एजेन्डा प्रस्तुत गर्न ढिलाइ गर्दा प्रशासनतन्त्र र सर्वसाधारणमा त्यत्तिकै अन्योल बनेको छ ।

गत शुक्रवार गठबन्धन सम्भावित ठूलो दुर्घटना र नैतिक पराजयबाट बचेको थियो । उद्धारकर्ता थिइन्, उपसभामुख चित्रलेखा यादव जो कांग्रेस प्रजातान्त्रिकको राजनीतिमा देउवाविरुद्धको मोर्चामा उत्रिएकी छन् ।

सभामुख पदको उनको स्वभाविक दाबीलाई कांग्रेस र एमालेले अस्वीकार गरेपछि संसद् सदस्यता र उपसभामुखको पदबाट राजीनामा दिँदै भीडको सहारा लिने अठोट गरेकी थिइन् उनले, सभामुखको निर्वाचन टुँडिखेलमा गर्न सात दललाई चुनौती दिँदै ।

एक सूत्रका अनुसार संसद् सचिवालयका महासचिव सूर्यकिरण गुरुङले त्यसो नगर्न उनलाई आग्रह गरे । कांग्रेस प्रजातान्त्रिकका गैरसंस्थापन पक्षका चिरञ्जीवी वाग्ले र गच्छदारसमेतले पनि उनलाई राजीनामा नगर्न आग्रह गरे । अन्ततः रोदन मिश्रित विश्वासका साथ निर्धारित समयभन्दा दुई घन्टापछि उनले सदनको अध्यक्षता गर्दै आफू सभामुखको दाबेदार नभएको घोषणा गर्दै सुवास नेम्वाङको निर्विरोध निर्वाचनमा सहायक बनिन् उनी । त्यसअघि एमाले नेता भरतमोहन अधिकारी, झलनाथ खनाल र खड्ग ओलीद्वारा दिइएको चाहेको विभागका साथ मन्त्रिपरिषद्मा उनलाई ठाउँ दिने आश्वासन पनि यादवले अस्वीकार गरेकी थिइन् ।

यी सबै गतिविधि अग्रगमनका नाममा राजनीति गरिरहेका सात दल र मुलुकमा शान्ति र स्थिरता चाहेका अन्तर्राष्ट्रिय जगत्का लागि निराशाका कारण थिए, तर मंगलवार भड्केको जनआक्रोशमा प्रतिनिधिसभाबाट प्रस्तावित घोषणा गर्न ढिलो गरेकोमा सरकारको आलोचना भएपछि गृहमन्त्री कृष्ण सिटौलाले तत्काल पत्रकार सम्मेलन गरी वयान दिएका थिए, 'बिहीवार पक्कै उक्त घोषणा गर्नेछ सरकारले ।' यसरी दबाबमा आयो उक्त ऐतिहासिक घोषणा । यद्यपि त्यसको कानुनी र संवैधानिक हैसियत विवाद मुक्त नहुन सक्छ ।

'यो घोषणासँग बाझिने सबै ऐन र कानुन तथा संविधानका प्रावधान स्वतः खारेज हुनेछन्', एक मन्त्रीले भने । तर, उक्त घोषणामा कानुनी शक्ति र हैसियत निहित नहुने विचार केही संविधानविद्को छ ।

सरकारले गठबन्धनभित्र सहमति बन्न नसकेको अवस्थामा श्वेतपत्र जारी गरी राजाको शासनमा भएको ब्रह्मलुटको व्यहोरा दिए पनि त्यसले उसको कार्यदक्षताबारे जनमानसमा विश्वास उत्पन्न गर्न सकेको थिएन । बरु सदनमा घोषणाद्वारा 'न्यायिक आयोग' गठन गर्ने प्रण गरे पनि कृष्णजंग रायमाझीको नेतृत्वमा 'उच्चस्तरीय छानबिन आयोग' गठन गरी आफ्नो द्विविधापूर्ण मनस्थिति



नेम्वाङको सभामुख चयन प्रक्रिया र शपथ ग्रहण गर्ने राजनीतिक निर्णयबारे संवैधानिक प्रश्न उठन सक्ने सम्भावना छँदैछ । तर, संविधानविद्, कुशल राजनीतिज्ञ र द्वन्द्व व्यवस्थापनका सिपालु भनेर कहलिएका सुवासले आउँदा दिनमा पुनर्जीवित प्रतिनिधिसभालाई जुझारु र क्रान्तिकारी कायम राखिराख्न सक्लान् ?



# सभा नायक नेम्वाङ

'**म सुवास नेम्वाङ** केही समयअगाडि भएको जनआन्दोलनको भावना आत्मसात गर्दै नेपाली जनताप्रति पूर्ण वफादार रही सभामुख पदको कामकाज मुलुकको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह र खराब भावना नलिई इमानदारीसाथ गर्दछु ।'

जनआन्दोलनको बलमा पुनःस्थापित प्रतिनिधिसभाको वैशाख २९ गतेको बैठकमा नेम्वाङले रोस्ट्रमबाट यसरी शपथ लिँदा सांसदहरूले लामो समय ताली ठोके । नेपाल अधिराज्यको संविधान २०४७ को राजासमक्ष शपथ लिने प्रावधान र प्रचलन त्यागेर रोस्ट्रमबाटै शपथ लिने ऐतिहासिक निर्णय गरेकोमा सांसदहरू निकै हौसिएका थिए र हंसमुख संविधानविद् नेम्वाङ पनि पुलकित देखिन्थे ।

प्रतिनिधिसभा पुनःस्थापनाको दुई साताको अवधिमा नेम्वाङको सभामुख चयनको विवाद बाक्लिँदै थियो । जनआन्दोलनका घटक एमाले र कांग्रेस (प्रजातान्त्रिक)बीच यस मामलालाई लिएर केही मलोमालिन्य र असन्तोष उत्पन्न भएको पनि हो । सात दल गठबन्धनका नेताहरू विवाद सामसुम पार्न सफल भए र सभामुखलाई रोस्ट्रमबाटै सांसदहरूसमक्ष शपथ गराउने क्रान्तिकारी निर्णय गरे ।

नेम्वाङको सभामुख चयन प्रक्रिया र शपथ ग्रहण गर्ने राजनीतिक निर्णयबारे संवैधानिक प्रश्न उठन सक्ने सम्भावना छँदैछ । तर, संविधानविद्, कुशल राजनीतिज्ञ र द्वन्द्व व्यवस्थापनका सिपालु भनेर कहलिएका सुवासले आउँदा दिनमा पुनर्जीवित प्रतिनिधिसभालाई जुझारु र क्रान्तिकारी कायम राखिराख्न सक्लान् ? तीनसाता अघिसम्म सात राजनीतिक दलसँग सडकमा जुझारु जनता थिए, आन्दोलनबाट बनेको सरकार र प्रतिनिधिसभाका सांसदहरूबीच खासै भिन्नता देखिँदैनथ्यो । सडक, सदन र सरकार सबै एउटै प्रतीत हुन्थ्यो, प्रतिपक्षीविहीन प्रतिनिधिसभा । विस्तारै सडक, सदन र सरकारबीचको दूरी बढ्न थालेको छ । संविधानसभासम्म पुग्ने प्रस्ताव पारित गरेको प्रतिनिधिसभालाई नेम्वाङले कता डोऱ्याउने हुन् ? विधिको शासनअनुसार अगाडि बढाउने कि राजनीतिक निर्णयको आडमा जथाभावी गर्न दिने ? माओवादीले पूर्णतः अस्वीकार गर्दै तत्काल खारेजी हुनुपर्छ भन्दै माग उठाइरहेको प्रतिनिधिसभालाई कसरी लैजाने र कहिलेसम्म जीवित राख्ने प्रशस्त चुनौती छन्, नेम्वाङका सामु ।

सुवास नेम्वाङको क्षमता, कार्यकुशलता तथा नरम व्यवहारप्रति गुनासो देखिँदैन । कानुनका ज्ञाता सुवास, एमालेमा व्यवसायिक फाँटबाटै राजनीतिमा प्रवेश गरेका हुन् । करिब ३० वर्षअघि तत्कालीन मालेमा भित्रभित्रै काम गरेका नेम्वाङ वकालत र प्राध्यापन क्षेत्र हुँदै २०४६ सालपछि मात्र खुला राजनीतिमा आएका हुन् । विद्यार्थी कालदेखि नै मृदुभाषी सुवासले हाँसीहाँसी क्रान्तिकारी नीति र निर्णय गर्ने नजिकबाट चिन्नेहरू बताउँछन् । लामो समय नेम्वाङसँग संगत गरेका कानुनव्यवसायी हरिकृष्ण कार्की भन्छन्, 'पेसामा रहेर पनि राजनीतिमा स्थापित हुने भूमिका निर्वाह गर्नुभयो उहाँले ।'

कानुनका ज्ञाता, मृदुभाषी, आन्तरिक द्वन्द्व मिलाउन सिपालु नेम्वाङलाई आफ्नो क्षमताका साथै जनजाति हुनुले पनि एमालेको नेतृत्व तहसम्म पुऱ्याएको मान्यता राख्नेको संख्या ठूलो छ । एमालेले सुवासलाई दुई दुई पटक राष्ट्रियसभामा रोज्यो भने २०५६ सालमा प्रतिस्पर्धी राजनीतिबाट प्रतिनिधिसभामा ल्यायो । २०५१ सालको एमाले अल्पमत सरकार गठन हुँदा सुवास त्यस बेलाका ६ जना राज्यमन्त्रीहरूको सूचीमा तेस्रो नम्बरमा थिए, अशोक राई र भीम रावलभन्दा पछि तथा प्रेमसिंह धामी र हरिप्रसाद पाण्डेभन्दा अघि, तर कानुन राज्यमन्त्रीमा नियुक्त सुवास एक साता नबित्दै मन्त्री बनाइए । कानुनमन्त्री न्यायपरिषद्को अध्यक्ष हुनु पर्ने संवैधानिक प्रावधानका कारण उनले राज्यमन्त्रीबाट फड्को मारे । दुःखपूर्ण भूमिगत राजनीति गरेका त्यस बेलाको मालेका धेरै नेताहरू पछि पार्दै सुवासले एकपछि अर्को खुट्किलो टेकेका हुन् ।

स-साना द्वन्द्व समाधानमा अनुभवी मानिएका नेम्वाङ पार्टीमा महासचिव माधव नेपालसँग नजिक मानिन्छन् । यसैले पनि आफ्ना थुप्रै अग्रजहरूलाई उछिनेर उनी महत्त्वपूर्ण भूमिकामा आइपुगेका छन् । अब हेर्न बाँकी छ- निष्पक्षताको पद मानिने सभामुख पदको जिम्मेवारी निर्वाह गर्दै प्रतिनिधिसभा प्रभावकारी बनाउन नेम्वाङले कस्तो भूमिका खेल्ने हुन् !

■ विश्वमणि पोखरेल/काठमाडौं





▲ बाइबाइ : सभामुखका रूपमा चित्रलेखा यादवको भूमिका अब सकिएको छ



▲ उपप्रधानमन्त्री केपी शर्मा ओली

उसले प्रदर्शन गरेको थियो । सुरक्षा प्रमुखहरूसँगै अन्य वरिष्ठ प्रहरी र सशस्त्र अधिकृतहरूको निलम्बनले सरकार र आयोगमा वैमनस्य पैदा भइसकेको सूत्र बताउँछ ।

पूर्व मन्त्रीहरूको गिरफ्तारी र उनीहरूविरुद्ध सुरक्षा कानुनको प्रयोगलाई संयुक्त राष्ट्रसंघ मानवअधिकार आयोगका विशेष प्रतिनिधि इयान मार्टिनको कार्यालयले आलोचना गरेको छ । यो आलोचना त्यस बेला आएको छ, राष्ट्रसंघ महासचिव कोफी अन्नानका प्रतिनिधिका रूपमा सामुयल टाम्राट मुलुकको शान्ति तथा माओवादी निरस्त्रीकरण प्रक्रियामा राष्ट्रसंघको सम्भावित भूमिकाबारे अध्ययन गर्न नेपाल तथा भारतको भ्रमणमा रहेका थिए । 'भारत सम्भवतः संयुक्त राष्ट्रसंघको भूमिका नेपालमा होस् भन्नेबारे इच्छुक छैन, तर नेपालले पनि यसबारे आफ्नो धारणा राखेको छैन', संयुक्त राष्ट्रसंघका एक अधिकारीले *समय*लाई बताए ।

गत साता नेपालमा प्रजातन्त्रको पुनःस्थापनापछि मुलुकमा व्याप्त खुसीमा सहभागी हुन आएको दक्षिण एसियाली स्वतन्त्र सञ्चार संघ (साफमा)को प्रतिनिधिमण्डलसँग प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सरकार उक्त प्रक्रियामा संयुक्त राष्ट्रसंघीय भूमिकाको पक्षधर रहेको बताएका थिए ।

तर यो मामिलामा सामूहिक निर्णय माओवादी वार्तामा आएपछि मात्र लिइने संकेत दुई पक्षबाट आएका छन् । यता शाही नेपाली सेनाका प्रमुख प्यारजंग थापा तथा बलाधिकृत रुक्मांगद कटुवालले प्रधानमन्त्री कोइरालालाई भेटी शाही नेपाली सेना प्रजातान्त्रिक परिपाटी र संविधानको पूर्णतया समर्थक रहेको आश्वासन दिएका थिए । साथै माओवादी छापामारहरू सक्रिय रहेको अवस्थामा सरकारले सुरक्षानिकायहरूलाई हतोत्साही नबनाउन पनि आग्रह गरेका थिए । माओवादी गतिविधि खासगरी जबरजस्ती चन्दा असुली र हालै पनि उनीहरूद्वारा गरिएको एक व्यक्तिको हत्यापछि दल-माओवादी समझदारीमा महत्त्वपूर्ण भूमिका खेलेको भारत पनि उनीहरूप्रति सशंकित बन्न पुगेको छ । सात दलबीच आवश्यक निर्णय लिने र तिनीहरूलाई कार्यान्वयन गर्ने क्षमताको अभाव, कोइरालाको स्वास्थ्य र माओवादी गतिविधिले भारतसँगै अमेरिका र संयुक्त राष्ट्रसंघलाई पनि चिन्तित तुल्याएको देखिन्छ ।

कांग्रेस प्रजातान्त्रिकको संसदीय दलमा देउवाको प्राविधिक विजयपछि दलको एकतामा खतरा देखिए पनि त्यसले मन्त्रिपरिषद्को गठन र घोषणाको अनुमोदनमा भने सहयोग पुऱ्याएको छ । त्यसका साथै युद्धविराम घोषणापछि अपेक्षित सरकारी वार्ताटोलीको गठनमा देखिएको व्यवधान पनि मन्त्रिपरिषद् विस्तारले हटाएको छ । तर, गठबन्धन सरकारको नीति र घोषणा कार्यान्वयन क्षमता, माओवादीसँग वार्ता, सुरक्षानिकाय सुधारसम्बन्धी दृढता तथा आवश्यक संवेदनशीलता आदिले उसको अस्तित्व तथा भावी राजनीतिक गन्तव्य स्पष्ट पार्नेछ । प्रतिनिधिसभाबाट गरिएको राजनीतिक घोषणा त दिशा मात्र हो । ■

## 'राजा नराख्ने निर्णयले सबैभन्दा खुसी हुनेछु'

**मैले कहिल्यै** पनि राजालाई सेनाको परमाधिपति दिने सुझाव राखेको छैन, लिखित या मौखिक रूपमा । जुन राजाले मलाई सबैभन्दा बढी दुःख दियो, मजस्तो भुक्तभोगीले त्यस्तो राजालाई परमाधिपति बनाउने कल्पना पनि गर्न सक्तिनँ ।

सात दलमा नयाँ साथीहरू छन् र हामी अगाडिको एजेन्डामा एक हुने प्रणका साथ एउटा मञ्चमा आएका हौं । म त्यो सहमतिभन्दा बाहिर जान सक्तिनँ ।

हो यो सेनालाई मैले हदभन्दा बढी बलियो पारेको हुँ, तर सेना बलियो भएपछि त्यसैको बलमा राजाले मलाई निकालेका हुन् । गिरिजाबाबुसँग मेरो राजनीतिक मतभेद भए पनि म उनलाई परमाधिपति मान्न तयार छु, त्यस्तो सहमति बनेमा ।

राजाले मलाई सेनाको बलमा खोसेको मेरो आरोप छ । त्यसैले राजालाई पुनः त्यस्तै शक्तिशाली बनाउनुपर्छ भनेर म कसरी भन्न सक्छु ? यो सामान्य ज्ञानको कुरा हो । सात दलको सहमतिमा म बाँधिएको छु । व्यक्तिगत रूपमा म भन्छु, नेपाली जनताले राजा नराख्ने निर्णय गरेको दिन सबभन्दा बढी खुसी म हुनेछु । ■



शेरबहादुर देउवा






▲ राजधानीका भित्ताहरू माओवादी नाराले रंगिन थालेका छन्

# धमाधम कार्यक्रम

■ **सुवास देवकोटा/काठमाडौं**

**सरकारभन्दा** छिटो युद्धविराम घोषणा र वार्ता समिति सार्वजनिक गरेपछि विद्रोही नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले आगामी राजनीतिमा प्रभावकारी उपस्थितिका निम्ति आक्रामक अभियान थालेको छ। काठमाडौंलगायत सहरी क्षेत्रका भित्ता माओवादी नाराले रंगिन थालेका छन् भने उसका जनवर्गीय संगठनहरूको सक्रियता हेर्न लायकको छ। विद्यार्थी, मजदुर, महिला, दलितलगायत माओवादी जनवर्गीय संगठनहरू अहिले राजधानीलगायत सहरी क्षेत्रमा दिनहुँ आन्तरिक र बाह्य कार्यक्रममा व्यस्त छन्। अधिकांश स्थानमा उनीहरूले सम्पर्क कार्यालय पनि स्थापना गरेका छन्। सहरी क्षेत्रमा गतिविधि तीव्र पार्न माओवादीले गाउँमा क्रियाशील सयौं कार्यकर्ता राजधानी भित्र्याएको छ।

आफ्नो खुला राजनीतिक पदार्पण धमाकेदार बनाउन माओवादीले जेठ १९ गते राजधानीमा हुने आमसभाको व्यापक प्रचार गरिरहेको छ। कृष्णबहादुर महरा, देव गुरुङ र दीनानाथ शर्माको वार्ता तयारी टोली त्यही सभामार्फत सार्वजनिक हुने बताइएको छ, अहिले। यद्यपि, त्यस बेलासम्म शीर्षस्थ वार्ताको वातावरण बनेमा अध्यक्ष प्रचण्डले नै त्यो सभालाई सम्बोधन गर्ने सम्भावना रहेको माओवादी कार्यकर्ता बताउँछन्। माओवादी सम्बद्ध अनेरास्ववियु (क्रान्तिकारी)का कोषाध्यक्ष युवराज चौलागाईंको भनाइअनुसार 'अहिले आशंकाभन्दा समझदारीको सम्भावना प्रमुख रहेको' हुँदा उक्त सभामा प्रचण्डको उपस्थिति असम्भव देखाउँदैन।

सहयात्री सात दलको सरकारसँग माओवादीको वार्ता अघिल्लाभन्दा फरक रहेको १३ नेतालाई वक्ता बनाएर सार्वजनिक गर्नुले पनि प्रमाणित गर्छ। जेलमा रहेका मातृका यादवलाई मात्र नभएर माओवादीले यसपटक चारमध्ये दुई सैन्य डेपुटी कमान्डरहरू जनार्दन शर्मा (प्रभाकर) र चन्द्र खनाल (बलदेव)लाई पनि सार्वजनिक गरेको छ। वक्ता बनाइएकामा रोल्पाको माओवादी आधार इलाका इन्चार्ज नेत्रविक्रम चन्द (विप्लव) लामो समय राजधानीमा विद्यार्थी राजनीति गरेका देवेन्द्र पौडेल र हितमान शाक्य, जनमोर्चा अध्यक्ष रहिसकेकी पम्फा भुसाल, जनजाति नेता गोपाल किराँती, भाषणवाज राम कार्की, जनादेशका पूर्वसम्पादक नारायणप्रसाद शर्मा, पूर्व शिक्षक नेता अग्निप्रसाद सापकोटा, सुदूरपश्चिमका लेखराज भट्ट र दलित समुदायका नेता खड्गबहादुर विश्वकर्मा छन्।

तर, सरकारप्रति माओवादीको अविश्वास पूरै हटेको छैन। वैशाख ११ गते राति शाही घोषणाबाट प्रतिनिधिसभा पुनःस्थापना भएलगत्तै सात दलप्रति नकारात्मक देखिएको माओवादी अहिले निकै सकारात्मक बनेको छ। जेठ १ गते सात दलको शीर्षस्थ बैठकले प्रतिनिधिसभाको घोषणा जारी गर्न विलम्ब गरेकाले सात दल र सरकारप्रति आशंका गर्नु पर्ने स्थिति कायम रहेको पुष्टि भएको माओवादी कार्यकर्ताहरूको भनाइ छ। राजनीतिक निर्णयहरू छिटो गराउन प्रतिनिधिसभा र सरकारलाई सडकको दबाब आवश्यक देखिएको पनि त्यस घटनाले स्पष्ट पारेको ठहर छ, उनीहरूको। यद्यपि, जेठ २ गतेको राजधानीको प्रदर्शन र आगजनीमा आफ्नो संलग्नता नरहेको दाबी माओवादी उपत्यका शाखाले गरेको छ। प्रतिनिधिसभाको घोषणामा राजालाई सेनाको परमाधिपति बनाउने विचार नेपाली कांग्रेस प्रजातान्त्रिक सभापति शेरबहादुर देउवाले राखेको सार्वजनिक भएपछि जेठ २ गते राजधानीमा स्वःस्फूर्त रूपमा विरोध प्रदर्शन र आगजनी भएको थियो।

वार्ता सुरु नहुँदै आफ्नो मार्गचित्र प्रस्तुत गर्नुले पनि माओवादी सरकारलाई दबाब दिने रणनीतिमै रहेको स्पष्ट हुन्छ। गत साता पश्चिम नेपालको भारतीय सीमामा भएको माओवादी बैठकले 'युद्धविराम गर्ने, आचारसंहिता निश्चित गर्ने, वार्ताटोली गठन, आम राजबन्दीको रिहाइ, वार्ता आरम्भ गर्ने, पुरानो संसद्, संविधान र सरकार विघटन र खारेज गर्ने, राजनीतिक दल, नागरिक समाज र विभिन्न क्षेत्रका प्रतिष्ठित व्यक्तित्वहरूसमेतको प्रतिनिधित्वमा राजनीतिक सम्मेलन गरी अन्तरिम विधान र अन्तरिम सरकारको गठन गर्ने, नेपाली समाजका सबै वर्ग, जाति, क्षेत्र र लिंगका जनसमुदायको प्रतिनिधित्व सुनिश्चित हुने गरी निर्वाचन क्षेत्रको निर्धारण, भरपर्दो अन्तर्राष्ट्रिय सुपरिवेक्षणसहित संविधानसभाको निर्वाचन गर्ने र निर्वाचनमा अभिव्यक्त जनमतअनुसार जनमुक्ति सेना र शाही सेनासमेत समग्र राज्यको पुनर्संरचना गर्ने' मार्गचित्र सार्वजनिक गरेको थियो। पुरानो संसद्, संविधान र सरकार विघटनको माओवादी प्रस्तावमा संविधानसभा निर्वाचन नभएसम्म प्रतिनिधिसभा विघटन नगर्ने सात दलले बताएका छन् र माओवादीको मार्गचित्रप्रति आफ्नो असहमति सार्वजनिक गरेका छन्।

सरकार-माओवादी समझदारीमा माओवादीको चन्दा अभियान पनि समस्या बन्ने देखिएको छ। उपप्रधानमन्त्री केपीशर्मा ओली लगायत मन्त्रीहरूले माओवादीको चन्दा अभियानले आगामी वार्तामा समस्या पर्ने बताएका छन् भने माओवादी अध्यक्ष प्रचण्डलगायत नेताले 'जनसेना' पाल्न र उनीहरूको औषधी उपचारका निम्ति चन्दा आवश्यक भएको स्पष्टीकरण दिएका छन्। वार्ता र सहमति अघि बढ्दा माओवादीलाई उसको सेना पाल्न आर्थिक सहयोग गर्न सकिने उल्लेख गररे अर्थमन्त्री रामशरण महतले माओवादी बाध्यता फुकाउन खोजेका छन्। यद्यपि, १५ महिने शाही सरकारको शासनका कारण आफैं आर्थिक समस्या भोगिरहेको सरकारलाई माओवादी सेनाका निम्ति बजेट छुट्याउनु सजिलो भने छैन। ■






**प्रजातान्त्रिक सरकारले पूर्ववर्ती शाही सरकारले राज्यको ढुकुटीमा जथाभावी गरेको लुटको पोल खोल्दै राजाको निरंकुशता लम्ब्याउन गरिएका काला करतुत सार्वजनिक गरेको छ।**

# काला करतुत

■ **मधुसूदन पौडेल/काठमाडौं**

**जनआन्दोलनका** अन्तिम दिनसम्म आफ्नो निरंकुश सत्ता बचाउने प्रयासमा शाही सरकारले राज्यकोषको चरम दुरुपयोग गरेको फेहरिस्त सरकारले सार्वजनिक गरेको छ, श्वेतपत्रमार्फत। राजा ज्ञानेन्द्रको अध्यक्षताको सरकारद्वारा गत साउनपछिका नौ महिनामा मात्रै सत्ता टिकाउने दाउमा आफ्नै सरकारले बनाएको बजेटभन्दा बाहिर गएर ३ अर्ब १८ करोड रुपैयाँ दुरुपयोग गरिएको छ।

आन्दोलन चर्किंदै जाँदाका अन्तिम दिनहरूमा तत्कालीन गृहमन्त्री कमल थापाले करिब ६ करोड रुपैयाँ मनोमानी ढंगले खर्च गरेका छन्। उनले २०६२ पुस १२ देखि २०६३ वैशाख ५ गतेसम्म दैनिक ५ लाख रुपैयाँ राज्यकोषबाट निकासा गराएर आन्दोलन दमनका लागि खर्च गरेका थिए। लोकतन्त्र स्थापनार्थ आन्दोलनमा उत्रिएका जनताको टाउकोमा गोली र लाठी बर्साउन अन्तिम समयमा पनि तत्कालीन अर्थराज्यमन्त्री रूप ज्योतीले गृहमन्त्री थापाको मन्त्रालयलाई थप १ करोड रुपैयाँ पठाएका थिए, तर थापाले प्रहरी हिरासतबाटै एक विज्ञप्ति जारी गर्दै अर्थमन्त्री रामशरण महतलाई यसको पुष्टि गरी आफूमाथि कारबाही गर्न चुनौती दिएका छन्।

हुनत १८ असोज २०५९ यता जनताबाट उठाएको करको सबैभन्दा बढी दुरुपयोग राजा आफैले गरेका छन्। आर्थिक वर्ष २०५८/०५९ मा राजाले १२ करोड ६२ लाख रुपैयाँ खर्च गरेकोमा चालू वर्षका नौ महिनामै उनले ७५ करोड १२ लाख रुपैयाँ खर्च गरेका छन्। प्रतिनिधिसभा विघटन गरिएको २०५९ सालको तुलनामा यो रकम ६३ करोड रुपैयाँले बढी छ। बीचका दुई वर्ष २०५९/०६० र २०६०/०६१ मा राजाले क्रमशः ६१ करोड ९० लाख र ५७ करोड ६ लाख रुपैयाँ खर्च गरेका छन्। जनताले पसिना बगाएर जम्मा गरेको राज्यकोष माघ १९ पछि राजाको व्यक्तिगत मनोमानीका आधारमा संचालन भएको देखिन्छ।


राज्यकोषको दुरुपयोगमा राजपरिवारका अन्य सदस्यहरूको पनि उत्तिकै संलग्नता छ। बजेटमार्फत औपचारिक रूपमा छुट्याइएको खर्चबाहेक युवराज पारसले करिब सात करोड रुपैयाँ दुरुपयोग गरेका छन्, विभिन्न देशको भ्रमणका नाममा। उनले अस्ट्रिया, जापान, कोरिया, थाइल्यान्ड र साउदी अरेबियाको भ्रमणका लागि उक्त रकम खर्चेका थिए, जुन राजाले नेतृत्व गरेको सरकारको वार्षिक कार्यक्रममा परेको थिएन। उच्चस्तरीय भ्रमणका नाममा सरकारका औपचारिक कार्यक्रममा नरहेका र राजनीतिक हिसाबले महत्त्व नै नराख्ने अफ्रिकी मुलुकहरूको यात्रामा राजा ज्ञानेन्द्र स्वयम्ले ३६ करोड रुपैयाँ खर्च गरेका छन्, जनताका लागि सडक, बिजुली, स्वास्थ्य र खानेपानीमा खर्च गर्नु पर्ने रकम कटौती गरेर।

विकासमा खर्चनु पर्ने रकम कटौती गर्दै सरकारलाई दीर्घकालीन आर्थिक दायित्व बोकाउने गरी सुरक्षाकर्मीको संख्या र सुरक्षा खर्चमा अत्यधिक वृद्धि गरिएको श्वेतपत्रमा उल्लेख छ। २०५८/०५९ मा सुरक्षाकर्मीको संख्या १ लाख २१ हजार ३ सय ३३ रहेकोमा उनीहरूको संख्या वृद्धि गरेर १ लाख ६५ हजार २ सय ६१ पुर्‍याइएको छ। मुलुकलाई तीव्र सैन्यकरणको दिशातर्फ धकेल्दै यो वर्ष मात्रै शाही नेपाली सेनामा १० हजार संख्या थपिएको छ। २०५८ मा कुल सुरक्षाखर्च १२ अर्ब ८ करोड रहेकोमा यो वर्ष उक्त खर्च १८ अर्ब ९९ करोड रुपैयाँ पुर्‍याइएको छ, तैपनि बजेटको दायरामा तोकिएभन्दा बाहिरबाट गर्ने खर्च पनि उच्च रहेको छ। श्वेतपत्रमा जनाइएअनुसार बजेटमा उल्लेख नै नगरी सैनिक विमान र हेलिकोप्टर खरिदका लागि ३ अर्ब ३० करोड रुपैयाँ थप खर्च गरिएको छ। थपिएका सैनिकका लागि १ अर्ब २१ करोडको थप दायित्व राज्यमाथि थोपरिएको छ। बजेटमा विनियोजित रकम पनि अत्यधिक मात्रामा खर्च गरिएको छ। चैत मसान्तसम्म १६ अर्ब ४५ करोड रुपैयाँ खर्च गरिएको तथ्यांकले बजेटको रकम खर्च भएपछि पुनः गैरबजेटरी खर्च निकासा गर्ने मनसाय देखिएको छ।

राजाको शासन बलियो पार्ने नाममा सरकारका विभिन्न निकायले अराजक रूपमा रकम खर्च गरेको देखिएको छ। विभिन्न निकायले आफूलाई आवश्यक छ भन्दै मोटो रकम माग गर्ने प्रवृत्ति नै बसालेका थिए। वैशाख १५ सम्म बजेट बाहिर गएर सरकारी निकायले माग गरेको ७ अर्ब रकमले यसलाई स्पष्टसँग चित्रण गर्छ। तत्कालीन अर्थराज्यमन्त्रीले सम्भव भएसम्म गैरबजेटरी माग पूरा गरेका छन्, तर सरकारको आम्दानी नै कम भई राज्यकोषमा रकम जम्मा नभएकाले मात्रै सबै माग पूरा हुन पाएको देखिँदैन। राजस्वबाट प्राप्त रकमका अतिरिक्त ७ अर्ब १० करोड रुपैयाँ आन्तरिक ऋण उठाएर पनि उनले यस्ता गैरबजेटरी शीर्षकमा ३ अर्ब १८ करोड निकासी दिएका थिए।

## मनपरी खर्च

राजनीतिक दलहरूले बहिष्कार गरेको नगर निर्वाचनमा २८ करोड रुपैयाँ खर्च देखाइएको छ। २०५६ सालको आमनिर्वाचनका लागि ३५ करोड रुपैयाँ खर्च भएकोमा शाही सरकारले नगरपालिकामा निर्वाचन गराउँदा २८ करोड रुपैयाँ खर्च देखाउनुले पनि उनीहरूले रकमको व्यापक दुरुपयोग गरेको प्रस्ट हुन्छ। नगर निर्वाचनका नाममा रकम निकासा गराएर उक्त रकम तत्कालीन मन्त्रीहरू, सुरक्षा निकायका उच्च पदाधिकारीहरू, निर्वाचन आयोगका पदाधिकारीहरू र निर्वाचनमा भाग लिएका निरंकुशताका पक्षधरहरूबीच भागबन्डा लगाएको अनुमान गरिएको छ। सुरक्षाका नाममा



स्रोत : विभिन्न वर्षका बजेट वक्तव्य/ स्वेतपत्र

सुरक्षानिकायहरूलाई १४ करोड ६६ लाख रुपैयाँ दिइएको थियो भने गृह मन्त्रालयले नगर निर्वाचनकै नाममा करिब ३ करोड रुपैयाँ लिएको थियो। गृहमन्त्री थापाले स्थानीय निकाय निर्वाचनका लागि विविध खर्च शीर्षकमा १ करोड ५० लाख र चुनावकै लागि सवारीसाधन भाडा र मर्मतका नाममा १ करोड ४५ लाख रुपैयाँ निकासा गराएका थिए।

राजाका सल्लाहकारको भूमिकामा रहेका भरतकेशर सिंहलाई विश्व हिन्दु सम्मेलनका नाममा ४० लाख रुपैयाँ दिइएको थियो, तर राजाका अन्य सल्लाहकारहरूले सरकारबाट कति रकम लिएका थिए भन्ने हिसाब श्वेतपत्रमा देखाइएको छैन। गैरबजेट निकासाका रूपमा उपाध्यक्षद्वय डा. तुल्सी गिरी र कीर्तिनिधि विष्टका नाममा ११ लाख, भूकम्प पीडित ऋण मिनाहामा १५ लाख ९१ हजार, बन्द हडताल नियन्त्रणका नाममा ६५ लाख, भ्याट कार्यान्वयनका लागि पसलमा खटाइएका १ हजार निरीक्षकका नाममा ५० लाख र गिरफ्तार गरिएका राजनीतिक दलका नेता तथा कार्यकर्ता व्यवस्थापनका नाममा ३३ लाख रुपैयाँ खर्च देखाइएको छ। राजाको स्थगित भएको संयुक्त राष्ट्रसंघ महासभा भ्रमणमा पनि ५९ लाख रुपैयाँ खर्च गरिएको छ। उक्त रकम होटल बुकिङ रद्द चार्ज भनेर खर्च गरिएको छ। दरवारको 'भजन' गाउनु नै विभिन्न विभूषण पाउने योग्यता बनाइएको पृष्ठभूमिमा तिनै विभूषण बनाउन ४६ लाख रुपैयाँ गैरबजेटरी खर्च गरिएको छ।

अर्थमन्त्री महतले निरंकुशता संस्थागत गर्न नियुक्त क्षेत्रीय प्रशासक र अञ्चल प्रशासकहरूको खर्च भने श्वेतपत्रमा उल्लेख गरेका छैनन्। हतारमा श्वेतपत्र बनाइएका कारण सबै विवरण समेट्न सम्भव नभएको उनले बताएका छन्। त्यसैगरी जिल्लाहरूमा सुरक्षानिकाय र अन्य सरकारी निकायबाट गरिएका खर्च पनि श्वेतपत्रमा समेटिएका छैनन्, जुन रकम पनि अत्यधिक भएको अनुमान छ।

## पाण्डेको नाममा १ करोड ३३ लाख

राजाको सत्ता बचाउन अन्तर्राष्ट्रिय समुदायको समर्थन जुटाउने नाममा विभिन्न मुलुकको यात्रा गरेर तत्कालीन परराष्ट्रमन्त्री रमेशनाथ पाण्डेले १ करोड ३३ लाख रुपैयाँ दुरुपयोग गरेको श्वेतपत्रमा उल्लेख छ। सरकारले औपचारिक भ्रमणका लागि खर्च छुट्याइएभन्दा अधिक रकम खर्च गरेर उनले करको दुरुपयोग गरेका थिए। प्रजातन्त्रको 'निरंकुश मोडेल' अन्तर्राष्ट्रिय समुदायमा व्याख्या गरेर उनले नेपालको बेइज्जती त गरे नै, राज्यको ढुकुटी पनि नष्ट गरे। श्वेतपत्रका अनुसार उनले यस अवधिमा कतार, जेनेभा, पाकिस्तान, रूस, चीन र संयुक्त राष्ट्रसंघको भ्रमण गरेका छन्। पछिल्लो समयमा विदेशी कुटनीतिज्ञलाई आफ्नै घरमा दिइएको भोजमा खर्च भएको भन्दै उनले १५ लाख रुपैयाँ माग दाबी गरेका छन्।

## संचारका नाममा ब्रह्मलुट


राजाको सत्ता बचाउन आक्रामक रूपमा प्रस्तुत हुँदै आएका तत्कालीन संचार राज्यमन्त्री श्रीसशससेर राणाले 'राष्ट्रवादी पत्रकार'लाई २ करोड ५० लाख रुपैयाँ बाँडेर राष्ट्रिय ढुकुटीको दुरुपयोग गरेका छन्। नेपाल पत्रकार महासंघ लोकतान्त्रिक आन्दोलनमा सक्रिय भएपछि राजावादी पत्रकारहरूले राष्ट्रिय पत्रकार महासंघ गठन गरेका थिए, जसले १६ लाख रुपैयाँ राज्यकोषबाट दोहन गरेको छ। राष्ट्रिय पत्रकार महासंघका नाममा जसोदा प्रधानले चार किस्तामा करिब ६ लाख रुपैयाँ लिएकी छन् भने निरोधराज पाण्डेले १० लाख रुपैयाँ लिएका छन्। श्वेतपत्रमा उनीहरूले रकम लिएको खुलासा भएपछि राजावादी पत्रकारहरूबीच नै विवाद चर्किएको छ। प्रधान र पाण्डेले उक्त रकम आफूखुसी खर्च गरेको आरोप लागेको छ। सत्ता समर्थक पत्रिका पोस्न अगाडि सारिएको एकद्वार विज्ञापन नीतिबाट नेपाल समाचारपत्रले सबैभन्दा बढी फाइदा उठाएको छ, निजी प्रकाशन गृहमध्ये। उक्त पत्रिकाले ३६ लाख ५२ हजार रुपैयाँ लगेको छ भने राजधानी दैनिकले ७ लाख ८७ हजार, हिमालय टाइम्सले ४ लाख ८३ हजार रुपैयाँ लगेको छ। गोरखापत्रले भने ६१ लाख ४३ हजार रुपैयाँ लगेको छ। व्यवसायिक प्रकाशनगृहहरूलाई सत्ताको अन्ध समर्थन नगरेका कारण स्वतन्त्र समाचार सम्प्रेषणमा समेत व्यवधान खडा गरिएको थियो।

सञ्चारमाध्यम नियन्त्रणका लागि गठित आमसंचार कार्यदलले २ लाख ५७ हजार, चलचित्र विकास बोर्डले ८० लाख, नेपाल केबुल टेलिभिजन संघका नाममा हरिशरण लामिछानेले २ लाख, नेपाल चलचित्र कलाकार संघले ३ लाख, राष्ट्रिय समाचार समितिले ६ लाख, सम्पादक प्रकाशक महासंघले सवा ५ लाख रुपैयाँ राष्ट्रिय ढुकुटीबाट लिएका छन्।

## खर्च कटौती

अघिल्लो सरकारले मनपरी खर्च गरेका कारण वर्तमान सरकार अप्ठेरोमा परेको छ। अर्थमन्त्री महतले चालू आर्थिक वर्षका बाँकी दुई महिनाका लागि खर्च धान्न पनि सरकार अप्ठेरोमा रहेको स्विकारेका छन्। उनले यो वर्ष खर्च कटौती गर्दा पनि ५ अर्ब ९ करोड रुपैयाँ सरकारलाई कमी हुने बताएका छन्।

खर्च जुटाउने आन्तरिक ऋण लिनु एउटा विकल्प भए पनि अघिल्लो सरकारले ७ अर्ब १० करोड रुपैयाँ ऋण लिएको छ। बजेटको लक्ष्यअनुसार यो वर्ष ११ अर्ब ८५ करोड आन्तरिक ऋण लिने प्रावधान रहेकोमा अब ४ अर्ब ७५ करोड मात्रै बाँकी छ। यो रकमले खर्च धान्न नसकिने र थप ऋण लिँदा वित्तीय असन्तुलन बढ्न गई अर्थतन्त्र थप समस्यामा पर्ने महतले बताएका छन्। खर्च कटौतीका लागि उनले मन्त्री र उच्च सरकारी अधिकारीहरूको विदेश भ्रमणमा नियन्त्रण, सभा, गोष्ठी जस्ता कार्यक्रम कटौती, सवारीसाधन खरिद र भवन निर्माणलगायतका काम तत्कालका लागि रोकेका छन्। तैपनि माओवादीसँगको वार्ता, संविधानसभा, प्रतिनिधिसभा संचालन, सहिद र घाइते व्यवस्थापनको खर्च रोक्न सक्ने अवस्थामा सरकार छैन। ■



# तलब घट्यो ! कसले भन्ने ?

■ किरण भण्डारी/काठमाडौं

| राजा, रानी र राजपरिवार | | |
|---|---|---|
| | विनियोजित | थप |
| २०५८/५९ | १ करोड ८ लाख | - - |
| २०५९/६० | ३ करोड ५ लाख | २ करोड |
| २०६०/६१ | ३ करोड १८ लाख | २ करोड |
| २०६१/६२ | ३ करोड २७ लाख | २ करोड |
| २०६२/६३ | ३ करोड २७ लाख | २ करोड |

**राजासहित राजपरिवार सदस्यहरूको तलब कानुनीरूपमा व्यापक घटे पनि सरकारको मौनता र दरवारको बुझ पचाइले व्यवहारमा बढेकै पारिश्रमिक कायम छ ।**

**राजाको तलब कति ?** रानी, युवराज, युवराज्ञी, अधिराजकुमारी, शाहज्यादा, शाहज्यादी लगायत राज्यकोषबाट पारिश्रमिक पाउने राजपरिवारका सदस्यहरूको तलब कति होला ? संविधानसभाले राजाको 'पोजिसन' छिनोफानो नगरुन्जेल सडकमा नारा लागे पनि राजपरिवारले प्रचलित कानुनले तोकेबमोजिम खर्चसुविधा लिइरहने जानकारहरू बताउँछन् ।

राजदरवार खर्च व्यवस्था ऐनमा अध्यादेशमार्फत भएको आंशिक संशोधनले राजा र परिवारको पारिश्रमिक चुल्याइदिएकोमा वैशाख २३ गतेदेखि पुरानै अवस्था कायम भएको छ । राजदरवार खर्च ऐनमा अध्यादेशमार्फत भएको संशोधनले राजाको इच्छानुसार खर्च गर्न पाउने व्यवस्था राखिएको थियो । वैशाख २३ गतेदेखि उक्त अध्यादेश निष्क्रिय भएकाले पुरानै प्रावधानमा फर्किएकाले राजाको तलबभत्ता चार वर्ष पुरानो अवस्थामा फर्केको छ । उदाहरणको लागि राजाको तलब फेरि वार्षिक ४८ लाखमा झरेको छ । जब कि असोज १८ लगत्तै राजाको वार्षिक तलब १ करोड २ लाख बनाइएको दाबी स्रोतको छ । अन्य सदस्यको पनि सोही अनुपातमा बढेकोमा अब पुरानैमा झरेको छ । राजा, रानी र परिवारको पारिश्रमिक पंचायतकालभरि एकनास रह्यो, वीरेन्द्रको शासनकालमा २०४५/४६ मा एकपटक सामान्य वृद्धि भयो । उक्त पारिश्रमिक प्रजातन्त्रकालमा स्थिर रह्यो भने ज्ञानेन्द्रको चारवर्षे शासनकालमा नै कयौंगुणा वृद्धि भइसकेको स्रोतहरूको दाबी छ ।

असोज १८ शाही कदमभन्दा अघि राजपरिवारको खर्च पारदर्शी हुन्थ्यो । प्रत्येकले कति तलब पाउँछन् भन्ने रातो किताबमा नै छाप्नु पर्थ्यो । लोकेन्द्रबहादुर चन्दको प्रधानमन्त्रित्वकालमा राजदरवार खर्च अध्यादेश संशोधन भए पछि रातो किताबमा छापिन छाडेकाले चार वर्षदेखि राजा, रानी र परिवारका अन्य सदस्यको तलबबारे सरकारसमेत अनभिज्ञ छ ।

तर राजाले प्रत्यक्ष शासन लिएपछि राजा, रानी र परिवारका नाममा दरवारमा निकासा हुने कुल रकममा तीन सयभन्दा बढी प्रतिशतले वृद्धि हुनुले सबैको पारिश्रमिक त्यही अनुपातमा बढेको ठोकुवा कर्मचारीहरूको छ (हेर्नुहोस् बक्स- राजा, रानी र परिवारको पारिश्रमिक) । राजदरवारले गर्ने करोडौं खर्चमा अडिट समेत नहुने हुँदा उनीहरूले बाहिर नल्याएको सूचना पूर्ण रूपमा गोप्य नै रहन्छ ।

तर लोकतन्त्र स्थापनापछि राजा, रानी,



तस्वीरहरू : समय

युवराजलगायत राजपरिवारका सदस्यको पारिश्रमिक घटेको विषयमा अर्थ मन्त्रालयले समेत मुख फोर्ने हिम्मत गरिरहेको छैन। अर्थमन्त्री रामशरण महतले जेठ १ गते प्रतिनिधिसभामा पेस गरेको श्वेतपत्र समेत यस विषयमा मौन रहनुले बिरालाको घाँटीमा कसले घन्टी झुन्ड्याउने भन्ने अवस्था अझै बाँकी रहेको पुष्टि हुन्छ।

अर्थ मन्त्रालय बजेट महाशाखाका कर्मचारी र अन्य उच्चपदस्थ अधिकारीबीच दुई सातादेखि राजारानीसहित राजपरिवारका सदस्यको तलब सुविधा घटेको विषयमा चर्चा भइरहे पनि त्यसलाई स्मरण गराउने हिम्मत कसैले गर्न सकेको छैन। राजदरवार खर्च अध्यादेश निष्क्रिय भएकोबारे दरवार भने अनभिज्ञताको नाटक गरिरहेको छ।

स्रोतका अनुसार राजदरवार ढुकुटी विभाग, खर्च विभाग लगायतले जेठ महिनामा पनि पुरानै कानुनी व्यवस्थानुसार राजपरिवारका नाममा खर्च गरे। अर्थ मन्त्रालयले स्मरण नगराएसम्म दरवारले यस्तो बलमिचाइँ जारी राख्ने आरोपसमेत लागेको छ। ऐनका पुरानै प्रावधान लागू भएपछि आगामी आर्थिक वर्षदेखि राजपरिवार र दरवारको खर्च आंशिक पारदर्शी हुन्छ।

विज्ञहरूले खारेज वा निष्क्रिय भएको अध्यादेशले जुन जुन प्रावधान संशोधन गरेको थियो त्यो हटेर पुरानै कायम हुने बताउँछन्। महान्यायाधिवक्ता कार्यालय र कानुन मन्त्रालयका अनुसार खारेज वा निष्क्रिय भएपछि अध्यादेशमार्फत ल्याइएका व्यवस्था सबै अमान्य हुन्छन् र अध्यादेश आउनुपूर्वकै कानुन लागू हुन्छ। महान्यायाधिवक्ता यज्ञमूर्ति बन्जाडे भन्छन्, 'अध्यादेश खारेज भएपछि पुरानै अवस्थामा फर्कन्छ।' नयाँ कानुन मस्यौदा गरेर अध्यादेश ल्याएको भए खारेजीपछि तावेदारी समाप्त हुन्छ। अर्थ मन्त्रालयले अबका दिनमा राजदरवारको खर्च पारदर्शी गर्नु पर्ने उनले बताए।

अध्यादेश खारेजी वा निष्क्रिय भएपछि त्यस्ता कानुन जारी हुनुअघिको अवस्थामा फर्कने जानकारी कानुन मन्त्रालयले दिएको छ। खारेज भएको कुनै कानुन विशेषको नाम नलिई कानुन मन्त्रालयका सचिव डा. कुलरत्न भूर्तेल भन्छन्, '६ महिनाको म्यादभित्र अध्यादेशलाई अनुमोदन नगरिएमा वा खारेज घोषणा गरेमा त्यसअघि जे व्यवस्था थियो त्यो नै आकर्षित हुन्छ।'

राजपरिवारका सदस्यको तलब के-कति छ भन्ने जानकारी दुई महिनाभित्र सार्वजनिक हुने निश्चित छ। चार वर्षदेखि अचाक्ली रूपमा बढिरहेको राजा र परिवारको पारिश्रमिकमा कार्यगत लगाम आगामी बजेटले दिनेछ।

२०५८ जेठसम्म राजपरिवारका २३ सदस्यले सरकारी ढुकुटीबाट तलब पाउने गरेकोमा दरवार हत्याकाण्डमा ८ सदस्य घटेका थिए। मुगुको रारातालमा भएको हेलिकोप्टर दुर्घटनामा अधिराजकुमारी प्रेक्ष्याको रहस्यपूर्ण निधन भएपछि राज्यकोषबाट तलब पाउनेको संख्या १४ मात्र कायम भयो।

लाखौं पारिश्रमिक पाउने नौ सदस्यको असामयिक मृत्यु हुँदा पनि त्यो आर्थिक वर्षमा



**असोज १८ पछि ज्यामितीय श्रेणीमा वृद्धि हुन थालेको राजपरिवार खर्च यसपाला ८ करोड पुगेको छ। राजाको सक्रिय शासनअघि राजपरिवारको वार्षिक तलब १ करोडभन्दा कम थियो भने पञ्चायतकालमा ५० लाख पनि पुग्दैनथ्यो।**

| | पञ्चायत | प्रजातन्त्र | असोज १८ पछि |
|---|---|---|---|
| राजा | ३६ लाख | ४८ लाख | गोप्य |
| रानी | २ लाख ५० हजार | १२ लाख | गोप्य |
| युवराज | ४ लाख | १२ लाख | गोप्य |
| मुमा बडामहारानी | ३ लाख | २४ लाख | गोप्य |
| अधिराजकुमारी | २ लाख २५ हजार | ३ लाख | गोप्य |
| शाहज्यादा/ज्यादी | १ लाख ५० हजार | ३ लाख | गोप्य |

राजपरिवारका नाममा दरवारमा जाने रकममा कुनै कमी आएन। राजा ज्ञानेन्द्रको एकवर्षे शासनकाल पूरा भएपछि राजपरिवारका नाममा दरवार जाने रकममा ज्यामितीय श्रेणीमा बढोत्तरी सुरु भयो। राज्यबाट तलब पाउने सदस्य संख्या चालीस प्रतिशत घटे पनि शेरबहादुर देउवा सरकार र असोज १८ पछि राजाको निगाहमा बनेका सबै सरकारबीच राजपरिवार पारिश्रमिक शीर्षकमा बढी रकम टक्र्याउने होडबाजी नै चलेको तथ्यांकले प्रस्ट पार्छ।

२०५९ सालमा जेठमा प्रतिनिधिसभा विघटन भएपछि अध्यादेशमार्फत आएको बजेटमा पारिश्रमिकको रकममा ३०० प्रतिशतले वृद्धि भयो। आर्थिक वर्ष २०५८/५९ मा संसद्ले १ करोड ८ लाख विनियोजन गरेकोमा त्यसपछिका चार आर्थिक वर्षमा सवा तीन करोडको हाराहारीमा पारिश्रमिकबापत भुक्तानी भयो। राजपरिवार बजेटअन्तर्गत हिसाब नम्बर ९५-३-९४१ बाट चार वर्षमा थप ११ करोड राजपरिवारको पारिश्रमिकको नाममा दरवार निकासा भएको दाबी महालेखानियन्त्रकको कार्यालयको छ।

देउवा सरकार बर्खास्त गरी राजाले प्रत्यक्ष शासन सुरु गरेपछि राजपरिवारको पारिश्रमिकका लागि त्यसरी चोरबाटोबाट थप निकासा लान सुरु भएको खुलासा भएको छ। सरकारको व्यय अनुमानको विवरण (रातो किताब)मा २०५९/६०, ६०/६१, ६१/६२ वर्षको २ करोड रुपैयाँको दरले त्यस्तो रकम राजपरिवारका लागि गएको देखिन्छ। विशाल अन्तरको नयाँ कीर्तिमान कायम गर्दै चालू आर्थिक वर्षमा सोही बाटोबाट पाँच करोड राजपरिवारको पोल्टामा परिसकेको छ।

'रातो किताबमा अन्य शीर्षकमा देखाएर दरवार निकासा दिइने रकम सीधै राजाको पोल्टामा जान्छ', महालेखानियन्त्रक स्रोत भन्छ, 'राजदरवार निकासा गएको रकमको हिसाबकिताब भित्र नै हुने हुँदा हामीलाई विस्तृत जानकारी हुँदैन।' ■

**जनआन्दोलनको सफलतापश्चात्** युनिफाइड कमान्ड भंग भई सशस्त्र र जनपद प्रहरीले शाही सेनाको अधीनबाट छुटकारा पाए। लामो समयदेखि खिन्न रहेका जनपद र सशस्त्र प्रहरीमा खुसीको आभास देखियो केही दिन, तर रायमाझी आयोग र सरकारले प्रहरीको मनोबल क्षणिक तुल्याइदिए।

रायमाझी आयोगले हचुवाको भरमा तीन सुरक्षानिकाय जनपद, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धानका प्रमुखहरूलाई निलम्बनको सिफारिस गरेपछि ती निकायका सकल दर्जा दुखी भएका छन्। अर्कोतिर रायमाझी आयोगकै नाममा मन्त्रिपरिषद्ले वैशाख २९ गते जनपद र सशस्त्रका ६ उच्च प्रहरी अधिकृतलाई निलम्बन गरेपछि निराशाको आयतन अरू बढेको छ।

निलम्बन परेकामध्ये सशस्त्रका दुर्जकुमार राई र माधव थापा आन्दोलन दबाउन अमानवीय किसिमले उद्यत भएका कारण मानवअधिकार आयोगको समेत तारेख खेपिरहेका व्यक्ति हुन्। तर, निलम्बनमा परेकामध्ये सशस्त्रका एआइजी रविराज थापा, जनपदका एआइजीत्रय राजेन्द्रबहादुर सिंह, रूपसागर मोक्तान र कृष्ण बस्नेतमाथि अन्याय भएको आवाज मसिनो स्वरमा उठिरहेको छ।

जनआन्दोलनबाट स्थापित सरकारले प्रहरीलाई जनभावना बोक्न सक्ने बनाउन कोसिस गर्नुपर्नेमा निलम्बनले प्रहरी संयन्त्रलाई दुखी तुल्याएको बुझिएको छ। यसले गर्दा उनीहरूको मनोबलमा नकारात्मक असर परेको छ। जेठ २ गते थापाथलीमा सानो समूहले चारवटा सरकारी मोटर जलाएको एक घन्टासम्म घटनास्थलमा कोही पनि प्रहरी नआइपुग्नुलाई उनीहरूको मनोबल कति गिरेको रहेछ भन्ने ज्वलन्त उदाहरण मान्ने धेरै छन्।

प्रहरीको उपल्लो दर्जाका अधिकारीमाथि धावा बोल्दा पीडित भएका छन्, एआइजी राजेन्द्रबहादुर सिंह। अपरेसन प्रमुख भनिए पनि आन्दोलन अवधिमा उनी दुई साता विदेशमा थिए।

समानताको व्यवहार नभएको उदाहरण प्रस्ट हुने उदाहरण बनिरहेका सिंहलाई जुन विभागको प्रमुख भएकोमा कारबाही गरियो, सशस्त्रमा त्यही काम गर्नेलाई केही नभएको मात्र होइन, पुरस्कृत नै गरिएको छ। यसले सरकार नीति नियमभन्दा पनि व्यक्ति हेरेर कारबाहीमा उत्रिएको पुष्टि भएको छ।

सशस्त्रका अपरेसन विभाग प्रमुख एआइजी वासुदेव ओलीले सबै खतमा आममाफीको माला पहिरिरहेका छन्। सशस्त्र प्रहरी बलले आन्दोलनमा धेरैको हत्या गरेको र घाइते बनाएको भए पनि त्यसैको जिम्मा लिएका ओली पुरस्कृत भएका छन्। सबैभन्दा वरिष्ठ एआइजी रविराज थापा मानव संसाधन विभागका प्रमुख थिए तर उनी अनाहकमा निलम्बनमा परेका छन्। खुला प्रतिस्पर्धाबाट संयुक्त राष्ट्रसंघ ड्रग ब्युरोमा एक वर्ष काम गरेका थापा प्रहरीमा रहेका सीमित बौद्धिकमध्येको अग्रणी नाम हो। गृहमन्त्री कृष्णप्रसाद सिटौला र परराष्ट्रमन्त्री केपी ओलीको कृपा झापा स्थायी घर भएका वासुदेव ओलीमाथि थियो होला।

त्यस्तै, तत्कालिन गृहमन्त्री र आइजिपीद्वय कारबाहीमा पर्दा गृहसचिव बालकृष्ण प्रसाईंले किन क्लिन चिट पाए ? त्यो अर्को प्रश्न बनेको छ।

राजेन्द्रबहादुर सिंहमाथि कारबाही गराउन र अहिलेको पजनीमा पूर्व गृहमन्त्री गोविन्दराज जोशीको हात रहेको आरोपसमेत लागिरहेको छ। दुनै काण्डमा सिंह मानसरोवर गएको आरोपमा तत्कालीन संस्थापनाले कारबाही गर्न खोजेको थियो, तर तत्कालीन गृहमन्त्री जोशी र आइजिपी अच्युतकृष्ण खरेलले राजीनामा दिनुपरेको थियो। यस्ता विषयमा सतर्क हुनु जरुरी छ। हैन भने फेरि दलहरू विवादमा आउँछन्।

सुरक्षाफौजको नेतृत्व गर्ने सेनालाई सबै दोषबाट उन्मुक्ति दिने, आदेश पालना गर्ने प्रहरीलाई प्रमुख अभियुक्त बनाएर फेरि एकपटक निमुखालाई अन्याय पर्ने सम्भावना छ। ■

# निमुखाको मुखमा घोचो !



निलम्बित प्रहरी महानिरीक्षकद्वय श्यामभक्त थापा र सहवीर थापा



तीलबहादुर गुरुङ

वेदप्रसाद रेग्मी

तस्वीरहरू : तेजबहादुर बस्नेत

# बिर्सिएकाहरू

**जनआन्दोलनको सफलतासँगै मुलुक अहिले शान्तिको बाटोमा अग्रसर छ। विद्रोही माओवादी र सत्तासीन सात दलका प्रतिनिधिहरू द्वन्द्व व्यवस्थापनमा लागी परेका छन्, तर यो क्रममा सशस्त्र द्वन्द्वका बेला बेपत्ता पारिएका र घाइते भएकाहरूलाई बिर्सिइएको छ। अहिले उनीहरू आफ्ना बारेमा कसैले सोचिदिन्छ कि भनेर आस गरेर बसेका छन्।**

'तपाई ओछ्यान परेको कति भयो ?' धेरै भएको छैन, जम्मा आठ वर्षमात्र भयो। यो जवाफ गोरखा, नाबु कोटका अठचालीस वर्षीय तीलबहादुर गुरुङको हो। आठ वर्षदेखिको पीडाले आजित गुरुङ भन्छन्, 'औषधीले दुखाइ मात्रै कम हुने भए पनि कस्तो हुँदो हो ?'

यस्तै पीडाबाट रुपन्देही केरुवानीका ४१ वर्षीय वेदप्रसाद रेग्मी दुई वर्षदेखि दुखी छन्। कतिखेर त विष पिएर मर्न पाए पनि हुन्थ्यो जस्तो हुन्छ उनलाई।

गुरुङ र रेग्मीले यो पीडा कुनै भयानक रोगले नभएर मुलुकमा विगत ११ वर्षदेखि चलेको जनयुद्धका क्रममा सशस्त्र विद्रोही माओवादीको हिंसात्मक क्रियाकलापको सिकार भएर सिर्जिएको हो।

गुरुङ तत्कालीन अवस्थामा नेपाली कांग्रेसबाट विजयी गाविस अध्यक्ष हुन् भने रेग्मी एमालेप्रति आस्थावान् सामाजिक कार्यकर्ता।

रेग्मी माओवादीको विचारप्रति सहमत नभएको र गुरुङ भने नेपाली कांग्रेसका उम्मेदवार काट्ने भन्ने कार्यक्रमको सिकार हुन पुगेको बताइन्छ।

खेतीपातीका साथै कपडा पसल गर्दै आएका गुरुङलाई २०५५ साल मंसिर ६ गते एकाबिहानै कपडा देखाउन लगाएर उनीमाथि गोली प्रहार गरिएको थियो। उनलाई पाँचवटा गोली लागेका थिए। त्यस दिनदेखि बिछौनामै दिसापिसाब गर्न विवश छन् उनी।

रेग्मी माथि २०६१ साल वैशाख २२ गते सम्साँझै आक्रमण गरिएको थियो। केही व्यक्तिले घरबाहिर बोलाएर केही पर लगेपछि कम्प्याट पोसाकमा आएका माओवादी कार्यकर्ताहरूले कोदालो प्रहार गरी उनको खुट्टाको हड्डी छिया छिया पारिदिए। दसपटकसम्म अपरेसन गर्दा पनि केही उपाय नलागेपछि अबको तीन महिनाभित्र खुट्टा काट्नु पर्ने विकल्प मात्र उनीसँग बाँकी छ।

उपचारको सिलसिलामा उनीहरू ऋणको भारले थिचिएका छन्। सुरुमा उपलब्ध गराइएको सरकारी सहयोगले मल्हमपट्टी मात्रै पनि किन्न नपुगेको उनीहरू बताउँछन्। दुवैको घरव्यवहार अस्तव्यस्त छ। रेग्मीले त दुई वर्षअघि एसएलसी उत्तीर्ण छोरालाई हालसम्म पनि कलेज भर्ना गर्न सकेका छैनन्। अपरेसन गर्नुअगाडि अस्पतालमा राख्नु पर्ने ४०-४५ हजार रुपैयाँ धरौटी पनि राख्न सकेका छैनन्। ४-५ लाख रुपैयाँको ऋण छ। ७ कट्ठा जग्गा धितो राखी गरेको व्यापार डुब्नाले जग्गा लिलाम हुने स्थितिमा पुगेको छ।

गुरुङको पनि उस्तै हालत छ। उपचारका क्रममा ७-८ लाख रुपैयाँ ऋण लागेको छ। रेग्मी र गुरुङ दुवै आफू कतै जान सक्ने स्थिति नभएको र उनीहरूको अवस्था बुझ्न कोही पनि नआएको उनीहरूको गुनासो छ। यी दुवैजना माओवादी पीडित संघप्रति असन्तुष्ट छन्। यी दुवैको गुनासो छ 'संघले सहयोगका लागि उचित व्यक्तिको पहिचान गर्न सकेको छैन। बाहिरबाट आएको सहयोग दुरुपयोग र हिनामिना भएको छ।'

युद्धविराम भएपछि बाह्रबुँदे समझदारीअनुरूप घर फर्कने वातावरण भए पनि दुवैजना घर नफर्कने बताउँछन्। यिनीहरू दुवैजनालाई आफू सन्चो हुनै कुरामा आशा मरेर गएको छ। व्यथा दिनप्रतिदिन बढ्दो छ। सन्चो भए पनि काम गरेर खान सक्ने शारीरिक स्थिति अब दुवैको हुने छैन। आफूहरू जस्ता व्यक्तिहरू र तिनीहरूप्रति आश्रितको दीर्घकालीन रूपमा गाँस, वास र कपासको व्यवस्था गरिनु पर्ने उनीहरूको माग छ। यदि त्यस्ता व्यक्तिहरूलाई उपेक्षा गरिएमा माओवादी जनयुद्ध अन्त्य भए पनि अर्को पक्ष हतियार उठाउन बाध्य हुने उनीहरू प्रस्ट्याउँछन्।

माओवादी पीडित संघमा आबद्ध हुनेमा माओवादी जनयुद्धका क्रममा विस्थापनमा परेका गुरुङ र रेग्मीको जस्तो स्थिति भएका व्यक्तिहरू कति छन् भन्ने स्पष्ट तथ्यांक छैन। माओवादी पीडित संघकी उपाध्यक्ष कमला राई यो कुरा स्विकार्दै भन्छिन्, 'ज्यादै अशक्त व्यक्तिहरू संघमा आउन नसक्ने अवस्था भएका कारण यस्तो परिस्थिति खडा भएको हो।' राईले माओवादी पीडितहरूको समस्या समाधान गर्न सरकारसमक्ष विभिन्न माग प्रस्तुत गरेको बताउँछिन्।

■ **अदिति शर्मा/काठमाडौं**

# फेरि दबाब !

**माओवादी समर्थित** विद्यार्थी संगठन अखिल क्रान्तिकारीले दुई वर्षअघि बन्द गराएको कास्कीको हिलसाइड बोर्डिङ स्कुल यसै शैक्षिक सत्रदेखि सञ्चालन भएकोमा विद्यालय सञ्चालन गरिएको केही दिनमै क्रान्तिकारीका तर्फबाट विद्यालयमा तालाबन्दी गरियो ।

शैक्षिक विशालबजारको आरोपमा क्रान्तिकारीको उर्दीपछि बन्द भएका मुलुकका सयौं विद्यालय लोकतान्त्रिक आन्दोलनको सफलतापछि पनि खुल्न सकेका छैनन् । अहिले पनि इलाम, पाँचथर, धनकुटालगायत विभिन्न जिल्लामा बन्द भएका निजी विद्यालयले यस वर्षको नयाँ शैक्षिक सत्रमा पनि पढाइ जारी राख्न सकेका छैनन् । अभिभावक र विद्यालय सञ्चालकको पहलमा पहिले बन्द भएर अहिले खुलेका विद्यालयलाई पनि क्रान्तिकारीले बन्द गर्ने चेतावनी दिइरहेका छन् । क्रान्तिकारीका अध्यक्ष लेखनाथ न्यौपाने निजी विद्यालयले समाजमा वर्गीय खाडल बढाएकाले आफ्नो संगठनले त्यस्ता विद्यालयलाई पक्षपोषण नगर्ने बताउँछन् । उनी भन्छन्, 'हाम्रो संगठन मुलुकमा दुई खाले शिक्षाको अन्त्य चाहन्छ, त्यसैले कुनै पनि कारणले पहिले बन्द भएका विद्यालय फेरि खुला गर्ने हाम्रो नीति छैन ।' अर्कोतर्फ, अहिले चलिरहेका निजी विद्यालय भने बलपूर्वक बन्द गराउने पक्षमा नरहेको पनि न्यौपाने बताउँछन् । यसबाट क्रान्तिकारीको निजी विद्यालयलाई हेर्ने पहिलेको दृष्टिकोणमा केही नरमपन आएको आभास भने पाउन सकिन्छ ।

मुलुकका विभिन्न भागमा पहिले बन्द भएका निजी विद्यालय फेरि सञ्चालन हुने वातावरण सिर्जना गरिनुपर्छ भन्ने माग निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन)ले राख्दै आएको छ । निजी विद्यालयको सकारात्मक पक्षलाई बेवास्ता गरेर सबै विद्यालयलाई एउटै कोटीमा राखेर व्यापारीकरणको संज्ञा दिन नमिल्ने तर्क प्याब्सनले अघि सार्दै आएको छ । नौ अर्बभन्दा बढी रकम निजी क्षेत्रबाट शिक्षामा लगानी भएको अवस्थामा निजी विद्यालयप्रति अफवाह फैलाउने काम उचित नभएको निजी विद्यालयका सञ्चालकहरू बताउँछन् ।

दुई वर्षअघि निजी विद्यालय व्यवस्थित गर्ने सवालमा मन्त्रालयले शुल्क सीमा निर्धारण गरेको थियो, तर त्यो शुल्कसीमा लागू भएको छ कि छैन भन्नेतर्फ कतैबाट अनुगमन भएको छैन । प्याब्सनले यो वर्ष शुल्क नबढाउने निर्णय गरे पनि धेरै विद्यालयले शुल्क वृद्धि गरेका छन् । निजी विद्यालयमा विकृति बढिरहेको कुरा बारम्बार नआएको पनि होइन, व्यवस्थित गर्ने प्रयास भने अहिलेसम्म असफल छ । निजी विद्यालयमा भएका कमीकमजोरी सुधारेर व्यवस्थित गरिनु पर्ने प्याब्सनका वरिष्ठ उपाध्यक्ष भोजबहादुर शाह बताउँछन् । राष्ट्रियकरणको कुरा असम्भव रहेको अहिलेको अवस्थामा निजी विद्यालयलाई व्यवस्थित गरेर गुणस्तरीय शिक्षा प्रदान गर्नु पर्ने उनको ठम्याइ छ । शाह भन्छन्, 'विद्यालय सञ्चालन गर्न नदिनु र आफूले छानेको विद्यालयमा आफ्ना बच्चा पढाउन पाइँदैन भन्नु नियमसंगत कुरा होइन । यस्ता कुरा अरूमाथि जबरजस्ती लाद्न खोज्नुले सोह्रौं शताब्दीको बर्बरताको झल्को दिन्छ । यस्ता माग जायज होइनन् ।'

निजी विद्यालयको राष्ट्रियकरणको विषय क्रान्तिकारीले धेरै पहिलेदेखि उठाइरहेको छ । तर, मुलुक आर्थिकरूपले जर्जर भएको अवस्थामा खासगरी सहरी क्षेत्रका निजी विद्यालय बन्द गरेपछि हुने विद्यार्थीको चाप र कार्यरत शिक्षक-कर्मचारीको भार थेग्न असम्भव प्रायः छ । राष्ट्रियकरण सुन्नमा न्यायपूर्ण लागे पनि व्यवहारमा लागू गर्न तत्काल सम्भव नहुने देखिन्छ । वरिष्ठ उपाध्यक्ष शाह भन्छन्, 'निजी विद्यालय सञ्चालकको स्वार्थको लागि मात्र खुलेका होइनन्, निजी विद्यालयले पनि सामाजिक दायित्व निर्वाह गरिरहेका छन् । राज्यले पनि त सरकारी विद्यालयमा लगानी गरेको छ नि, खै त लगानीअनुसारको प्रतिफल ?'



लेखनाथ न्यौपाने

**राजनीतिक निहुँमा यी बालबालिका जहिल्यै अन्यायमा परिरहन्छन्**



समय

निजी विद्यालय तत्कालै राष्ट्रियकरण गर्न सकिँदैन भन्ने कुरा क्रान्तिकारीले पनि बुझिसकेको छ । त्यसैले निजी विद्यालय सधैंको लागि पूर्ण रूपले बन्द हुनुपर्छ भन्ने माग उठाउँदै आएको क्रान्तिकारीले निजी विद्यालय राष्ट्रियकरणको मुद्दालाई केही समयका लागि थाती राखेर निजी विद्यालयलाई व्यवस्थित गर्नुपर्ने माग राखेको छ । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई गत वैशाख २८ गते क्रान्तिकारीले दिएको नौबुँदे ज्ञापन पत्रमा निजी विद्यालयको शुल्क कटौती, शिक्षकको तलब सुविधा र आयव्यय पारदर्शिता जोडदाररूपमा उठाइएको छ ।

माउ पार्टी माओवादीले भन्दै आएकोजस्तै संसद् र सरकारको खारेज गरेर अन्तरिम विधान र सरकारको गठन गरेर संविधानसभामार्फत लोकतान्त्रिक गणतन्त्रमा जाने निर्णय आउनुपर्ने भन्ने राजनीतिक माग पनि प्रमुखतासाथ उठाएको छ क्रान्तिकारीले । विद्यार्थी संगठन भएर पनि अरू पार्टीले उठाएझैं गरी राजनीतिक मुद्दा उठाएको ? अध्यक्ष न्यौपाने भन्छन्, 'राजनीतिक मुद्दाले एउटा बाटो नसमातीकन अरू मुद्दा अघि बढ्छन् भन्नु बेकार हुन्छ । त्यसैले राजनीतिक मुद्दाको छिनोफानो गरेर मात्र शैक्षिक मुद्दामा जानुपर्छ ।' क्रान्तिकारीले २०६० साल असारदेखि आफ्नो संगठनको नामबाट चन्दा नलिएको जनाए पनि मुलुकका विभिन्न भागमा शिक्षक, कर्मचारीलगायत विभिन्न क्षेत्रका मानिसबाट चन्दा असुल्ने काम चलिरहेको छ ।

क्रान्तिकारीले पछिल्लोपटक सरकारलाई दिएको ज्ञापन पत्रमा उल्लेख गरिएका मागमध्ये केही अरू विद्यार्थी संगठनका मागसँग मिल्दा पनि छन् । अरू विद्यार्थी संगठनले उठाएझैं विद्यालय समुदायलाई हस्तान्तरण कार्यक्रमको खारेजी, शैक्षिक क्षेत्रलाई लोकतान्त्रीकरण गर्नेलगायतका मागमा समानता पाइन्छ ।

वैशाखको तेस्रो सातामात्र बागबजारमा कार्यालय राखेर सक्रियता बढाएको क्रान्तिकारी र अरू विद्यार्थी संगठनबीच कार्यगत एकता हुने अवस्था नरहेको विद्यार्थी नेताहरू बताउँछन् । अनेरास्ववियुका अध्यक्ष खिमलाल भट्टराई भन्छन्, 'क्रान्तिकारीले उठाएका धेरै माग हाम्रा मागसँग पनि मिल्दाजुल्दा छन्, तर अहिलेको अवस्थामा हामी आ-आफ्नो ठाउँबाट संघर्ष गरिरहेका छौं, कार्यगत एकताको कुरै आएको छैन ।'

माओवादी र सरकारबीच हुन लागेको वार्ताको पूर्वसन्ध्यामा क्रान्तिकारीले उठाएको मागलाई वार्ताले अनिवार्यरूपमा सम्बोधन गरिनुपर्ने अडान छ उसको । क्रान्तिकारीले भविष्यमा माउ पार्टीको अधिवक्ता भएर राजनीतिक माग कि शैक्षिक माग पूरा गराउने दिशामा प्रतिबद्ध भएर अघि बढ्छ, त्योचाहिँ हेर्न बाँकी नै छ ।

■ छत्र कार्की/काठमाडौं

**नेपालको भूराजनीतिक अवस्थितिका कारण सेनाको आवश्यकता नै छैन कि भन्ने बहस पनि सुरु भएको छ । शाही नेपाली सेनाको अहिलेको संरचना, आकार र कार्यशैली यान्त्रिक, अपारदर्शी, विभेदकारी, भद्दा र माथिको निगाहमा चल्ने भएकाले यसलाई सुरक्षाको एक्काइसौं शताब्दीको नयाँ अवधारणानुसार (जवाफदेहिता, उत्तरदायित्व, पारदर्शिता, समावेशीकरण, सैनिक–नागरिक सम्बन्ध तथा नागरिक प्रशासनको मातहत र निर्देशन) चल्ने बनाई योग्यता, क्षमता र दक्षताको आधारमा कार्यसम्पादन र मूल्यांकनका आधारमा संचालन गर्नु पर्दछ ।**



# पुनर्संरचना आवश्यक

■ डा. विष्णुराज उप्रेती

**शान्तिपूर्ण जनआन्दोलनको** सफलतापछि मुलुक राजनीतिक, आर्थिक, सामाजिक, सुरक्षा र परराष्ट्रलगायतका सबै क्षेत्रको आमूल रूपान्तरणको चौबाटोमा उभिएको छ । जनआन्दोलनको मर्म र आकांक्षा तथा एक्काइसौं शताब्दीको सुरक्षा अवधारणाअनुरूप नेपाली सेनाको पुनर्संरचना र रूपान्तरण आवश्यक छ । सात दल र माओवादीबीच भएको बाह्रबुँदे समझदारीले यो सवाल अगाडि बढाउन सामान्य सैद्धान्तिक खाका पनि प्रदान गरेको छ । अहिले सेनाको पुनर्संरचना र रूपान्तरण अलि कम बुझाइकै आधारमा बहसको एक प्रमुख विषय भएकाले जनताको ठूलो आकांक्षाको तुलनामा सतहीजस्तो पनि लाग्छ । लोकतन्त्रकै मूल्यमा २०६१ माघ १९ गते राजा ज्ञानेन्द्रद्वारा चालिएको अति महत्त्वाकांक्षी कदम पूरा गर्न सेनाले खेलेको गलत भूमिका, जनआन्दोलनको विपक्षमा उभिएको स्थिति र आफूलाई आमजनताभन्दा भिन्न र विशिष्ट देख्ने सोचाइ, नातावाद, चाकरीको गहिरो संस्कार र सेनाभित्र रहेको स्रोत साधनको व्यापक दुरुपयोग जस्ता कारणले आमजनता सेनाप्रति असन्तुष्ट छ । यसैले पनि सुरक्षा क्षेत्रमा व्यापक परिवर्तन आवश्यक देखिएको हो, तर केही यथास्थितिवादीहरू र सेनाको नजिकमा रहेकाहरू भने मसिनो स्वरमा अहिलेको जटिल अवस्थामा सेनालाई चलाउन नहुने तर्क पनि गरिरहेका छन् ।

## सेनासम्बन्धी सवालहरू

शाही नेपाली सेनाको नाम परिवर्तन, दरबारको सैनिक सचिवालय खारेज, राजालाई सेनाको परमाधिपतिबाट अलग गरी सैनिक पोसाकबाट बाहेक, सेनालाई संसद्को मातहत र प्रधानमन्त्रीको निर्देशनमा संचालन, सेना पारदर्शी, जनआन्दोलन दबाउने सेनाका प्रमुख लगायतका अधिकृतहरूमाथि कारबाही, माथिल्लो तहबाट भएका पेट्रोल, ठेक्कापट्टा, निर्माण, सैनिक हतियार, गाडी र बन्दोबस्तीका सामान खरिद, श्रीमती संघका गतिविधिहरूमा भएको व्यापक भ्रष्टाचार र कमिसनको छानबिनलगायतका मुद्दाहरू अहिले चर्को रूपमा उठिरहेका छन् । यसअतिरिक्त मानवअधिकार व्यापक हनन गर्नेहरूमाथि छानबिन गरी मुद्दा चलाउने, सेनाको संख्या घटाउने, सैनिक कल्याणकारी कोषमा रहेको ठूलो रकम सेनाको संरचनागत सुधारमा लगाउने, तल्लो दर्जाका कर्मचारीहरूमाथि भएका र हुने भेदभाव अन्त गर्नेजस्ता विषयमा जनस्तरबाट व्यापक रूपमा बहस भइरहेको छ । सेनाका पूर्व जर्नेलहरूले पनि यस्ता सवाल उठाउन थालेका छन् भने खासगरी पहिलो संकटकालदेखि आमनागरिकले सेनाका कारण सुरक्षित हैन असुरक्षित महसुस गर्न थाले । सुरक्षाका अन्य दुई निकाय सशस्त्र प्रहरी र नेपाल प्रहरी पनि यस्तै खालका विवादमा छन् ।

अहिले जनआन्दोलनको परिणामस्वरूप राज्यको पुनर्संरचनाको बहसको सुरुवातसँगै यी सवाल सार्वजनिक रूपमा उठेकाले गहिरो बहस र विश्लेषण गरी सेनाको पुनर्संरचना र रूपान्तरण गर्नु आवश्यक छ ।

## सेनाको पुनर्संरचना र रूपान्तरणका आधारभूत सिद्धान्तहरू

१) **जवाफदेहिता र उत्तरदायित्वः** सेना राजाको सेवा र राजमुकुटप्रति वफादार हैन जनता र जनताले छानेको जनप्रतिनिधि परिषद् (संसद्)प्रति जवाफदेही, राष्ट्को सेवा र जनताप्रति जिम्मेवार हुनुपर्छ ।

२) **पारदर्शिताः** राष्ट्रिय सुरक्षाका अहं सवाल र सरोकारबाहेक सेनाको आचरण, आयव्यय, स्रोतसाधनको प्रयोग लगायतका सम्पूर्ण गतिविधि पारदर्शी हुनुपर्छ ।

३) **समावेशीकरणः** योग्यता र क्षमताको आधारमा राष्ट्रमा रहेको विविधताको प्रतिनिधित्व भएको सेनाको समावेशी संरचना हुनुपर्छ ।

४) **सैनिक–नागरिक सम्बन्धः** सेनाप्रति जनताको विश्वास र जनताप्रति सेनाको वफादारी सुनिश्चित हुनुपर्छ ।

५) **राष्ट्रिय सुरक्षा नीतिः** सेनाको पुनर्संरचना र रूपान्तरण जटिल र दीर्घकालीन असर पर्ने प्रकृतिको हुने भएकाले प्रस्ट र राष्ट्रिय सहमतिको आधारमा दीर्घकालीन सुरक्षा नीति बनाई सोहीअनुरूप गठन हुने राष्ट्रिय सुरक्षापरिषद्को नेतृत्वमा सेना परिचालनको व्यवस्था गरिनुपर्छ ।

६) **नागरिक प्रशासनको मातहत र निर्देशनः** न्यायिक क्षेत्रको कानुनी नियन्त्रण र संसद्को नीतिगत रेखदेखमा सैनिक संरचनाले जनताप्रति वफादार भई काम गर्नुपर्छ ।

## अहिले उठेका प्रमुख विषय

अहिले नेपालमा सबैभन्दा ठूलो चुनौती भनेको शाही नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र माओवादी जनमुक्ति सेनाको समग्रतामै पुनर्गठन गरी सुरक्षा क्षेत्र सुधारको अवधारणाअनुरूप जनउत्तरदायी, पारदर्शी र उचित संख्यामा नेपाली राष्ट्रियसेना र प्रहरीमा रूपान्तरण गर्नु नै हो । सुरक्षा क्षेत्रको पुनर्संरचनामा प्रमुख रूपमा टुंगो लगाउनु पर्ने सवाल निम्नअनुसार छन् :

### १) सेनाको संरचना, आकार र कार्यविधिको मूल्यांकन र पुनर्गठन

अहिलेसम्म सेनाको संस्कृति, अभ्यास र बानी व्यहोरा व्यक्ति केन्द्रित र पुरातनवादी भएकाले राजनीतिक परिवर्तनसँगै सेनाको संरचना, आकार र कार्यविधिको मूल्यांकनका आधारमा यसको पुनर्गठन र आधुनीकरण अहिलेको प्रमुख कार्य हो ।

नेपालको भूराजनीतिक अवस्थितिका कारण सेनाको आवश्यकता नै छैन कि भन्ने बहस पनि सुरु भएको छ । शाही नेपाली सेनाको अहिलेको संरचना, आकार र कार्यशैली यान्त्रिक, अपारदर्शी, विभेदकारी, भद्दा र माथिको निगाहमा चल्ने भएकाले यसलाई सुरक्षाको एक्काइसौं शताब्दीको नयाँ अवधारणानुसार (जवाफदेहिता, उत्तरदायित्व, पारदर्शिता, समावेशीकरण, सैनिक-नागरिक सम्बन्ध तथा नागरिक प्रशासनको मातहत र निर्देशन) चल्ने बनाई योग्यता, क्षमता र दक्षताको आधारमा कार्यसम्पादन र मूल्यांकनका आधारमा संचालन गर्नु पर्दछ ।

अहिले युद्ध रणनीतिमा केन्द्रित रहेर सेनाको विस्तार भइरहेकाले सुरक्षाकर्मीको संख्या धान्नै नसकिने गरी बढाइएको छ । सेनाको संख्या निर्धारण गर्दा मुख्यतया दुई सिद्धान्तको प्रयोग गरिन्छ । ती हुन् : **कार्य आवश्यकता र स्रोतको उपलब्धता ।** अहिलेको बदलिँदो परिस्थिति, सेनाको संख्या निर्धारण गर्ने सिद्धान्तको आधार र अन्य द्वन्द्वरत देशको अनुभवका आधारमा सेनाको संख्या ३५-४० हजारभन्दा बढी आवश्यक देखिँदैन । यसरी भइरहेको सेनाको संख्या कटौती गर्दा केही जटिलता आउने हुँदा यसको सम्बोधनका लागि स्थापित मान्यताअनुरूप काम गर्नु पर्दछ । जसमा मानवअधिकार हननको मूल्यांकन, स्वेच्छा, आर्थिक

प्याकेज, सेवा अवधि, रोजगारीका अन्य विकल्प आदि पर्छन् ।

अहिले सुरक्षाकर्मीको छनोट, तालिमको विषय, रिपोर्टिङ, कार्यसम्पादन, सरुवाबढुवा, मूल्यांकन, वैदेशिक तालिम तथा शान्तिसेनामा पठाउने प्रक्रिया आदि आधुनिक सुरक्षा संगठनको व्यवस्थापनका मान्यता र सिद्धान्तअनुरूप नभएकाले सेनाको पुनर्गठन गर्दा यी सवालको सम्बोधन गरिनु पर्दछ ।

**२) सशस्त्र प्रहरीको औचित्य**

सशस्त्र प्रहरीबलको स्थापना नै अल्पकालीन र विद्रोही माओवादी नियन्त्रणको उद्देश्यले भएको, यसको कार्यशैली आधुनिक सुरक्षा व्यवस्थाका विधि र सिद्धान्तको विपरीत भएको (यसको पछिल्लो प्रमाण हो सशस्त्र प्रहरीले जनआन्दोलन दबाउन देखाएको बर्बरतापूर्ण रवैया), यो संगठनको स्थापनाबाट सुरक्षाका अन्य अंगहरूमा देखिएको असन्तुष्टिका कारण यिनीहरूबीच रहेको गहिरो द्वन्द्वका कारण यस संगठनको औचित्यमाथि प्रश्न उठेको र देशको बदलिएको परिस्थितिमा सुरक्षाकर्मीको संख्या घटाउनु पर्ने आवश्यक देखिएको हुँदा सशस्त्र प्रहरीको संरचना खारेज गर्नु व्यवहारिक देखिन्छ ।

**३) नेपाल प्रहरीको आधुनिकीकरण**

अहिलेसम्मको विश्वको अनुभवमा सशस्त्र द्वन्द्वपश्चात्को समयमा शान्ति सुरक्षा कायम गरी देशमा राजनीतिक स्थिरता बनाउन प्रहरीको अहं भूमिका रहेको देखिन्छ । कुनै पनि समाजमा नागरिकसँग नजिक रहेर शान्ति सुरक्षा कायम राख्ने जिम्मेवारी प्रहरीको हुने हुँदा यो संरचनालाई सुरक्षा क्षेत्र सुधारको अवधारणानुसार जवाफदेहिता, उत्तरदायित्व, पारदर्शिता र मानवअधिकारको संरक्षणका आधारमा आधुनीकरण गरी चुस्त र प्रभावकारी बनाउनु पर्ने देखिन्छ । युद्धले क्षतविक्षत समाजमा शान्ति सुरक्षा कायम गरी जनमानसमा आशा जगाउन प्रहरीबलको सुदृढीकरण गरी नागरिक प्रशासनको प्रत्यक्ष निर्देशन र अनुगमनअन्तर्गत राखिनु पर्दछ ।

**४) माओवादी हतियारको व्यवस्थापन र जनमुक्ति सेनाको समायोजन**

अहिले माओवादीसँग भएका हतियारको व्यवस्थापन र माओवादी जनमुक्ति सेनाको निरस्त्रीकरण वा उनीहरूलाई राष्ट्रिय सेनामा समायोजन गर्ने विषय निकै चर्चामा छ । द्वन्द्वरत देशहरूको अनुभवले पनि प्रमाणित गरेको छ, यदि देशमा दिगो शान्ति स्थापना गर्ने हो भने विद्रोही पक्षसँग भएको हतियार र उनीहरूसँग रहेको सेनाको व्यवस्थापनको विधि, प्रक्रिया र विकल्प जस्ता विषयमा विशेष ध्यान दिनु पर्दछ । माओवादीसँग अहिले कति जनमुक्ति सेना छन् र कति र कस्ता प्रकारका हतियार छन् भन्ने यथार्थ जानकारी उनीहरूबाहेक कसैसँग छैन । यो तथ्यांकविना यी दुवै सवाललाई सही सम्बोधन गर्न सकिँदैन ।

अहिले राज्यमा सेनाको संख्या अत्यधिक भएकाले

**अहिले राज्यमा सेनाको संख्या अत्यधिक भएकाले यो संख्या ठूलै मात्रामा कटौती गर्नु पर्ने स्थिति छ । त्यसैले पनि भएकाले र माओवादीका सबै जनमुक्ति सेनालाई राष्ट्रिय सेनामा समायोजन गर्न कठिनाइ हुन सक्छ । उनीहरूलाई योग्यता र क्षमताका आधारमा अन्य क्षेत्र (प्रहरी, विकास संरचनाको सुरक्षा, वैदेशिक रोजगारी, सीपमूलक आयआर्जन कार्यक्रम)मा समावेश गराउनै पर्दछ । अन्यथा जीविकोपार्जनको उचित विकल्प नहुँदा उनीहरू फेरि हिंसामा फर्कन सक्छन् ।**

यो संख्या ठूलै मात्रामा कटौती गर्नु पर्ने स्थिति छ । त्यसैले पनि भएकाले र माओवादीका सबै जनमुक्ति सेनालाई राष्ट्रिय सेनामा समायोजन गर्न कठिनाइ हुन सक्छ । उनीहरूलाई योग्यता र क्षमताका आधारमा अन्य क्षेत्र (प्रहरी, विकास संरचनाको सुरक्षा, वैदेशिक रोजगारी, सीपमूलक आयआर्जन कार्यक्रम)मा समावेश गराउनै पर्दछ । अन्यथा जीविकोपार्जनको उचित विकल्प नहुँदा उनीहरू फेरि हिंसामा फर्कन सक्छन् ।

माओवादी हतियार व्यवस्थापनको सवाल आगामी दिनहरूमा प्रमुख मुद्दा बन्नेछ । माओवादी र सात दलबीचको बाह्रबुँदे समझदारीमा यो सवाल पनि परेकाले सैद्धान्तिक रूपमा यसको लागि खाका उपलब्ध भए पनि व्यवहारिक रूपमा धैरै जटिलता आउन सक्छन् । माओवादी हतियारको व्यवस्थापनलाई समग्र परिवर्तन व्यवस्थापनको एक अंगको रूपमा हेरिनु पर्छ । विभिन्न द्वन्द्वरत देशमा विद्रोहीहरूका हतियार व्यवस्थापनका लागि खास खास विधि अंगीकार गरेको देखिन्छ । नामिबियामा संयुक्त राष्ट्रसंघले आफ्नै इन्फोर्समेन्ट फोर्सद्वारा विद्रोही र राज्यको सेना र उनीहरूका हतियारलाई निष्क्रिय गराई आफैले निर्वाचन सम्पन्न गराएको थियो । अंगोलामा युएन अंगोला भेरिफिकेसन मिसन र पछि युएन मिसन इन अंगोला (सन् २००२) मार्फत निरस्त्र सेना र प्रहरीका साथै नागरिक निर्वाचन अवलोकनकर्ता खटाई निर्वाचनमा राज्य र विद्रोही सेनाबाट हुन सक्ने हतियारको प्रयोगको खतरा न्यूनीकरण गरिएको थियो ।

**द्वन्द्वरत देशमा विद्रोहीको हतियारको व्यवस्थापन:**

क) द्वन्द्वरत देशमा विद्रोही सेनालाई हतियारसहित निश्चित आवास क्षेत्रमा (क्वार्टरिङ र इनक्याम्पमेन्ट) राख्न सकिन्छ ।

ख) हतियार संकलन गरी ठूला भण्डारहरू (कन्टेनर)मा राखी ताला लगाएर अन्तर्राष्ट्रिय सुनिश्चितकर्ता (ग्यारेन्टर)ले साँचो राख्ने र सम्झौता कार्यान्वयनपछि हतियार नष्ट गर्न सकिन्छ ।

ग) निश्चित भौगोलिक क्षेत्रलाई निषेध क्षेत्र (नो गो जोन) घोषणा गरी विद्रोही सेनालाई उक्त क्षेत्रमा राख्ने र राज्यको सेनालाई ब्यारेकमा सीमित राख्न सकिन्छ ।

तर विद्रोहीको सेना र हतियार व्यवस्थापन गरेर मात्र पुग्दैन । राज्यको सेनालाई पनि उनीहरूले शान्ति प्रक्रिया र सम्झौता कार्यान्वयनमा अवरोध नपुऱ्याउने सुनिश्चितता गर्नु पर्दछ । यसका लागि राज्य र विद्रोही पक्षबीच सहमति भई अन्तर्राष्ट्रिय र राष्ट्रिय अनुगमन र पर्यवेक्षणको व्यवस्था गरिनु पर्दछ ।

**५) मानवअधिकार हननकर्ता सुरक्षाकर्मीमाथि न्यायिक कारबाही**

सशस्त्र द्वन्द्व भएका देशहरूमा मानवअधिकारको हनन सबैभन्दा प्रमुख मुद्दा हो र यो सवाललाई अन्तर्राष्ट्रिय मापदण्ड र प्रक्रियाअनुरूप सम्बोधन गर्न राज्य र विद्रोही पक्ष सहमत भई दुवै पक्षका मानवअधिकार हननकर्तालाई न्यायिक कारबाही गरिनु पर्दछ । मानवअधिकार हननकर्तालाई न्यायिक कठघरामा नल्याए दण्डहीनता बढ्न गई एकातिर अपराध कायम रहने र अर्कोतर्फ पीडित पक्षमा अन्यायको पीडा रहिरहने हुँदा शान्ति सम्झौता कार्यान्वयन गर्न समेत कठिनाइ पर्दछ ।

**६) राष्ट्रिय सुरक्षा नीतिको तर्जुमा**

आधुनिक सुरक्षा व्यवस्थाको अवधारणा, परिवर्तित राजनीतिक परिस्थिति र नेपालको भौगोलिक-राजनीतिक अवस्थितिसमेत आत्मसात गरी नयाँ राष्ट्रिय सुरक्षा नीतिको तर्जुमा गरी यसै नीतिअनुरूप नेपालको सेना र जनपद प्रहरीको पुनर्गठन र सशस्त्र प्रहरीको खारेजी, माओवादी 'जनमुक्ति सेनालाई राष्ट्रिय सेनामा रूपान्तरण गर्नेलगायतका सुरक्षासम्बन्धी सम्पूर्ण सवालको सम्बोधन गरिनु पर्दछ ।

## माओवादीसँग वार्ता र सम्झौता

संविधानसभाको विधि, प्रक्रिया र प्रतिनिधित्व, माओवादीसँग भएका हतियार व्यवस्थापन र निरस्त्रीकरणको विधि र प्रक्रिया, सुरक्षा क्षेत्रको पुनर्संरचना, आन्तरिक रूपमा विस्थापितहरूको व्यवस्थापन, मानवअधिकार हननसम्बन्धी छानबिनसहितका सबै महत्त्वपूर्ण सवालमा दुवै पक्ष सहमतिमा पुगेपछि त्यसलाई शान्ति सम्झौता (पिस एकर्ड)मा समावेश गरी हालको सरकार र माओवादी पक्षका प्रतिनिधिहरूले हस्ताक्षर गरिसकेपछि त्यो सम्झौता कार्यान्वयन गर्न दुवै पक्ष र नागरिक समाजका प्रतिनिधिसहितको शक्तिसम्पन्न अन्तरिम सरकारको गठन गर्नु पर्ने हुन्छ । अहिले राज्यको लागि यो निकै जटिल र महत्त्वपूर्ण सवाल हो । ■

**आगामी दिनमा नेपाली सेनाको निष्ठा र वफादारी राजतन्त्रको अस्तित्व जोगाउन जनताविरुद्ध संगठित वा परिचालित हुन होइन, सार्वभौम नेपाली जनताको सर्वोपरि हितको सुनिश्चय र अधिकार रक्षाका लागि हुनु पर्दछ । जनताप्रति उत्तरदायित्व बहन गर्नु नपर्ने माथिको आदेशलाई होइन, जनताको ऊर्जाबाट सिञ्चित शक्तिको आदेशलाई शिरोधार्य गर्नु पर्दछ– सुरक्षाका तमाम अंगहरूले ।**



■ श्रीकान्त रेग्मी

# सुधारको प्रश्न

**मुलुक यति खेर** जनआन्दोलनका उपलब्धिहरूको जगेर्ना र संस्थापनमा सशस्त्र बलबाट भविष्यपर्यन्त चुनौती आउनै नपाउने व्यवस्थाको सुनिश्चय गर्नेतर्फ ध्यानाकर्षित हुनु स्वभाविक हो । प्रजातन्त्रको संस्थापनका सिलसिलामा सशस्त्र बलउपर प्रजातान्त्रिक नियन्त्रणको संस्थागत ढाँचा महत्त्वपूर्ण रहेको हुन्छ । निर्वाचित सरकारले सेनालाई आफूअधीनस्थ राख्न विफल भएको अवस्थामा सिर्जना हुने सैन्य स्वायत्तताको स्थिति अक्सर प्रजातन्त्रप्रतिकूल हुने गरेको देखिन्छ । प्रजातन्त्रमा सशस्त्र बलजस्तो मौलिक सवालमा सरकारले जवाफदेहीबाट छुट पाउने कुनै मत वा भावना प्रधानतालाई ठाउँ दिने गरिँदैन । त्यसैले कुनै पनि प्रजातान्त्रिक सरकारको प्राथमिकता सशस्त्र बलउपर नागरिक नियन्त्रणको स्थापना हुनै पर्दछ ।

समग्र नेपाल राज्यको स्रोत नेपाली जनता रहेको र सार्वभौमसत्ता एवं राजकीय सत्ता नेपाली जनतामै निहित रहेको यथार्थलाई जनआन्दोलनको सफलताले पुनर्पुष्टि गरेको छ । यसको अभिप्राय जनता सर्वोच्च हुन्, जनताबाहेक अरू कोही सर्वोच्च हुनै सक्तैन भन्ने नै हो । त्यसैले अब शाही नेपाली सेनालगायत राज्यका सम्पूर्ण अंगको मातहत कुन स्वरूपमा रहने भन्ने कुराको ठेगान जनताका प्रतिनिधिले लगाउनु पर्ने भएको छ । परिवर्तित राजनीतिक सन्दर्भमा नेपाली सेना जनप्रतिनिधिमूलक निकायअन्तर्गत आउनुका अतिरिक्त त्यसको स्वरूप यथार्थमै राष्ट्रिय हुनु पर्दछ भन्ने कुरा निर्विवाद छ । कुनै व्यक्ति वा परिवारप्रति वफादार सेना राष्ट्रिय हुनै सक्तैन ।

राष्ट्रिय अखण्डता र भूगोलको रक्षा तथा आन्तरिक शान्ति सुव्यवस्थाको बहाली नै सेनाका प्रमुख कार्य हुन् । यी कार्यमा सेनाको योगदान के कस्तो रहँदै आएको छ त्यो सविस्तार चर्चाको विषय होइन । अन्तर्राष्ट्रिय क्षेत्रमा शान्ति सुरक्षा कायम गर्न खटिने गरेको भए पनि त्यो शाही नेपाली सेनाको प्राथमिक दायित्व होइन । सैन्य संगठनको स्वरूप, ढाँचा, आकार, हतियार व्यवस्था वास्तवमा राष्ट्रिय सुरक्षाको अवधारणाबाट निर्धारित हुने गर्दछ, तर दुर्भाग्यपूर्ण कुरा के हो भने हालसम्म हामीले राष्ट्रिय सुरक्षाको अवधारणा निर्माण गर्न सकेका छैनौं । राष्ट्रिय सुरक्षा अवधारणा नभएकै कारणले शाही नेपाली सेनाको संगठनात्मक स्वरूप, विस्तार, हातहतियार व्यवस्था, बन्दोबस्त र आकार निर्धारणमा मात्र नभएर राष्ट्रको सुरक्षा प्राथमिकता निर्धारणजस्तो राजनीतिक तहबाट मात्र निर्णय लिनु पर्ने नीतिगत विषयमा पनि सेना हावी रहन गएको स्पष्ट छ । नागरिक नियन्त्रण नहुँदा सेनासम्बन्धी सूचना चुहिने सम्भावना नै नरहने भएकाले सञ्चारमाध्यम र जनसामान्यले त झन् सैन्यबलको नियोग र बजेट छलफलमा संलग्न रहन पाउने कुनै गुन्जायसै छैन । राजाको प्रत्यक्ष शासनकालमा जनसामान्य र राजनीतिक दलहरूको शान्तिपूर्ण आन्दोलनविरुद्ध उभ्याएर सरकार स्वयंले सुरक्षा संयन्त्र र जनताबीच दूरी बढाउन सघाउ नपुऱ्याएको होइन । राजनीतिक आन्दोलनका क्रममा शाही नेपाली सेनाको यति व्यापक प्रयोग उक्त कालभन्दा पहिल्यै सायदै कहिल्यै भएको थियो होला । निरंकुशतन्त्रको पञ्जा मजबुत तुल्याउने र जनअधिकार कुल्चिन किञ्चित् पछि नहट्ने सुरक्षा संयन्त्रउपर जनताको विश्वास रहँदैन । त्यसैले अब सुरक्षा संयन्त्रउपर जनताको विश्वास बढाउँदै लैजान सुरक्षाकर्मीहरूको सोच, शैली र चरित्रमा वाञ्छित परिवर्तन आउनु पर्दछ । जनताको हितलाई प्रमुखता नदिने पुरानो सोच र शैलीबाट सुरक्षा अंगहरू मुक्त नभई हुँदैन । भनिरहन परोइन, सदियौंदेखिको बानीबाट उनीहरू स्वयं मुक्त हुन सक्तैनन् ।

आगामी दिनमा नेपाली सेनाको निष्ठा र वफादारी राजतन्त्रको अस्तित्व जोगाउन जनताविरुद्ध संगठित वा परिचालित हुन होइन, सार्वभौम नेपाली जनताको सर्वोपरि हितको सुनिश्चय र अधिकार रक्षाका लागि हुनु पर्दछ । जनताप्रति उत्तरदायित्व बहन गर्नु नपर्ने माथिको आदेशलाई होइन, जनताको ऊर्जाबाट सिञ्चित शक्तिको आदेशलाई शिरोधार्य गर्नु पर्दछ– सुरक्षाका तमाम अंगहरूले । शाही नेपाली सेनाले कानुनभन्दा राजाको हुकुमलाई प्रमुखता दिने गर्दछ । विधिसम्मत शासनको प्रधानता रहने प्रजातान्त्रिक शासनप्रणालीमा हुकुमको कार्यान्वयन हुन सक्तैन भन्ने सर्वविदित तथ्यसँग सेनाका उच्चअधिकारीहरू अपरिचित जस्तै देखिन्छन् । शाही नेपाली सेनाका लागि न हुकुमी शासनका दिन गए, न कानुनी शासनका दिन नै आए । मुलुकमा युगान्तकारी परिवर्तन हुँदा पनि त्यसको हावा शाही नेपाली सेनामा छिर्न पाएन । परिवर्तनप्रति यति निरपेक्ष संगठनहरू अरू हुनै सक्तैनन् ।

शाही नेपाली सेना राष्ट्र र जनताप्रतिभन्दा पनि निश्चितरूपमा दरबारप्रति वफादार रहँदै आएको देखिन्छ । सेनाका उच्चाधिकारीहरू दोहोरो मापदण्ड प्रदर्शन गर्न कत्ति पनि हिचकिचाउँदैनन् । बाहिर खुलारूपमा सरकारप्रति वफादार रहेको घोषणा गर्न पटक्कै बेर नलगाउने सेनाका उच्चपदाधिकारीहरू शाही नेपाली जंगी अड्डाको परिसरभित्र छिर्नेबित्तिकै निरंकुश राजतन्त्रको सुदृढीकरणका लागि षड्यन्त्रका तानाबाना बुन्न थालिहाल्छन् । राजनीतिक दलका नेताहरूति सैनिक अधिकारीहरूले एक खालको घृणा हुर्काएका छन्– मानौं ती आफ्ना शत्रु हुन् । शाही नेपाली जंगी अड्डाभित्रको परिवेश नै छुट्टै छ । सैनिक संगठनभित्रका कयौं वास्तविकता बाहिर आउँदै आउँदैनन् । जनसामान्यको पहुँचै हुन नसक्ने चार दिवारभित्र कति अन्याय, अत्याचार, थिचोमिचो, अनियमितता र भ्रष्टाचार हुँदो हो ? त्यसको मोटामोटी लख काट्न मात्र सकिन्छ । जे गरे पनि केही नहुने भएकाले शाही नेपाली सेनामा दण्डहीनताको अवस्था छ ।

त्यसैले नै सेनामा अनुत्तरदायी चरित्र विकास हुँदै गएको हो । सेनामा चरम अनुशासनहीनताको भावना छ । विभिन्न दर्जाका सैनिकहरूमा आफूले जे गरे पनि कसैले केही गर्न सक्दैन भन्ने विश्वास बलियो हुँदै जानुमा दण्डहीनताको संस्कृति नै जिम्मेवार छ ।

शाही नेपाली सेनाउपर जनताको अविश्वास चुलिँदै जानुको प्रमुख कारण जनताविरुद्ध मनपरी गर्दा पनि सैनिकहरूले कसुरअनुसारको दण्ड सजाय भोग्नु नपर्ने अवस्था नै हो । विशेष गरेर बेअदबीजस्ता सैनिक अपराधमा मात्र सैन्य न्याय सीमित रहनु पर्नेमा सेनाले गरेका जस्तासुकै ठूला अपराध पनि सैन्य अदालतबाटै हेरिने परिपाटी छ । यसले गर्दा न्यायप्रशासनमा जनसामान्यले भन्दा सैन्य पदाधिकारीहरूले विशेषाधिकार उपभोग गर्दै आइरहेको स्पष्ट हुन्छ । अझ कतिपय उच्च दर्जाका अधिकारीहरूउपर त सैन्य अदालतमा मुद्दा पनि चल्दैन, उनीहरूले सहजै मुक्ति पाउँछन् । शाही नेपाली सेनाका सकल दर्जाका सैनिकहरूले पद र शक्तिको दुरुपयोग गर्दछन् भन्ने होइन परन्तु जसले गर्दछन् उनीहरूले पनि सजाय नपाउने हुँदा समग्र बलको छवि धुमिल हुन गएको छ । त्यसैले सेनाको छवि सुधार्न शक्ति र पदको दुरुपयोग गर्ने जुनसुकै तहका सैनिकहरूउपर विनामोलाहिजा कारबाही हुन आवश्यक छ । प्रजातान्त्रिक राज्यप्रणालीमा सैन्य शक्ति राष्ट्रिय सुरक्षाको सर्वोच्च अंग नभएर एउटा आधार मात्र हो । सैनिकहरूउपर खुला

अदालतमा मुद्दाको पुर्पक्ष हुँदा राष्ट्रिय सुरक्षामा आँच पुग्न सक्छ भन्ने भ्रान्त धारणाबाट अब सबै मुक्त हुन सक्नु पर्दछ ।

जुन औँलामा विष लाग्दछ, उही औँलो भर्छ भनेभैँ जसले शक्ति र पदको दुरुपयोग गर्दछ उसैका उपर कारबाही भई उही दण्डित हुन्छ । न्याय प्रशासनको सर्वमान्य सिद्धान्त नै यही हो । सुरक्षाफौजको मनोबलमा प्रतिकूल असर पर्दछ भन्ने बहानामा सेनाबाट भएका वा हुने ज्यादती र मानवअधिकार उल्लंघनका घटनालाई विना कुनै कारबाही त्यतिकै पन्छाउन मिल्दैन । मानवअधिकार उल्लंघन गर्दा छुट पाउने सेना नागरिकको स्वतन्त्रता र मौलिक हकको संरक्षक हुनै सक्तैन । आफ्नो पद र शक्तिको दुरुपयोग गर्ने सेनाका कुनै पदाधिकारीउपर कारबाहीको प्रसंगलाई सैन्यबलको नूर वा हौसलासँग गाँस्नु अनुचित र हास्यास्पद हुन्छ । पद र शक्तिको दुरुपयोग गर्ने पदाधिकारीहरूउपर कारबाहीको प्रसंग वास्तवमा सेनाका सबै उच्चाधिकारीहरूको समान सरोकारको विषय नै होइन । त्यस्तो विषय सामूहिक नभएर नितान्त व्यक्तिगत हो । त्यस्तो विषयलाई सामूहिक बनाउन खोजिनुको अभिप्राय जस्तोसुकै अपराध वा ज्यादती गरे पनि सुरक्षाकर्मीले मुक्ति पाउनु पर्दछ भन्ने हुन्छ ।

सेनाका अत्युच्च पदाधिकारीहरूउपर कारबाहीको सन्दर्भमा उच्च दर्जाका सबै सैनिक अधिकारीहरू सामूहिक रूपमा गम्भीर छलफलमा जुट्नु भनेको प्रकारान्तरले सरकारलाई धम्क्याउन खोज्नु र आफ्नो पदको दुरुपयोग गर्नु नै हो । जनताले तिरेको करबाट आफ्नो पारिश्रमिक बुझ्ने सैन्य अधिकारीबाट हुने पदीय दुरुपयोग क्षम्य हुन सक्तैन । आफूउपर कारबाहीको चर्चा चलेका बेला प्रधानसेनापति दलबलसहित प्रधानमन्त्री निवासमा जानु मनोवैज्ञानिक त्रास सिर्जना गर्न खोज्नु हो । यस्तो कार्यको पुनरावृत्ति भविष्यमा कुनै पनि हालतमा हुनु हुँदैन । शाही नेपाली सेना जनताले सन्देह गर्ने संस्थाका रूपमा नभएर भर गर्न सक्ने संस्थाका रूपमा सञ्चालित हुनु वर्तमानको ज्वलन्त आवश्यकता हो । जनता र प्रजातन्त्रविरोधी षड्यन्त्रकारी र मध्ययुगीन मान्यताबाट सञ्चालित हुँदासम्म सेनाले जनविश्वास आर्जन गर्न कदापि सक्तैन ।

**मानवअधिकार उल्लंघन गर्दा छुट पाउने सेना नागरिकको स्वतन्त्रता र मौलिक हकको संरक्षक हुनै सक्तैन । आफ्नो पद र शक्तिको दुरुपयोग गर्ने सेनाका कुनै पदाधिकारीउपर कारबाहीको प्रसंगलाई सैन्यबलको नूर वा हौसलासँग गाँस्नु अनुचित र हास्यास्पद हुन्छ ।**

सुरक्षानिकायहरू परिवर्तनको जनआकांक्षाप्रति सदैव नकारात्मक हुने गरेको इतिहास साक्षी छ । आफूले चाहेको परिवर्तन सम्भव तुल्याउन शान्तिपूर्ण आन्दोलन गर्नु जनताको नैसर्गिक हक हो । परिवर्तनको जनआकांक्षा परिपूर्तिमा त्यसैले सेना बाधक हुनु हुँदैन । सेना जनता र तिनका प्रतिनिधि शक्तिहरूउपर प्रहार गर्ने संस्था होइन । निर्विवाद राष्ट्रिय चरित्र ग्रहण गर्न सेना त्यस्तो स्थानमा रहन पनि मिल्दैन । त्यसैले सेनाको स्थान निर्धारण हुनै पर्दछ । भविष्यमा सेनालाई जनअधिकारविरुद्ध प्रहारको औजार बन्न नदिने व्यवस्था प्रत्याभूत गर्ने समय यही हो । यस क्रममा सुरक्षाका सम्पूर्ण अंगको पुनर्संरचना र लोकतान्त्रीकरण आवश्यक छ । राष्ट्र र जनताप्रतिभन्दा राजा र राजमुकुटप्रति सदैव वफादार रहनेहरूको जुन शृंखला तयार भएको छ त्यसलाई न भत्काउँदासम्म सेना जनप्रतिनिधिमूलक संस्थाको मातहत रहने कुरा कल्पना पनि गर्न मिल्दैन । नानीदेखि बसेको बानी हत्तपत्त परिवर्तन हुन सक्तैन । स्वतन्त्र, निष्पक्ष संविधानसभाको निर्वाचनका लागि नेपाली सेनाको पुनर्संरचना अनिवार्य छ ।

सेना जनप्रतिनिधि संस्था मातहत रहनु पर्ने र जनचाहनानुसार त्यसको सञ्चालन हुनु पर्ने कुरामा विवाद गर्न मिल्दैन । संसद् मातहत आएर आफ्नो संरचना र शैलीमा परिवर्तन हुँदैमा सेनाको भिड्ने क्षमता घट्छ भन्नु बिलकुलै अतार्किक कुरा हो । जनप्रतिनिधिमूलक संस्था मातहत सञ्चालित हुन र जनताप्रति वफादार रहन पाउनु सेनाका लागि पनि गौरवको विषय हुनु पर्दछ । निजामती पदाधिकारीहरूप्रति सेनाको व्यवहार कहिले पनि मर्यादापूर्ण हुने गरेको पाइँदैन, बरु जहिलेसुकै पनि हेपाहा खालको हुने गर्दछ । सेनाको ज्यादतीसँग अपरिचित सायद कोही होला । त्यसैले सेना लगायत राष्ट्रका अन्य सुरक्षा अंगहरूमा व्यापक सुधार नगरी हुँदैन । माथिको आदेश पालनाको आडमा सेनाका अधिकारीहरूले उन्मुक्ति पाउने अवस्थाको अन्त्य आजको सर्वाधिक आवश्यकता हो । त्यसो हुन सकेमा मात्र सेनाले जनचाहनाको प्रतिनिधित्व गर्ने नागरिक शासनको अपेक्षा गर्न सम्भव हुनेछैन । ■



# चासो महिला अधिकार

**समावेशी लोकतन्त्रको अवधारणालाई सबै सरोकारवालाहरूले वास्तवमै आत्मसात गरेका हुन् भने महिलाका लागि एक तिहाइ आरक्षणको माग न अतिरञ्जित माग हो न त अव्यवहारिक नै, तर महिलाहरूमा पनि एकरूपता छैन। महिला भन्नेबित्तिकै फेरि पनि खास वर्ग, जात र हैसियतका महिलाको मात्रै बोलवाला हुन नपाओस् भनेर केही विशिष्ट व्यवस्था गरिनु अत्यावश्यक छ।**

■ **अञ्जु क्षेत्री/मञ्जु थापा**

**२०४६ सालको जनआन्दोलनपछि निर्मित** संविधानले महिलालाई कानुनी अधिकारका लागि लड्ने बाटो खुला राखिदिएको थियो। महिला अधिकारवादीले यसको उपयोग गर्दै सामान्य लडाइँ लडेका पनि हुन्, तर पितृसत्ताले अधकल्चो अधिकार दिँदै महिलाहरूको संघर्षलाई भुत्ते बनाउँदै लग्यो र महिलालाई दोस्रो दर्जाको नागरिकको स्थानमै सीमित राख्यो। अहिले दोस्रो जनआन्दोलनले एकपल्ट पुनः आफ्ना सबै खालका अधिकार सुरक्षित बनाउने क्रान्तिकारी अवसर महिलालाई दिएको छ। यस ऐतिहासिक अवसरलाई महिलाहरूले कसरी उपयोग गर्छन्?

संविधानसभा त्यस्तो लोकतान्त्रिक प्रक्रिया हो, जसमा जनताद्वारा निर्वाचित प्रतिनिधिहरूले मुलुकको मूल कानुन अर्थात् संविधान निर्माण गर्ने र त्यसको अनुमोदन गर्ने काम गर्छन्। जनताको सार्वभौमसत्तालाई वास्तवमै मान्य गराउनका लागि पनि संविधानसभाको आवश्यकता पर्छ। तर विशिष्टरूपमा महिलाका निम्ति संविधानसभाको महत्त्व किन भन्ने विषयमा बहस हुन सकिरहेको छैन। संविधानसभामा महिलाको के कस्तो सहभागिता हुनु पर्छ र त्यसले निर्माण गर्ने संविधानमा महिला अधिकारका सवालहरू कसरी सम्बोधन गरिनु पर्छ भन्ने विषयमा गम्भीर छलफल र गृहकार्य हुन जरुरी छ।

यसक्रममा संविधानसभामा ३३ प्रतिशत महिलाको स्थान आरक्षणको मागलाई ग्यारेन्टी गराउन सक्नु पर्छ। हुनत महिलाहरूकै समूहबाट जनसंख्याको अनुपातमा महिलाका निम्ति ५० प्रतिशत आरक्षणको माग पनि आइरहेको छ। तर, संविधानसभामा कम्तीमा पनि अहिले ३३ प्रतिशत स्थान महिलाका लागि आरक्षित गरिनु पर्ने माग समयानुकूल र विवेकसम्मत हुन्छ। राज्यका सबै किसिमका निकायमा महिलाका लागि एक तिहाइ आरक्षणको माग अहिलेको विश्वव्यापी मागजस्तै हो।

समावेशी लोकतन्त्रको अवधारणालाई सबै सरोकारवालाहरूले वास्तवमै आत्मसात गरेका हुन् भने महिलाका लागि एक तिहाइ आरक्षणको माग न अतिरञ्जित माग हो न त अव्यवहारिक नै, तर महिलाहरूमा पनि एकरूपता छैन। महिला भन्नेबित्तिकै फेरि पनि खास वर्ग, जात र हैसियतका महिलाको बोलवाला हुन नपाओस् भनेर केही विशिष्ट व्यवस्था गरिनु जरुरी छ। महिलाका लागि छुट्याइएको एक तिहाइ स्थानमा पनि जनजाति, दलित र अन्य अल्पसंख्यक समूहका महिलाको जनसंख्याको अनुपातमा समुचित प्रतिनिधित्व गराउने स्पष्ट व्यवस्था हुनु पर्दछ। यसका लागि तथ्यमा आधारित भएर पैरवी गर्ने काम महिलाहरू र नागरिक समाजले गर्नु पर्छ भने त्यसलाई व्यवस्थापन गर्ने काममा राजनीतिक दलहरूको इमानदारी अत्यावश्यक छ।

यसरी संविधानसभाको एक तिहाइ स्थान महिलाका लागि आरक्षित गरिनु पर्छ भने अर्को एक तिहाइ स्थान सीमान्तमा रहेका जनजाति, दलित, मधेसी लगायतका अल्पसंख्यक समुदायका निम्ति छुट्याइनु पर्छ, तर यो एक तिहाइ भनेको ती समुदायका पुरुषहरूका लागि मात्र आरक्षित नभई त्यसमा पनि महिलाको प्रतिनिधित्व कसरी गराउने भनेर सोचिनु पर्छ। आजसम्म राजनीतिक, प्रशासनिक साथै सबैखाले सरकारी निकायमा परम्परागतरूपमा समाजका केही सीमित वर्गले शासन गर्दै आइरहेका छन्। भेदभावपूर्ण यो पद्धति नतोडी वास्तविक समावेशीकरणको अभ्यास गर्न सकिन्न। त्यसैले बाँकी रहेको अर्को एक तिहाइमा मात्र परम्परागतरूपमा शासन गर्दै आइरहेको सीमित वर्गका मानिसहरू निर्वाचित भएर आउन सक्छन्। यो पछिल्लो एक तिहाइमा पनि महिला, दलित, जनजाति र अल्पसंख्यक निर्वाचनमा लड्न र विजयी हुन सक्छन् किनकि यो आरक्षित नभएर खुला प्रतिस्पर्धाका लागि छुट्याइएको स्थान हुनु पर्छ।

२०४७ सालको संविधानलाई संसारको उत्कृष्ट संविधान भन्ने गरिन्छ, तर लैंगिक दृष्टिकोणबाट केलाउँदा यो संविधान न उत्कृष्ट रह्यो न प्रगतिशील नै ठहरियो। यो संविधानले महिलाहरूलाई पूर्ण नागरिकको दर्जा दिन सकेको थिएन। त्यसैगरी यस संविधानले राजनीतिक प्रक्रियामा सहभागी गराउन प्रतिनिधिसभाको निर्वाचनमा प्रत्येक राजनीतिक दलले कम्तीमा ५ प्रतिशत महिलाका लागि उम्मेदवारी आरक्षण गरेको थियो, तर यसको नतिजा व्यवहारमा प्रतिनिधिसभाका ९५ प्रतिशतभन्दा बढी स्थान पुरुषको निम्ति आरक्षण गरेजस्तो भइदियो। त्यसैले अब हरेक निकाय र स्थानमा महिला निम्ति पाँच-दस वा बीस प्रतिशत नभई पूरै एक तिहाइ स्थान (उम्मेदवारी हैन) महिलाका निम्ति छुट्याउनै पर्छ र यसको सुरुवात संविधानसभादेखि नै गरिनु पर्छ। यस्तो व्यवस्था हुन सक्यो भने मात्र महिलाहरू वास्तवमै नेतृत्वमा आउन र आफूमा नेतृत्वदायी क्षमताको विकास गर्न सक्छन्।

कुनै पनि नीति, निर्णय वा कार्यक्रम तर्जुमा गर्नु पर्‍यो भने एक तिहाइ स्पष्ट निर्णायक मत हो। तसर्थ महिलाहरूको यो भौतिक प्रतिनिधित्वले संविधानसभाले बनाउने संविधानमा महिला अधिकारसँग जोडिएका यावत् सवाल स्पष्ट र सहीरूपमा समावेश गराउन निर्णायक भूमिका खेल्न सक्छ। यसरी संविधानसभामा महिलाहरूको उल्लेख्य भौतिक प्रतिनिधित्वले नै लोकतान्त्रिक नेपालको नयाँ संविधानमा समतामूलक प्रावधानहरूको सारभूत प्रतिनिधित्वलाई सुनिश्चित गराउन सकिन्छ।

यदाकदा टिप्पणी के सुनिन थालिएका छन् भने महिलालाई तेत्तीस प्रतिशत आरक्षण नै गरिदिने हो भने पनि त्यति धेरै योग्य महिला कहाँबाट ल्याउन सकिन्छ? खासगरी राजनीतिक दलका परम्परागत शासक वर्गमा पर्ने नेताहरूबाट यस्ता प्रश्नहरू उठाइने गरेको छ। अर्थात् व्यवहारिक अभाव देखाएर यस मागलाई पर सार्ने कूटनीति नेताहरूले सोच्न थालेका छन्, तर यस समस्याको समाधान खोज्न सकिन्छ। नेताहरूले भन्ने गरेजस्तो संविधानसभाका सदस्य बन्न योग्य तेत्तीस प्रतिशत महिला यदि राजनीतिक दलहरूभित्र छैनन् भने अन्य विज्ञ वा पेसागत महिलाहरूले पनि ती आरक्षित स्थानका लागि चुनाव लड्न सक्ने वातावरण मिलाउनु पर्दछ चाहे उनीहरू दलकै झन्डामुनि निर्वाचनमा उत्रिऊन् वा स्वतन्त्ररूपमा। एउटा समाधान यो हो भने अर्को दलहरूभित्रै पनि योग्य महिलाहरू छन्, तर उनीहरू खालि दलभित्रका पुरुष शासकहरूबाट अवसर खोसिएर माथि उठ्न सकिरहेका छैनन्। यस आरक्षणबाट दलीय राजनीतिमा दिनरात, घामपानी नभनी, खाइनखाई खटिरहेका महिलाहरूले वास्तविक शासन अभ्यासमा भाग लिने अवसर पाउनेछन्।

यसरी संविधानसभाको एक तिहाइ स्थानमा महिलाको अर्थपूर्ण भौतिक उपस्थितिलाई ग्यारेन्टी गर्ने वातावरण बनाउन अहिल्यैदेखि गृहकार्य गर्न जरुरी छ। यसले गर्दा संविधानसभामा पुगेका तिनै महिलाहरूले भोलि संविधान बनाउने क्रममा समतामूलक समाज निर्माणका लागि आवश्यक प्रावधानहरू समावेश गर्न तर्कपूर्ण र विवेकसम्मत पैरवी गर्न सकून्, साथै सिंगो महिला समुदायको अधिकारलाई सुरक्षित तुल्याउन सकून्। यसरी अहिले महिलाहरूको भौतिक प्रतिनिधित्वका लागि आरक्षण माग्दै पैरवी गर्नु जति महत्त्वपूर्ण छ, नयाँ बन्ने संविधानमा महिला अधिकार र लैंगिक समताको विषयगत अर्थात् सारभूत समावेशीकरणको सन्दर्भ पनि उत्तिकै महत्त्वपूर्ण छ। यस सम्बन्धमा पनि महिला अधिकारवादी र नागरिक समाजले बृहत् गृहकार्य गरी राजनीतिक दलहरूलाई परामर्श दिनु पर्छ। ■



समय

# 'टिम वर्कले सफलता पायौं'

**शिखर इन्स्योरेन्स, स्थापनाको २० महिनाको छोटो अवधिमै सफल विमा कम्पनीका रूपमा स्थापित भएको छ। साढे २ करोड रुपैयाँका लगानीकर्ता सर्वसाधारणलाई बनाउन अहिले उक्त रकमबराबरको सेयर जारी गरेको छ। यसै विषयमा केन्द्रित रहेर *समय*ले महाप्रबन्धक दीप पाण्डेसँग गरेको कुराकानीका मुख्य अंशः**

**शिखर इन्स्योरेन्सको सेयरमा सर्वसाधारणले लगानी गर्न उचित छ भनेर उनीहरूले कसरी विश्वास गर्ने ?**

शिखर इन्स्योरेन्सको कुल चुक्तापुँजी साढे १२ करोड रुपैयाँ पुऱ्याउने सन्दर्भमा प्रमोटरहरूबाट १० करोड रुपैयाँ लगानी भएको छ। बाँकी रहेको साढे २ करोड रुपैयाँ सर्वसाधारण लगानीकर्ताका लागि हामीले छुट्याएका छौं। सोहीअनुसार अहिले सेयर निष्काशन गरिएको हो।

शिखर इन्स्योरेन्स स्थापनाको पहिलो वर्षमा २२ लाख रुपैयाँ खुद मुनाफा आर्जन गर्न सफल भएको छ। चालू वर्षमा एयरलाइन्स सेक्टरबाट ११ करोड र अन्य क्षेत्रबाट करिब १२ करोड गरी करिब २३ करोड रुपैयाँ प्रिमियर उठाउने लक्ष्य राखेका छौं। यसबाट कम्पनीले करिब १ करोड रुपैयाँ मुनाफा आर्जन गर्नेछ। मलाई के विश्वास छ भने अर्को वर्ष हामी सेयर लगानीकर्तालाई लाभांश बाँड्न सक्षम हुनेछौं।

**शिखर इन्स्योरेन्सले छोटो समयमै सफलता हासिल गर्न कसरी सम्भव भयो ?**

यसमा टिम वर्कले नै सबैभन्दा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। हामी 'वन म्यान सो'मा विश्वास राख्दैनौं। कम्पनीको उन्नतिका लागि सम्पूर्ण समूहको सामूहिक प्रयासले मात्रै सम्भव हुन्छ भन्ने कुरा हामीले व्यवहारमा उतारेका छौं। ग्राहक सेवाप्रतिको समर्पण हाम्रो सफलताको अर्को कडी हो। प्रमोटरहरूको विश्वास र निर्देशकहरूको कुशल व्यवसायिक क्षमता, यी सबै पक्ष हुन्, शिखर इन्स्योरेन्सलाई सफलताको मार्गमा डोऱ्याउने।

**तर, विमा व्यवसाय आफैमा सुस्त गतिमा अगाडि बढ्न सक्ने देखिन्छ नि ?**

हो, विमाबाट आजको तत्काल प्रतिफल पाउन सकिँदैन, तर नेपालको राजनीतिक वातावरणमा आएको परिवर्तनले अबको डेढदुई वर्षमा हामीले धेरै उपलब्धि हासिल गर्न सक्छौं भन्ने मलाई लाग्छ। जस्तो अब हामीलाई रि-इन्स्योरेन्सका लागि सजिलो हुनेछ। किनभने यसबाट जोखिमहरू कम हुन्छन् र विदेशी विमा कम्पनीहरू रि-इन्स्योरेन्सका लागि तयार हुन्छन्। यस व्यवसायमा गरिएका लगानी पनि फिर्ता हुँदै जान्छन्।

**विश्व व्यापार संगठन (डब्लुटिओ)का प्रावधान लागू हुने दिन नजिकिँदा नेपाली विमा व्यवसायीहरू सचेत रहनु पर्ने आवश्यकता देख्नु हुन्न ?**

निश्चित रूपमा छ। तीन वर्षमा अन्तर्राष्ट्रिय विमा कम्पनीहरूसँग प्रतिस्पर्धामा जान सक्ने हैसियत हामीले बनाउनु पर्छ। त्यसका लागि नेपालका विमा कम्पनीहरू एकापसमा 'मर्ज' हुनु जरुरी देख्छु म। विदेशी कम्पनीको तुलनामा हामीसँग पुँजी, जनशक्ति लगायतका पक्षहरू कमजोर छन् र हाम्रो विज्ञता पनि। यस्तो अवस्थामा उनीहरूसँग प्रतिस्पर्धामा जानका लागि हामीसँग भएको क्षमता बढाउनु जरुरी हुन्छ र त्यो काम कम्पनी 'मर्ज'का माध्यमबाट गर्न सक्छौं। हामी कि अति कमजोर हुन तयार हुनु पऱ्यो कि 'मर्ज'का लागि।

**शिखर यो प्रक्रियामा गएको हो ?**

हामी यस विषयमा गम्भीरतापूर्वक सोच्दै छौं। धेरै कम्पनीहरूभन्दा निश्चित कम्पनीबाट ग्राहकलाई गुणस्तरीय सेवा पुऱ्याउनु राम्रो हुन्छ भन्ने मलाई लाग्छ।

**शिखरले खास योजना अगाडि ल्याउँदै छ ?**

ग्राहकको सेवा नै विमा व्यवसायको कर्तव्य हो र हामी यो जिम्मेवारी पूरा गर्न कटिबद्ध छौं। बितेका २० महिना हाम्रा लागि त्यति सजिला थिएनन्, तर ग्राहकप्रतिको हाम्रो गुणस्तरीय सेवा र त्यसबाट प्राप्त विश्वासका आधारमा हामीले कठिन दिन पनि सजिलोसँग पार गरेका छौं। अबका दिनमा हामी नेसनल स्ट्यान्डर्डमा रहेर काम गर्न सक्षम छौं।

**तर, विमाका नीतिहरू राष्ट्रिय रूपमा निर्देशित हुन्छन्, सबैका लागि। जस्तो कि मोटर विमाको शुल्क अत्यधिक वृद्धि हुँदा मध्यमवर्गीय ग्राहक त हैरान बनिरहेका छन् नि ?**

हो, वास्तवमा भन्नुहुन्छ भने मोटर विमा यति धेरै भयो कि मलाई त लाज नै लागेको छ। एउटा व्यक्तिले १२ लाख रुपैयाँको गाडी किन्यो भने उसले मासिक साढे तीन हजार रुपैयाँसम्म विमाका लागि तिर्नु पर्छ। उसका अन्य दायित्व पनि हुन्छन्। त्यसैले हामीले यो विमा शुल्कमा पुनरावलोकन हुनु पर्छ भन्ने मान्यताका आधारमा सम्बन्धित निकायमा आवाज उठाइरहेका छौं। आशा छ, यसमा पुनरावलोकन हुनेछ। कसैलाई पनि बाध्य बनाएर बिजनेस चल्छ जस्तो मलाई लाग्दैन।

**अन्त्यमा, राजनीतिक परिवर्तनले विमा व्यवसायमा कस्तो असर पर्ला ?**

मुलुकमा शान्ति सुरक्षा र राजनीतिक स्थिरताले आर्थिक विकास बढेर जानेछ। यसले आर्थिक विकासका सम्पूर्ण पक्षमा सकारात्मक योगदान पुऱ्याउनेछ भन्ने विश्वास गर्न सकिन्छ। आर्थिक समृद्धिपछि मानिसहरूले सामाजिक सुरक्षाको प्रत्याभूति महसुस गर्नु स्वभाविकै हो, जुन सेवा विमा व्यवसायले उपलब्ध गराउनेछ। त्यसका साथै विकास निर्माणका योजना अगाडि बढ्दा स्वभाविकै रूपमा ती क्षेत्र विमाको दायरामा आउनेछन्, जसले विमा व्यवसायको विकासमा योगदान पुऱ्याउँछन्। कतिपय क्षेत्रमा जोखिम घट्ने हुँदा विमा गर्नु पर्ने आवश्यकता महसुस नगरिएला, तर मलाई लाग्छ, यसको तुलनामा विमाको दायरा अरू बढ्नेछ। ■

# युवराजदेखि नै सफाइ हुनुपर्छ

**सम्भवतः नेपाली** खेलकुदमा उनी जतिको जानकार सायदै छन् । नेपालमा खेलकुदको महत्त्व किन र कति छ ? सम्भवतः यसको स्पष्ट उत्तर पनि उनीसँगै छ । खेलकुदमा उनी टेकराजको नामले चिनिने गर्छन्, तर उनको वास्तविक नाम हो, प्रदीप जोशी । उनी विगत दुई दशकदेखि नेपाली खेलकुदमा व्याप्त भ्रष्टाचार, हुकुमी शैली र तदर्थवादको विरोध गर्ने एकमात्र व्यक्तित्वको रूपमा चिनिँदै आइरहेका छन् । यतिमात्र होइन, माघ १९ पछि राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनमा युवराज पारस संरक्षक रहेको राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले प्रतिबन्ध लगाएको एकमात्र संघ अखिल नेपाल तेक्वान्दो संघ (एन्टा)का अध्यक्ष पनि हुन् उनी ।

प्रदीप जोशी, नेपाली तेक्वान्दोका पहिलो प्रशिक्षक, जसले भारतका नेपालीमूलका ब्रिटिस लाहुरे पूर्ण एन्ड्रचुज गुरुङ, भारतीय तेक्वान्दो संघका पूर्व अध्यक्ष जिमी आर जगतियानीपछि दक्षिण एसियामा तेस्रो नम्बरमा वरिष्ठ डान सर्टिफिकेट लिने गौरव अंगीकार गरेका थिए । हाल ४२ वर्षको उमेरमा पनि उत्तिकै सक्रिय छन्, शाही नातेदार र मण्डलेहरूको पूर्ण कब्जामा रहेको नेपाली खेलकुदलाई उन्मुक्ति दिन । प्रदीप नेपाली खेलकुदका एकमात्र यस्ता प्रशिक्षक हुन्, जसले २०४३ सालमा शक्तिशाली मानिने तत्कालीन सदस्य-सचिव शरदचन्द्र शाहको तथाकथित खेलनीतिको सार्वजनिकरूपमै आलोचना गरेका थिए । खेलकुदमा शरदचन्द्रले संस्थागत गरेको भ्रष्टाचार, लागूऔषध तस्करी र मण्डलेकरणको भण्डाफोर गरेबापत उनले तीन वर्ष भारत प्रवासमा जीवन बिताउनु परेको थियो । उनकै विद्रोहको कारण २०३९ सालदेखि खेलकुदको नाममा अनावश्यकरूपमा लादिएको कर उठाउने प्रथाको अन्त्य भएको थियो । शरदचन्द्रले २०३९ देखि २०४३ सालसम्म खेलकुदको नाममा लगभग २ अर्ब रुपैयाँ उठाएका थिए । यसमा भौतिक पूर्वाधार र खेल आयोजनाको नाममा ४० करोड रुपैयाँ खर्च भए पनि बाँकी १ अर्ब ६० करोड रुपैयाँको हिसाब अझै पनि गोलमाल छ ।


'शरदचन्द्र खेलकुदमा नभए पनि उनको ह्याङ ओभर अझै खेलकुदमा विद्यमान छ', विगत तीन दशकदेखि नेपाली खेलकुदलाई नजिकैबाट नियालिरहेका प्रदीप भन्छन् । २०६२ साल चैत २४ गतेदेखि देशव्यापीरूपमा भएको लोकतान्त्रिक आन्दोलनमा धनगढीमा पक्राउ परेका प्रदीप हाल आन्दोलन दबाउन लागेका खेलाडी र पदाधिकारीहरूको नाम संकलन गर्न व्यस्त छन् । 'अब पनि खेलकुदलाई जनपक्षीय खेल संस्थाको रूपमा विकास नगर्ने हो भने, यसले अर्को विद्रोहलाई जन्म दिनेछ', उनी भन्छन् । खेलकुदलाई दरवारमुखी नभई जनपक्षीय बनाउनु पर्ने स्पष्ट धारणा राख्ने प्रदीप २०४६ सालको प्रजातान्त्रिक आन्दोलनमा पनि धनगढीमा क्रियाशील थिए । उनी २०४६ सालको आन्दोलन सुरु भएपछि भारत छोडेर नेपाल फर्किएका थिए । 'नेपाली खेलकुद अब मण्डले सोचबाट चल्न सक्दैन, खेल्न पाउने सबै नेपालीको अधिकार हो । अब कुनै पनि नेपालीलाई वर्ग, जाति र राजनीतिक आस्थाको आधार बनाएर खेल्नबाट वञ्चित गर्न पाइँदैन', प्रदीपको स्पष्टोक्ति छ ।

प्रदीपले १३ वर्षको उमेरमै २०३४ सालमा भारतको लखनउमा भारतीय तेक्वान्दो संघका पूर्व अध्यक्ष जिमी आर जयतियानी र हङकङका ली नामका गुरुसँग तेक्वान्दो सिकेका थिए । प्रतिबन्धितकालमा सुदूरपश्चिममा लुकेर तेक्वान्दो सिकाइरहेका प्रदीपले २०३९ साल फागुन १६ गते शाही नेपाली सेना र नेपाल प्रहरीलाई प्रशिक्षण दिन दशरथ रंगशालामा तेक्वान्दो सार्वजनिक गरिनुअघि प्रदर्शनी पनि गरेका थिए । उनी र शीतकर राजभण्डारी नेपाली तेक्वान्दोका अग्रज मानिन्छन् ।

'खेलकुदलाई राजनीतिक भागबन्डा पुगिसकेको छ । खेलकुदको अबको नेतृत्व सक्षम र स्पष्ट दृष्टिकोणको हुनु पर्छ, जसले खेलकुदको मर्म बुझोस्', उनी स्पष्ट पार्छन् । २०४२ सालमा राष्ट्रिय पञ्चायत भवन र अन्नपूर्ण होटलअगाडि बम पड्काइएको घटनामा प्रदीपलाई पनि मुछेर शरदचन्द्रले धनगढीमा पक्राउ गर्न लगाएका थिए । त्यति बेला उनी राष्ट्रियस्तरको मार्सल आर्टस् प्रतियोगिता आयोजनाका लागि धनगढी गएका थिए । उक्त घटना गराउने रामराजाप्रसाद सिंहका एक कार्यकर्ता काठमाडौंमा पक्राउ परेका थिए । पक्राउ पर्ने व्यक्तिले २०४० सालमा प्रदीप प्रशिक्षक भएर राजविराज जाँदा उनीसँग तेक्वान्दोको प्रशिक्षण लिएको वयान दिएका थिए । त्यसैलाई आधार बनाएर शरदचन्द्रले रिसइवी साध्न उनलाई पक्राउ गर्ने आदेश दिएका थिए ।

'शरद राजामात्र होइन, खेलकुदमा अहिले पनि थुप्रै राजाहरू छन् । त्यसैले ती राजाहरूलाई खेलकुदबाट हटाउने काम नहुँदासम्म नेपाली खेलकुद सही दिशातर्फ अगाडि बढ्नै सक्दैन', प्रदीप भन्छन् । त्यसैले उनी नेपाली खेलकुदको पुरानो संरचनालाई नै फेर्नु पर्ने आवश्यकता भएको बताउँछन् । 'खेलकुदको आवश्यकता भनेको नेपाली खेलकुदमा युवराज संरक्षक रहने प्रावधानदेखि नै सफाइ अभियान सुरु गर्नु पर्छ', उनी भन्छन् ।

■ **नवीन अर्याल/काठमाडौं**



**नेपाली खेलकुदमा सबैभन्दा बढी दुःख पाएको व्यक्तिको रूपमा परिचित प्रदीप जोशी (टेकराज)सँग खेलकुद विकासका लागि धेरै र ठोस योजनाहरू छन् । नेपाली खेलकुदको संरचना नबदली खेलकुद विकास हुन नसक्ने धारणा राख्छन्, उनी ।**



मनाङ मर्स्याङ्दीको फुटबल टोली

समय

# मनाङ बाहिर

**६ पल्टको** लिग च्याम्पियन मनाङ मर्स्याङ्दी मलेसियामा भइरहेको दोस्रो प्रेसिडेन्टकप फुटबल प्रतियोगिताबाट बाहिरिएको छ। एसियाली फुटबल महासंघले 'सी' वर्गमा वर्गीकरण गरेका आठ देशका लिग च्याम्पियन क्लब सहभागी प्रेसिडेन्टकपमा मनाङ समूह चरणबाटै बाहिरिएको हो। मनाङ प्रतियोगिताको ग्रुप अफ डेथ अर्थात् बी समूहमा सहभागी थियो।

बी समूहमा पहिलो प्रेसिडेन्टकप च्याम्पियन ताजकिस्तान, फाइनलमा पुगेको किर्गिस्तान र श्रीलंकाको लिग च्याम्पियन क्लब सहभागी थिए। मनाङले समूहगत खेलमा ताजकिस्तानको भाक्स क्लबबाहेक अन्य दुई क्लबलाई जित्न नसक्दा प्रतियोगिताबाट बाहिरिनु परेको हो। मनाङ आफ्नो पहिलो खेलमा श्रीलंकाको रत्नम् क्लबद्वारा २-० गोलले पराजित भएको थियो। दोस्रो खेलमा ताजकिस्तानको भाक्स क्लबलाई ३-१ ले पराजित गर्दै प्रतियोगिताको सेमिफाइनलमा पुग्ने आशा जीवितै राखेको मनाङ अन्तिम तथा निर्णायक खेलमा किर्गिस्तानको डोर्डोइ डाइनामोसँग २-० ले पराजित भयो। मनाङ विजयी भएको एकमात्र खेलमा क्लबका लागि भर्खरै थ्रीस्टारबाट अनुबन्धन गरेका पोखराका अनिल गुरुङ, खुम गुरुङ र पूर्व राष्ट्रिय खेलाडी वसन्त गौचनले गोल गरेका थिए।

प्रतियोगिताको पहिलो चरणबाटै बाहिरिए पनि मनाङका प्रशिक्षक छिरिङ लोब्साङले आफ्नो क्लबको प्रदर्शन स्तरीय भएको बताएका छन्। उनले अग्रपंक्तिका खेलाडीहरूले पाएको मौका सदुपयोग गर्न नसक्दा आफूहरू प्रतियोगिताबाट चाँडै नै बाहिरिनु परेको दुखेसो पोखे। 'तैपनि प्रदर्शनको हिसाबले म सन्तुष्ट नै छु', लोब्साङले *समय*सँग भने। गत वर्ष नेपालबाट सुरु भएको एएफसी प्रेसिडेन्टकपको पहिलो संस्करणमा २०६१ सालको लिग च्याम्पियन थ्रीस्टार क्लब प्रतियोगिताको सेमिफाइनलमा पुगेको थियो। थ्रीस्टार सेमिफाइनलमा किर्गिस्तानको डोर्डोइ डाइनामोसँग टाइब्रेकरमा पराजित भएको थियो। ■

# गोजुरियोमा सफलता

**मोफसलमा पाइला** टेकेको तेस्रो महिनामै महेन्द्रनगरका गोजुरियो कराँते खेलाडीले अन्तर्राष्ट्रिय प्रतियोगितामा सफलता चुमेका छन्। डेढ साताअघि भारतको राजधानी नयाँ दिल्लीमा इन्डियन मार्सल आर्टस् एसोसिएसनको आयोजनामा भएको इन्डो नेपाल कराँते च्याम्पियनसिपमा सहभागी प्रायः सबै नेपाली गोजुरियो खेलाडी खाली हात फर्किनु परेन।

दिल्लीको प्रशान्त विहारमा भएको च्याम्पियनसिपमा महेन्द्रनगरका कलिला खेलाडीले बाइसवटा पदक हात पारे। विभिन्न तौल समूहका ललित धामी, हरिस धामी, प्रमोद तिरुवा, सन्तोष मडै र सुनीता बोहरालगायत खेलाडीले ११ स्वर्ण जिते भने ६ जनाले रजत र ५ जनाले काँस्यमा चित्त बुझाउनु पर्‍यो।

भारतको सिक्किम, दार्जीलिङ, हिमाञ्चल र उत्तराञ्चल राज्यका खेलाडीको प्रतियोगितामा बाहुल्यता थियो भने महाराष्ट्रको मुम्बईबाट पनि खेलाडी सहभागी थिए। २५ नेपाली खेलाडी सहभागी यस प्रतियोगितामा खर्च सबै गोजुरियो कराँते संघ महेन्द्रनगर र स्वयं खेलाडीहरूले व्यहोरेका थिए। संघका महाकाली अञ्चल प्रमुख तथा प्रशिक्षक निरञ्जन थापाले खेल अवधिमा रेफ्रीको भूमिका निर्वाहसमेत गरेका थिए।

■ **श्याम भट्ट/महेन्द्रनगर**






# विश्वकै लामो म्याराथुनमा नेपाल सहभागी

**अफ्रिकी मुलुक** मोरक्कोमा पर्ने सहारा मरुभूमिमा प्रत्येक वर्ष आयोजना हुने म्याराथुन दौडमा पहिलो पटक नेपालीहरूले आफ्नो देशको झन्डा बोकेर सहभागिता जनाएका छन्। म्याराथुन दिससेबल नामक दौड संसारकै लामो र गाह्रो दौड मानिन्छ। गत अप्रिल ९ देखि १५ तारिखसम्म संचालित उक्त प्रतियोगितामा ब्रुनाई गोरखा लाहुरेको तर्फबाट केदार सिञ्जाली, यामविक्रम लावती र फुर्वाबुद्धि तामाङले सहभागिता जनाएका थिए।

विश्वका चालीसभन्दा बढी देशको सहभागिता रहेको यो म्याराथुन प्रतियोगितामा कुल ४३ टिमको सहभागिता थियो, जसमा नेपाली टोलीले नवौं स्थान प्राप्त गरेको थियो। प्रवासमा बसेर देशको नाम राख्ने लाहुरेहरूलाई बधाई।

■ **विश्वासदीप तिगेला/ब्रुनाई**







# तीन सिंहको परीक्षा

■ नवीन अर्याल/काठमाडौं

**चार वर्षअघि** दक्षिण कोरिया र जापानमा सम्पन्न सत्रौं विश्वकप फुटबल प्रतियोगिताको क्वाटरफाइनलबाट इङ्ल्यान्ड दुर्भाग्यपूर्णरूपले बाहिरिएपछि, बेलायतमा ठूलै बहसले जन्म लियो। विश्वकै महँगो र लिग फुटबलको लामो इतिहास बोकेको इङ्ल्यान्डको सधैं उस्तै नियति किन ? के इङलिस फुटबलमा अझै सुधारको खाँचो छ ? कि इङ्ल्यान्डमा आल्फ राम्से, ज्योफ हर्सट, गोर्डोन ब्याङ्क्स, बबी चार्ल्टन, बबी मूर र ग्यारी लिनेकरजस्ता प्रतिभाशाली खेलाडी जन्मिन छोडिसके ?

यो लामो बहसको निर्क्योल निकाल्दै अन्ततः इङ्ल्यान्डको स्थानीय फुटबल संघ (एफए)ले घोषणा गर्‍यो, 'इङलिस फुटबल सुधारोन्मुख दिशातर्फ अग्रसर छ। त्यसैले एफएले आउँदो विश्वकपसम्मका लागि इङलिस फुटबलको बागडोर विदेशी प्रशिक्षक स्वाँन गोरान इरिक्सनलाई नै सुम्पिने निर्णय गरेको छ।' चार वर्षअघि एफएले आफूमाथि गरेको त्यो विश्वास प्रमाणित गर्न यति बेला इरिक्सन डटेर लागेका छन्, तर के उनले एफए र इङलिस समर्थकहरूले आफूप्रति राखेको विश्वासलाई जर्मनीमा प्रमाणित गर्न सक्लान् ?

इङ्ल्यान्डले आफ्नै घरेलु मैदानमा सन् १९६६ को विश्वकप जितेको थियो। त्यसपछि इङ्ल्यान्ड विश्वकपमा सफलता चुम्न असफल रहँदै आइरहेको छ।

विश्वमा बेलायती मिडियाको बलियो उपस्थितिका कारण इङलिस खेलाडीहरूले पछिल्लो समयमा संसारभरिका फुटबलप्रेमीहरूको ध्यान आफूतर्फ आकर्षित गर्न सफल भए पनि विश्वकपमा उनीहरूको प्रदर्शन देशलाई उपाधि दिलाउन भने अपर्याप्त बन्दै आइरहेको छ। यसै स्थितिमा बेलायती मिडियाहरूले (जेठ २६ गते) ९ जुनदेखि जर्मनीमा आयोजना हुन लागेको विश्वकपमा उपाधिको बलियो दाबेदारको रूपमा एकपल्ट फेरि इङ्ल्यान्डको सम्भावनालाई उजागर गरेका छन्, तर के यसपल्ट इङलिस खेलाडीहरूले बेलायती मिडियाको भविष्यवाणीलाई उचित न्याय दिन सक्लान् ?

'निश्चय नै यसपल्ट इङ्ल्यान्ड टोली विगतकाभन्दा बलियो छ। त्यसैले इङ्ल्यान्डको सम्भावना निकै बलियो छ', फुटबलको मायानगरी इङ्ल्यान्डको पहिलो विदेशी प्रशिक्षक बन्ने सौभाग्य पाएका स्विडिस प्रशिक्षक इरिक्सनले भर्खरै मात्र एक अन्तर्वार्तामा भनेका छन्।

इङ्ल्यान्ड आउँदो विश्वकपमा ४० वर्षअघि घरमा जितेको विश्वकपको ऐतिहासिक क्षणलाई विदेशी भूमिमा दोहोर्‍याउने संकल्पका साथ अहिले पोर्चुगलमा अभ्यासमा व्यस्त छ। इरिक्सनले अभ्यासका लागि दुई साताअघि नै टोलीको घोषणा गरेका छन्। उनले सार्वजनिक गरेको टोलीमा विश्व फुटबलमा छाएका अनुभवी र युवा खेलाडीहरूको सम्मिश्रणले इङ्ल्यान्डको सम्भावनालाई बलियो पनि बनाएको छ। इरिक्सनले सबैलाई चकित तुल्याउँदै अन्तर्राष्ट्रिय प्रतियोगितामा 'डेब्यु' नै नगरेका आर्सनलका १७ वर्षीय किशोर स्ट्राइकर थिओ वाल्कटदेखि लिएर विश्व फुटबलमा स्टार बनिसकेका आर्सनलका 'लेफ्ट ब्याक' आस्ले कोल, सोल क्याम्पबेल, म्यानचेस्टर युनाइटेडका अनुभवी ग्यारी नेभेल, रियो फर्डिनान्ड, लिभरपुलका मिडफिल्डर कप्तान स्टेफन जेरार्ड, चेल्सीका जोन टेरी, फ्रयांक लाम्पार्ट र जोए कोल, रियल म्याड्रिडका डेभिड बेक्हयाम, वायर्न म्युनिखका ओवेन हार्ग्रेब्स र म्यानचेस्टर युनाइटेडका स्ट्राइकर वाइने रोनी र न्युक्यासल युनाइटेडका माइकल ओवेनजस्ता जल्दाबल्दा खेलाडीलाई टोलीमा स्थान दिएका छन्। यी खेलाडीको उपस्थितिले चालीस वर्षअघि



## को हुन् थिओ ?

**विश्वकप नजिकिँदै** जाँदा इङ्ल्यान्डमा अहिले एउटा खेलाडीको छनोटले सबैभन्दा बढी हंगामा मचाइरहेको छ। थिओ वाल्कट, प्रशिक्षक स्वाँन गोरान इरिक्सनले विश्वकपका लागि 'ट्रम कार्ड'को रूपमा छनोट गरेका १७ वर्षीय फुच्चे स्ट्राइकर। इङलिस टोलीमा वाल्कटको छनोटले प्रशिक्षक इरिक्सन विश्वकपअगाडि नै बेलायतमा आलोचित बन्न पुगेका छन्, तर इरिक्सनले आगामी विश्वकपमा वाल्कट इङलिस टोलीको सफलताको अध्याय बन्ने घोषणा गर्दै बेलायती समर्थकहरूलाई उनको समर्थन गर्न आग्रह गरेका छन्। दुईवटा विश्वकपमा इङलिस टोलीको प्रशिक्षणको जिम्मेवारी वहन गरिरहेका इरिक्सनले पत्याएका किशोर स्ट्राइकर थिओ आखिर को हुन् त ?

थिओ वाल्कट, सन् १९४० र ५० ताका 'डब्लु' त्रयको रूपमा विश्व क्रिकेटमा तहल्का मचाएका वेस्ट इन्डिज क्रिकेटका स्टार ब्याट्सम्यान सर क्लायड वाल्कटका आफन्त हुन्। थिओका बुबा डनले आफ्नो छोरा इङलिस टोलीमा छानिएपछि परिवारको परिचय दिने क्रममा बार्बडोसका क्लायड वाल्कट आफ्नो बुबाको आफन्त भएको जानकारी सार्वजनिक गरेका छन्, तर ८० वर्षीय वाल्कटले भने यो कुराको खण्डन गरेका छन्। फुच्चे वाल्कटले हालसम्म अन्तर्राष्ट्रिय खेल मात्र होइन इङलिस प्रिमियर लिगमा पनि 'डेब्यु' गरेका छैनन्। उनी (जेठ १६ र २० गते) मे ३० र जुन ३ तारिखमा इङ्ल्यान्डले विश्वकप अभ्यासका लागि खेल्ने भनिएको हंगेरी र जमैकाविरुद्धको खेलमा इङलिस टोलीबाट उत्रिएमा, इङ्ल्यान्डबाट अन्तर्राष्ट्रिय खेल खेल्ने सबैभन्दा कान्छो खेलाडी बन्नेछन्। उनी

इङल्यान्डले विश्वकप जित्दा टोलीमा रहेका स्टार खेलाडी राम्से, हर्सट, ब्याङक्स, चार्ल्टन र मूरहरूको झझल्को दिएको छ। तर स्टार खेलाडीहरूको चोटको समस्याले भने प्रशिक्षक इरिक्सनलाई मात्र होइन इङलिस समर्थकहरूलाई पनि उत्तिकै सशंकित तुल्याएको छ। सन् १९६६ मा इङल्यान्डले विश्वकप जित्दा इङलिस टोलीका एकजना खेलाडी पनि घाइते थिएनन्। यतिमात्र होइन, जर्मनीलाई फाइनलमा हराएर विश्वकप ट्रफी उचाल्दा इङल्यान्डले पूरै नम्बे मिनेटको खेल अतिरिक्त खेलाडीविना खेलेको थियो। अहिले इङलिस टोलीका दुई मुख्य हतियार २० वर्षीय युवा रोनी र भर्खरै २६ वर्ष टेकेका ओवेन घाइते छन्। ओवेन विश्वकपको समूहगत खेलअगाडि नै स्वास्थ्यलाभ गरेर टोलीमा फर्किने सम्भावना भएको बताइए पनि रोनीको विषयमा स्वयं उनका चिकित्सकहरू नै विश्वस्त हुन सकिरहेका छैनन्। रोनीलाई इङलिस प्रिमियर लिगअन्तर्गत चेल्सीसँग उपाधिका लागि भएको महत्त्वपूर्ण भिडन्तमा दायाँ खुट्टामा चोट लागेपछि उनीसँगै राष्ट्रिय टोलीमा रहेका चेल्सीका प्रभावशाली डिफेन्डर कप्तान जोन टेरी र मिडफिल्डर फ्रयांक लाम्पार्ट मैदानमै दुःखी भएका थिए। रोनी सन् २००४ मा पोर्चुगलमा भएको युरोकपमा प्रतियोगिताकै आकर्षण बनेका थिए। १८ वर्षका रोनीले त्यति बेला ४ गोल गरेका थिए। हाल इरिक्सन ओवेनको विषयलाई लिएर त्यति तनावमा नरहे पनि रोनीको चोटले उनलाई निकै अप्ठेरोमा पारेको छ। यसैले उनी अहिलेदेखि नै आफ्नो रणनीति फेर्ने अभियानमा जुटेका छन्।

इरिक्सनले एफएको आधिकारिक वेभसाइटलाई दिएको अन्तर्वार्तामा स्ट्राइकरद्वय ओवेन र रोनीले विश्वकप अगाडि पूर्णरूपले स्वास्थ्यलाभ गर्न नसकेको खण्डमा आफूले लिभरपुलका अर्का अग्ला स्ट्राइकर पिटर क्राउचलाई अगाडि र अर्को कुनै एक खेलाडीलाई पछाडि राखेर ४-४-२ को रणनीतिमा खेलाडी उतार्ने बताएका छन्। उनले यो अवस्थामा क्राउचलाई मात्र अग्रपंक्तिमा खेलाएर दुईवटा विगरको रूपमा ४-३-३ को रणनीतिलाई समायोजन गर्ने पनि बताएका छन्। अन्तिम विकल्पको रूपमा क्राउचलाई अग्रपंक्तिमा खेलाउदै पाँच मिडफिल्डरको सहयोगले ४-५-१ को रणनीतिलाई पनि प्रयोग गर्न सक्ने उनले बताएका छन्।

आगामी विश्वकपमा इङल्यान्डका लागि समूहगत खेलमा मुख्य चुनौती स्विडेन नै हुने लगभग पक्का छ। इङल्यान्ड यो विश्वकपको सबैभन्दा सजिलो समूह 'बी'मा उपस्थित छ। यो समूहमा स्विडेन, पाराग्वे र त्रिनिडाड एन्ड टोबागो समावेश छन्। पाराग्वे दक्षिण अमेरिकी समूहबाट ब्राजिल, अर्जेन्टिना र इक्वेडरपछि चौथो नम्बरमा छनोट भएको देश हो। त्रिनिडाड एन्ड टोबाको पनि बहराइनसँग प्ले-अफ म्याचमा विजयी भएर अमेरिका, मेक्सिको र कोस्टारिकापछि कनकाकाफ समूहबाट विश्वकपमा छनोट भएको थियो। इङल्यान्डले सन् १९६८ देखि ३६ वर्षको अन्तरालमा ११ पल्ट भएको भिडन्तमा अहिलेसम्म स्विडेनलाई हराउन सकेको छैन।

सन् १९५० मा ब्राजिलमा भएको विश्वकपदेखि सहभागिता जनाउन थालेको इङल्यान्ड यसबीच तीनपल्ट विश्वकपमा छनोट हुन असफल भयो। अन्तर्राष्ट्रिय फुटबलमा तीन सिंहको नामले पनि चिनिने इङल्यान्ड सन् १९७४ को जर्मनी विश्वकप, १९७८ को अर्जेन्टिना विश्वकप र १९९४ को अमेरिका विश्वकपमा छनोट हुन असफल भएको थियो। सन् १९९० को इटाली विश्वकपमा इङल्यान्डले सेमिफाइनलसम्मको यात्रा तय गरे पनि पुरानो प्रतिद्वन्दी जर्मनीद्वारा पेनाल्टी सुटआउटमा पराजित भएको थियो। त्यसपछि इङल्यान्ड विश्वकपमा सेमिफाइनलसम्मको यात्रा पनि तय गर्न असफल हुँदै आइरहेको छ।

यति बेला इङल्यान्ड विश्वकपको सजिलो समूहमा मात्र उपस्थित छैन, इङलिस टोलीमा स्टार खेलाडीहरूको जमघट पनि उत्तिकै छ। इङल्यान्डका लागि अहिले ४० वर्षअघि विश्वकप जितेको इतिहास दोहोऱ्याउने सुनौलो मौका पनि छ, तर ब्राजिल, अर्जेन्टिना, जर्मनी, फ्रान्स र इटालीलाई पनि विश्वकपका दाबेदार टोलीको रूपमा चित्रण गरिएका बेला के इङल्यान्डले दोस्रोपल्ट विश्वकप जितेर जर्मनीमा अर्को इतिहास रच्ला त ? ■

गत मार्च १६ तारिखमा १७ वर्ष पुगेका थिए। वाल्कटलाई यसै जनवरीमा आर्सनलले ५ मिलियन स्टर्लिङ पाउन्डमा साउथहाम्टनबाट अनुबन्धन गरेको थियो। अमेरिकाको प्रख्यात गल्फ खेलाडी टाइगर उडका जस्तो अनुहार भएका कारण साथीभाइ माझ टाइगरको उपनामले परिचित वाल्कटको प्रेरणादायक खेलाडी भनेका नै माइकल ओवेन हुन्। उनले ६ वर्षअघि चेल्सीमा बलब्वाइको रूपमा काम गर्दा अन्तिमपल्ट ओवेनसँग फोटो खिच्ने मौका पाएका थिए। 'मैले सपनामा पनि सोचेको थिइनँ, आफ्नो आदर्श खेलाडीसँगै विश्वकप खेल्न पाउँछु भनेर', सन् १९९८ को विश्वकपमा अर्जेन्टिनाविरुद्ध ओवेनले गरेको विश्वचर्चित गोल निद्राका कारण हेर्न नपाएको गुनासो गर्ने वाल्कट इङलिस टोलीमा आफ्नो नाम छनोट भएको देखेर ज्यादै चकित छन्। फ्रान्सका चर्चित स्ट्राइकर थियरी हेनरीजस्तो खेलकौशल र जोडले कुद्न सक्ने खुबीका कारण उनलाई टोलीमा समावेश गरेको प्रशिक्षक इरिक्सनले बताएका छन्। 'उसले खेललाई कुनै पनि बेला परिवर्तन गराउन सक्छ', व्यक्तिगतरूपले वाल्कटको खेल नहेरे पनि अभ्यास र भिडियोमा उनको खेल हेरेर प्रभावित बनेका इरिक्सन भन्छन्। वाल्कट ११ दशमलव ५२ सेकेन्डमा सय मिटर दौडने खुबी राख्छन्, जुन अन्तर्राष्ट्रिय म्याराथुनमा पनि उत्कृष्ट समय मानिन्छ। गत साता इङल्यान्डको विश्वकप टोलीमा उनको नाम सार्वजनिक हुँदा उनी ड्राइभिङका लागि सैद्धान्तिक कक्षा लिइरहेका थिए। उनलाई अहिले शुभकामना र विभिन्न विज्ञापन अनुबन्धनका लागि दैनिक तीन सयभन्दा बढी टेलिफोन आउने गरेका छन्। ■

## बार्सिलोनाको सफलता

**सन् १९९२ पछि** क्लब फुटबलको सबैभन्दा प्रतिष्ठित फुटबल प्रतियोगिता जित्न असफल हुँदै आइरहेको बार्सिलोनाले यो वर्षको च्याम्पियन्स लिगमा कब्जा जमाएको छ। करिब दुई महिनाअघि मात्र स्पेनको घरेलु स्पेनिस लिगमा कब्जा जमाएको बार्सिलोनाले एउटै वर्ष युरोपको दुई प्रतिष्ठित उपाधि जितेको हो। जर्मनीमा आयोजना हुने विश्वकप सुरु हुन तीन साताअघि गत बुधवार फ्रान्सको बहुचर्चित स्टेड डे फ्रान्स रंगशालामा भएको फाइनल खेलमा इङल्यान्डको आर्सनल क्लबलाई २-१ गोल अन्तरले पराजित गर्दै बार्सिलोनाले उपाधि जितेको हो। दस खेलाडीमा सीमित आर्सनलले पहिलो हाफमा एक गोलको अग्रता लिए पनि खेल सकिन १४ मिनेट बाँकी रहँदा ४ मिनेटको अन्तरमा दुई गोल फर्काउँदै बार्सिलोनाले दोस्रोपल्ट च्याम्पियन्स लिगको उपाधिमा कब्जा जमाएको थियो। बार्सिलोनाले सन् १९९२ मा पहिलो पल्ट क्लब फुटबलको प्रतिष्ठित प्रतियोगिता जितेको थियो। सन् १९६१, १९८६ र १९९४ मा क्याटलान क्लब लिगको फाइनलमा पुगे पनि उपाधिविमुख रहेको थियो।

आर्सनलका फ्रेन्च स्ट्राइकर थियरी हेनरी र बार्सिलोनाका ब्राजिली प्लेमेकर रोनाल्डिन्होको भिडन्तको रूपमा हेरिएको यसपालिको च्याम्पियन्स लिगमा गनर्सका लागि पहिलो हाफको ३७ मिनेटमा डिफेन्डर सोल क्याम्पबेलले हेनरीको कर्नरमा हेडिङ गोल गरेका थिए। विश्वकपमा स्पेनको पहिलो रोजाइका गोलरक्षक मानिएका आर्सनलका जेन्स लेहम्यान खेल सुरु भएको १८ मिनेटमा रातो कार्ड पाएर बाहिरिएपछि लन्डन क्लब पूरै समय दस खेलाडीका साथ संघर्ष गरिरहेको थियो। च्याम्पियन्स लिगमा रातो कार्ड पाउने लेहम्यान पहिलो खेलाडी हुन्।

आर्सनल पहिलोपल्ट च्याम्पियन्स लिगको फाइनलमा पुग्न सफल भएको थियो। च्याम्पियन्स लिग सुरु भएको ५० वर्ष पुगेको उपलक्ष्यमा ८० हजार दर्शक क्षमताको रंगशालामा खेलको ७६ औं मिनेटमा क्यामरुनी स्ट्राइकर सामुअल इटोले गोल फर्काउँदै बराबरी गरेका थिए। त्यसको चार मिनेटपछि नै अतिरिक्त खेलाडीको रूपमा मैदान प्रवेश गरेका ब्राजिलियन डिफेन्डर जुलियानो बेलेटीले असीयौं मिनेटमा निर्णायक गोल फर्काउँदै बार्सिलोनालाई ऐतिहासिक सफलता दिलाए। बार्सिलोनाको यो सफलतासँगै च्याम्पियन्स लिग २८ पल्ट जित्ने इङलिस क्लबको सफलतालाई स्पेनिस क्लबले बराबरी गरेको छ ।■




# एक व्यक्तिको सनकको फेहरिस्त

**रमेश लेखकको** 'शाही शासनको एक वर्ष' हालै सार्वजनिक भएको छ। कांग्रेस (प्रजातान्त्रिक)का सांसद लेखकले राजा ज्ञानेन्द्रको १ वर्ष ३ महिनाको शासनकालका राजनीतिक घटनाक्रमहरू, राजाको कदमविरुद्ध राजनीतिक दलहरूले संचालन गरेका आन्दोलन एवं सात दल व्यवसायिक संघसंगठन र नागरिक समाजले संचालन गरेको संयुक्त जनआन्दोलन र सरकारी दमनलाई मेहनत गरेर पस्किएका छन्।

असोज १८, माघ १९ को प्रस्थानबिन्दु थियो, तर सुरुमा राजनीतिक दलहरूले राजाको नियतलाई चिन्न नसकेको उनको विश्लेषण छ। 'असोज १८ : माघ १९ को पूर्वाभ्यास' शीर्षकमा लेखकले भनेका छन्, 'असोज १८ गतेको शाही घोषणा अवैधानिक तथा अप्रजातान्त्रिक त थियो नै राजनीतिक रूपले पनि औचित्यहीन मात्र नभई यो एक गम्भीर षड्यन्त्र थियो भन्ने तथ्य माघ १९ ले स्थापित गर्‍यो।'

पुस्तकमा माघ १९ को कदमपछि राजाको कदमविरुद्ध उठेको जनआन्दोलनको उभार, प्रहरी ज्यादती, धरपडक र यातनाका स-साना घटनालाई समेट्ने प्रयास गरिएको छ। पुस्तक विवरणात्मक छ। सात राजनीतिक दलहरूबाट संचालित जनआन्दोलन देश फैलिएको थियो भन्ने कुराको एक एक टिपोट प्रस्तुत गरेर लेखकले इतिहासकारका लागि सजिलो बनाइदिएका छन्।

सात राजनीतिक दलबीचको एकता बन्नुअघिका चुनौती, राजाको 'फुटाउ र राज गर' नीतिको विवेचना तथा सात दल माओवादीसँगको समझदारी र शाही सरकारको प्रतिक्रियालाई लेखकले केलाएका छन्।

शाही शासन र नेकपा (माओवादी) शीर्षकको अध्यायमा लेखकले माओवादीबाट राजनीतक दलका नेता तथा कार्यकर्ता मारिएका ऐतिहासिक घटना उल्लेख गर्दै उनीहरू रणनीतिक रूपमा सफल भएको विश्लेषण गरेका छन्। शाही सत्तासँग उनीहरूको रणनीतिक चलखेल र पछिल्लो समयमा आएर वार्ताको सम्भावना समाप्त भएको पनि उल्लेख गरेका छन्, भिन्न भिन्न उपशीर्षकमा। माओवादीका विगतका राजनीतिक क्रियाकलाप र त्यसबाट नेपालको राजनीतिमा परेको प्रभावबारे लेखक लेख्छन्, 'माओवादी एकै दलभित्र अन्तरसंघर्ष, दलहरूबीच मतभेद, दल र दरवारबीच दूरी निर्माण गर्नेदेखि दलहरूलाई आफू नजिक ल्याउने सबै कार्यमा रणनीतिक रूपले सफल भएका देखिन्छन्। माओवादीको यो रणनीतिक सफलतामा पछिल्लो समयमा राजाको प्रत्यक्ष शासन गर्ने महत्त्वाकांक्षा सहयोगी बन्न पुग्यो। माओवादी विद्रोहले राजा ज्ञानेन्द्रको महत्वाकांक्षालाई अवसर प्रदान गर्‍यो। फलतः मुलुकको प्रजातन्त्रलाई आतंकवादबाट जोगाउने निहुँमा प्रजातन्त्रको हत्या र देश असफल हुने विन्दुमा पुर्‍यायो।'

शाही शासनले नेपाली कांग्रेस र कांग्रेस प्रजातान्त्रिक दलहरूलाई राजतन्त्रबारे आफ्नो पुरानो मान्यतामा पुनर्विचार गर्न बाध्य बनाएको उल्लेख गर्दै लेखकले संवैधानिक राजतन्त्रवादी यी पार्टीका युवा विद्यार्थीको चर्को दबाब कामयाव भएको बताएका छन्। आफ्नै पार्टीको २०६२, पुस २१-२३ मा सम्पन्न महाधिवेशनले राजतन्त्रबारे लिएको निर्णयका सम्बन्धमा लेखक लेख्छन्, 'पार्टीले जनताको चाहना बोक्ने हो, राजाको होइन। पार्टीले राजतन्त्रको भविष्य राजाको चिन्ताको विषय हो, जनताको चिन्ताको विषय होइन भन्ने नीति लियो, तसर्थ नेपाली कांग्रेस (प्रजातान्त्रिक)ले राजनीतिक दस्तावेजमा मुलुकका लागि प्रजातन्त्र केन्द्रीय र अपरिहार्य विषय हो, राजतन्त्र केन्द्रीय र अपरिहार्य विषय होइन भन्ने स्पष्टताका साथ उल्लेख गर्‍यो।'

लेखकले शाही शासनको ठिक एक वर्ष पारेर पुस्तक निकाल्ने पूर्व योजनामा पछि सरेको देखिन्छ, तर यसबाट पाठकलाई लाभ भएको मान्नु पर्ने हुन्छ। वर्ष दिनपछिका दुई महिना शीर्षक अध्यायमा लेखकले ऐतिहासिक जनआन्दोलनका घटना हतारमा प्रस्तुत गर्ने जमर्को गरेका छन्। लेखक जनआन्दोलन संयोजक समितिका सदस्य पनि थिए।

राजनीतिक विवरण र धेरै तथ्यांकबाट भरिएको भए पनि पुस्तक पढ्न बोझिलो छैन, सरर बग्छ। लेखकले पुस्तकलाई नौ अध्यायमा बाँडेका छन् र प्रत्येक अध्यायलाई विभिन्न उपशीर्षक दिएर पढ्न र शाही शासनका राजनीतिक घटना खोतल्न सजिलो पारेका छन्।

राजाका विभिन्न घोषणा, सात दलका महत्त्वपूर्ण निर्णय, दल-माओवादी समझदारी, माओवादी युद्धविराम घोषणा, अमेरिकी सिनेटर प्याट्रिक लेहीको वक्तव्यजस्ता महत्त्वपूर्ण २८ वटा दस्तावेज अनुसूचीमा राखेका छन्। पुस्तकलाई समग्रमा शाही शासनमा भएका राजनीतिक घटनाको विवरण भन्न मिल्छ, राजनीतिक विश्लेषण कम छ र कतिपय अवस्थामा कमजोर पनि।

पुस्तकको निष्कर्षमा लेखकले राजाको चौधमहिने शासनबारे सटीक टिप्पणी गर्दै भन्छन्, 'एकजना व्यक्तिको शासन गर्ने महत्त्वाकांक्षा र सनकले देश र समग्र जनताले दुःख पाउने परिस्थिति मध्ययुगीन राजतन्त्रको इतिहास देखा परेका छन्। भारतको तुगलक बादशाह मुहम्मद बिन तुगलकले दिल्लीबाट औरंगजावाद सार्ने अर्थ, औचित्य र विवेकहीन निर्णय गरेजस्तै रह्यो, राजा ज्ञानेन्द्रको माघ १९ गतेको घोषणा।'

पुस्तक गणेशमान सिंह अध्ययन प्रतिष्ठानले प्रकाशन गरेको हो। ■




किताब : कविता-कुसुम
विधा : कविता
लेखक : रत्ननिधि रेग्मी 'शुक्राचार्य'
पृष्ठ : ९२
मूल्य : रु. ४९.९९/-
प्रकाशक : महाकवि देवकोटा प्रकाशनमाला-४




किताब : अभियुक्त इश्वर
विधा : ताङ्का
लेखक : अमर त्यागी
पृष्ठ : ७८
मूल्य : रु. ५५.५५/-
प्रकाशक : कोशिकी साहित्य प्रतिष्ठान, काठमाडौं




किताब : श्यामप्रसादका निबन्धहरू
विधा : निबन्धसङ्ग्रह
कवि : श्यामप्रसाद शर्मा
पृष्ठ : १५१
मूल्य : रु. १००/-
प्रकाशक : विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौं




किताब : अन्त्यहीन पहिराहरू
विधा : कथा
लेखक : सिर्जना शर्मा
पृष्ठ : १४७
मूल्य : रु. १००/-
प्रकाशक : विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौं



# कर्फ्युको दिन

■ रोशन थापा 'नीरव'

**एक्कासि मान्छेहरूको** भीड देखिन थाल्यो । डर हो वा कुनचाहिँ किंवदन्तीको शासनाले हो - त्रसित, गलित, पीडित, आशंकित र आतंकित भएर तिनीहरू दौडिन लागे । सम्भवतः सुरक्षास्थल खोज्न होला ।

■

*(माथिको यस वाक्यले अतिशय प्रतीकात्मक कथाको आशा गरेर यस कथाको पठन गर्नुहुन्छ भने पाठक महोदय, यो कथा नपढे हुन्छ ।)*

■

कथाको उद्घाटन भव्य होइन, साधारण तरिकाले हुँदै छ, किनभने यो साधारण मान्छेकै कथा हो । त्यो साधारण मान्छे, जो यस मुलुकमा युगौंदेखि त्रसित, शोषित र पीडित भएर पीडाको ठूलो पोको होइन, अभिशप्त इतिहास बोकेर आइरहेका छन् ।

■

कुरा साधारण मान्छेको हो । यति बेला ती साधारण मान्छेमा साधारणताको खोल धुजाधुजा च्यातिने क्रम देखिँदै थयो । कारण केही थिएन । उनीहरूको बाँच्नुसँग सम्बन्धित केही पीडा थियो ।

■

अहिले तिनीहरू पानी नभएको धारा होइन, १२७ धाराको प्रजातन्त्रअन्तर्गतका प्रजा थिए । प्रजातन्त्र उनीहरूकै नाउँमा थियो, तर प्रजातन्त्रचाहिँ कसका नाउँमा थियो...? प्रश्न भयावह हुन सक्ने आदेश कथाले गऱ्यो, जस्तो भर्खरै माननीय गृहमन्त्रीज्यूले कर्फ्यु डरलाग्दो हुने चेतावनी बडो गर्व र डुक्रँदो स्वरमा टिभीमार्फत व्यक्त गर्नुभएको थियो ।

■

*(ती असंख्य साधारण प्रजामध्ये यहाँ वर्णन हुन लागेको एक निहत्था प्रजाको दिनचर्या यस्तो छ । दिनचर्या भन्नाले कथाचरित्र भनेर बुझियोस् । कथाकारको संविधानको यो आग्रह छ ।)*

■

त, त्यो साधारण प्रजाको नाउँ हो : श्री श्रवणकुमार । भर्खरै १२७ धाराको कट्टर अनुयायी श्रीमान् पञ्चमहाबलेश्वर तालुका शिरले उसको रोजगारीको मुहान थुनिदिएर उसलाई भोको र बेरोजगारीको ठूलो रणसंग्राममा धुरीण बनाएर छोडिदिएको थियो र श्रीमान् पञ्चमहाबलेश्वर सोच्दो हो, 'यो मूलाले धेरै सान देखाउनु मेरो पेटका लागि अपाच्य कुरा त हो नै । यसैले यसलाई सबै धाराका मुहानमा बन्देज गर्ने घोषणा म मेरा लँगौटी, कछाडप्रिय मित्रमार्फत आदेश जारी पनि गर्दछु ।' यो कथन गुन्जिएर टोल थर्कायमान भएको थियो, तर त्यसमा श्री श्रवणकुमार थर्कमान थियो वा थिएन, यो भिन्नै कुरा हुन सक्ला । अहिले यो पूर्वप्रसंग यति मात्रै– कथा झिँजो मान्छ । यस्तो वर्णन बोक्दा-बोक्दा कथा शिथिल मात्र होइन, बोझिल पनि भएको अनुभव कथाकारले अनुभूत गरेको छ । अन्यथा देशमा अनुभूत गर्ने कुरो के नै बाँकी छ र ? प्रजातन्त्र छ त भनिन्छ, तर प्रजा सधैं तन्त्रदेखि त्रसित हुँदो छ । के गर्ने ?

■

*(माथिको सामान्य कमर्सियल ब्रेकपछि पाठकवृन्द तपाईंहरूलाई पुनः स्वागत गर्दै कथाकार कथाबाट अगाडि बढ्ने अनुमति आग्रह सम्प्रेषण गर्दछ ।)*

■

अग्रगामी निकास कथाको यस्तो छ– श्री श्रवणकुमार आफू बेरोजगार भएपछि सधैं आत्महत्याको तरखरमा देखिन थालेको थियो । तपाईंहरूलाई के ढाँट्ने ? योग्यता नभएर होइन, योग्यतै भएर हो । ऊ सधैं भन्थ्यो, 'म बिग्रें, बढी परिचित भएर ।' कसैको प्रश्न हुन्थ्यो, 'किन त ? उत्तर उसको थियो, किनभने यस मुलुकमा बढी परिचित हुनु भनेको स्वास्थ्यका साथसाथै ईर्ष्याका लागि पनि पूरापूर हानिकारक हुने कुरो हो भने म त्यसैबाट ग्रसित छु ।' यो कुरा हिजोअस्तिकै हो । आजको कुरा त झन् अर्को थियो जुन भयावह ओढेर प्रदर्शित हुने तरखरमा देखिन्थ्यो ।

■

माननीय गृहमन्त्रीको राष्ट्रभक्ति, स्वामीभक्ति र ओजपूर्ण भाषणले किन हो किन, उसै त सधैं आत्महत्या गरूँ कि भन्ने कल्पना बोक्ने श्री श्रवणकुमार– त्यसमाथि आज उक्त भाषण सुनेपछि त आँखा चिम्लेरै आत्महत्या गरिहालूँ भन्ने जोस बढिहाल्यो– यो अनुभूत गर्दै थियो । राष्ट्रका नाउँमा सन्देश भनेजस्ते राष्ट्रका नाउँमा एक बेरोजगारको आत्महत्या– समाचार कस्तो लाग्ला ? यो सोचेर श्री श्रवणकुमार मुसुक्क हाँस्न थाल्यो । धेरै होइन, सीमित । भनिन्थ्यो, उसले धेरै हाँस्दा देशमा पानी पर्ने सम्भावना हुन्थ्यो । यसैले उसको हाँसो देशका सम्पूर्ण प्रजाको हराएको हाँसोजस्तै भएको थियो । कसरी हाँस्ने ?

■

'हैन, के गरिरहेको ?' श्रीमतीको कर्कशलाग्दो स्वर ।

ऊ झस्कनुलाई स्वभाविक 'बार एसोसिएसन' बनाउन 'आँभागार्द' हुँदै थियो । पहिले, भन्नै पर्दैन, बिहेको पहिलो पहिलो दिनतिर जोकोहीलाई पनि आफ्नी श्रीमतीको सोह्रसिँगारदेखि बोली व्यवहारसम्म स्वभाविक र लययुक्त लाग्न सक्थ्यो, पछिपछि त्यही लययुक्त कुरा भययुक्त लाग्ने बन्थ्यो । यो पनि त्यत्तिकै सत्य हो । देशको पारिवारिक उखान-आहान हो यो । श्री श्रवण कुमार यही सोचेर हाँस्तै थियो, सम्भवतः ।

'देखिनौ, छोरी हेरिरहेको !'

छोरी नभन्दै बिरामी थिइन् । बाबाबा गरेर खेल्दाखेल्दै आँसु झारेर बिरामी भएकी हो हिजो । कारण के हो ? (कथाले वास्तविकता दृष्टिगोचर गऱ्यो र देख्यो– हिजो बन्द र कर्फ्युको द्वन्द्व थियो । कर्फ्युले बन्दमाथि फालेको अश्रुग्याँसको प्रभाव बर्डफ्लु फैलिइएसरी श्री श्रवण कुमारको झ्यालबाट सुटुक्क पसिदियो र छोरी रुन थालिन् । उसै त बान्ता र

छेरपाट गरेर शिथिल भएको शरीर त्यसमाथि अश्रुग्याँसको आगमन–के होला त स्थिति एक सानो आकारको प्राणीका लागि ?) कारण यही थियो ।

'फेरि कर्फ्यु रे, बिहानैदेखि– तरकारी किन्न जानु पर्दैन ?'

श्रीमतीसहित परिवारको आदेश उचित परम्परामा मर्यादित बन्यो । नमान्ने कुरै भएन । यसैले दौडनोन्मुख बन्यो ऊ ।

'के ल्याउने ?'

अन्योल त प्रजातन्त्र जस्तै थियो नै यथावत् । श्री श्रवणकुमार यसमा पर्नु अस्वभाविक होइन ।

'जे भेटिन्छ, त्यही ।'

बाँच्नुको जिजीविषा ठूलो हो र त्यही नै गुन्जियो ।

■

श्री श्रवणकुमार त्यसपछि त्यही भीडमा दौडँदो सम्मिलित भयो, जुन भीडबारे कथाले प्रारम्भमै प्रदर्शन गरेको थियो । अब श्री श्रवणकुमार पनि त्यही पीडित प्रजादलमा मिश्रित भएर बजारोन्मुख बन्यो ।

■

बजार भने प्रजातन्त्रको छाडापना जस्तो अश्लील लाग्ने खालको बनेको थियो । कुहिएको, बासी तरकारी पनि प्रजातन्त्रको काफल पाक्यो हजुर धर्मराज थापालाई चौतर्फी झस्काउने खालको लोकलय उमार्दै ५ रुपैयाँ मुठाको साग १५ रुपैयाँ, ५ रुपैयाँ पाउको गोलभेडा १५ रुपैयाँ पुगेको थियो, तैपनि पीडित प्रजा मर्ने डरले हारालुट गरी किन्दै थिए । किनेर किन्न सकेको गर्वसाथ लिएर प्रजातन्त्र, १२७ धारा, कर्फ्यु, बन्द आदिलाई आ-आफ्नो तरिकाले गच्छेअनुसार विश्लेषण वा गाली गर्दै फर्कंदै पनि थिए ।

■

माननीय गृहमन्त्री प्रजाकै जीउधनको सुरक्षाका लागि कर्फ्युलाई थपघट र भयावह–आनन्दमय बनाउने कुरा अझै फलाक्दै हुनुहुन्थ्यो । टिभी र एफएम रेडियोबाट प्रसारित भइरहेको थियो ।

■

श्री श्रवणकुमार पनि २०० रुपैयाँको सानो झोला तरकारी किनेर घर फर्कंदा ठूलो प्रजातन्त्र प्राप्त भएको सगर्व छाती बोकेर फर्कंदै थियो । बाटामा अर्को जन्मजात निरीह आवरण बोकेको प्रजा केही सोध्न उसका अगाडि उभियो, चुरोट सल्काउन लाइटर माग्ने तरिकाले ।

–'हैन, मित्र अब देश के हुने ?'

–'कस्तो के हुने ? जे हुने, त्यही हुने ।'

–'लोकतन्त्र कि ठोकतन्त्र ?'

–'यो कुरो त यो मुलुक जन्मँदादेखि नै भएर आएको हो ।'

–'कुरो बुझिएन ।'

महाशय प्रजाले बुझेन । बुझ्न त के बुझिन्छ ? न प्रजातन्त्र न लोकतन्त्र, न ठोकतन्त्र । यसबीच पीडित प्रजा सधैं शोषित– बस् यही बुझे भइहाल्छ ।

–'तपाईंले तरकारी किन्नुभयो ?'

–'किनें, किन ?'

–'कति ?'

–'आजसम्म त हो, भोलि फेरि कर्फ्यु लागे बरबाद छ ।'

–'हो, त्यही बरबादी कुरो हो, जुन तपाईंले बुझ्नु पर्ने ।'

यति बोलेर श्री श्रवणकुमारले बाटो काट्यो । त्यो प्रजा निमुखा ओढेर ट्वाँ परी हेरिरहेको थियो ।

■

*(कथाले आज यति भनेर मौन भई बसिदिए त हुने हो । पाठकवृन्द, तपाईंहरूलाई खबर पनि सम्प्रेषण हुने मनोरञ्जक पनि बन्ने, तर यथार्थ केही बाँकी भएकाले कथा अझै गतिशील देखिँदै थियो ।)*

■

श्री श्रवणकुमार प्रखर प्रजातन्त्रशील मुलुकको प्रजातन्त्रमुखी प्रजा बनेर घरभित्र छिर्दा घर भयावह ओढेर बसेको थियो । भएछ के भने परिवार टिभीमा समाचार हेर्दै थिए । टिभीमा माननीय गृहमन्त्री राष्ट्र, राजमुकुटको प्रशंसा गर्दै प्रजा र प्रजातन्त्रको भजन गाउनुहुँदै थियो । श्री श्रवणकुमारकी छोरी माननीय गृहमन्त्रीको भाषणको 'प्रजातन्त्र'लाई समातेर 'प...प...र...जा...त...' बोल्दाबोल्दै एक्कासि झाडाबान्ताको सिकारले ग्रस्त भइदिइन् । निमुखा ओढेको प्रजासरी परिवार आतिन थालेछ । कारण अरू थिएन । कर्फ्यु त्यही बेला सुरु भइदियो ।

■

के गर्ने ? कथा र परिवार प्रजातन्त्र जस्तै अन्योलग्रस्त भए । स्वभाविक छ प्रश्न, किनभने देशमा प्रजातन्त्र छ भनिन्छ, तर प्रजातन्त्रमा प्रजाचाहिँ कहाँ छ ?

■

बाहिर उत्तर होइन, भयावह दृश्यको अनेक 'फर एक्ज्याम्पल'हरू तैनाथ थिए । आगाको मुस्लो । भ्यानको साइरन । गोलीहरूको आवाज । यी सबैले बाटो हराभरा गुन्जायमान थियो । श्री श्रवणकुमारले निर्णय गर्न सकेन–के गर्ने ? बाहिर त्रिपक्षीय द्वन्द्व, बन्द, कर्फ्यु र त्रास उपलब्ध देखिन्थे । ऊ त्यसमध्ये कसका लागि समर्थित हुने–निर्णय गर्दा नगर्दै यो अर्को भय देखा परिदियो र यो भयका लागि अन्ततः केही त गर्नै पर्‍यो । ऊ आफ्नो भएभरका प्रजापन उतारेर छोरीलाई खास्टामा बेरेर तल ओर्लियो । ओर्लेर ढोका खोल्छ त– बाहिर...? झसंग ।

■

बाहिर १२७ नम्बरको स्टेगन उभिएको थियो ।

–ए, कता जान लागेको ?

–बाहिर हस्पिटल ।

–त्यो पोका के हो ?

–मेरी बिरामी छोरी ।

–कर्फ्यु लागिसक्यो । थाहा छैन ? हामी प्रजाको जीउधन रक्षार्थ खटेका रक्षक । ठोकूँ गोली ?

श्री श्रवणकुमार स्तब्धः । हुनै पर्छ । स्वभाविक हो, ऊ त एउटा साधारण प्रजा मात्र न हो । सुरक्षार्थका लागि भए पनि डराउनै पर्छ बा !

■

अनि त के ?

श्री श्रवणकुमार, रोगले आक्रान्त उसकी छोरी, तन्त्रबद्ध प्रजातन्त्र र यो कथा पनि कर्फ्युको त्यस क्षण कामेर मौन बन्न थाले । उपाय मात्र होइन, शक्ति नै छैन, के गर्ने ?

■

*(पाठकवृन्द, क्षमा गर्नुहोला, देशमा प्रजातन्त्र छ भनिन्छ, तर सकिँदा नसकिँदै पनि यहाँ कथाचाहिँ समाप्त भएको घोषणा गरिन्छ, एउटा प्रश्न पनि के राखिन्छ भने टिभीमा प्रसारित यो वाक्यांश– 'अबको कर्फ्यु कडा हुने...! कर्फ्यु तोड्नु आत्मरति मात्र...!' श्री श्रवणकुमार जस्ता निहत्था, निरीह, निमुखा प्रजामा कहाँनेर, कसरी लागू गर्ने ? अगाडि उत्तर होइन, युगौंदेखि जीवन्त भयावह उपस्थित उभिएको थियो ।)* ■

# सूर्यको विजय

■ अनिता लामा

साँझको मधुर सूर्यले
जब शीतलता छर्दै थियो
ऊ बेला शीतलता ताप्नेहरू भन्दै थिए,
भोलि उज्यालो हुनेछ,
हाम्रा लागि खर्चिएको सहिदको रगत
त्यसै खेर जानेछैन

नभन्दै उनीहरूको आँगन टेक्दै
दैलोको संघार उछिन्दै
त्यो उज्यालो आइपुग्यो
त्यो बिहानी आइपुग्यो
रक्तिम किरणमा रूपान्तरित भएर
विजयका तरंगित आवाजहरू गुन्जिए

भर्खरै जितेको लडाईंको उल्लासमा
स्वतन्त्रताको विजयमा
सबै आल्हादित भए
सबैले ताप्ने विजयको प्रचण्ड राप
त्यो स्वतन्त्रताको विजयमात्र थिएन
त्यो सूर्यको विजय थियो ।

■

# बुझें

■ नारायण तिवारी

घरका छानाहरू च्यातिएका छन्
बुझें
आँखाको ज्योति हराएको छ
बुझें
पेट खोक्रो छ
बुझें
आकाशमा हेलिकोप्टर उड्छ
बुझें
डराउँछु
बुझें
जंगलकाहरूबाट पनि डर छ
बुझें
शान्ति चाहियो
बुझें
स्वतन्त्रतापूर्वक बाँच्न पाइयोस्
बुझें
चेपुवामा छु
बुझें
बुझेर मात्र कसरी भयो ?
बुझें – बुझें
हुन्छ – हुन्छ
बुझें...

# माओवादीको नाचगान

'ए नानी ! राजाको शासन हुँदा बिर्तामोड हान्ने यिनै छापामार होइनन् ?' लगभग चार कोरी उमेर नाघिसकेका रणवीर राई उपस्थित सबैलाई सोध्दै थिए। उनको प्रश्नप्रति चासो देखाए पनि कसैले उत्तर दिने आँट गरेनन्, यो साता माओवादीले आयोजना गरेको कार्यक्रममा। बरु उनको प्रश्न सुनेर कोही झस्किए। जनमुक्ति सेनाजस्ता देखिने माओवादी एकाएक हतियार जस्तै साधन बोकेर मेची रंगशालाबाट बाहिर निस्किँदा राई चकित पर्नु स्वाभाविकै थियो।

कहिले माओवादी जनसेनालाई खुला आँखाले नदेखेका झापालीलाई अनौठो लाग्यो र उनीहरू डराए पनि। माओवादी कलाकारहरूद्वारा प्रस्तुत गरेको सांस्कृतिक कार्यक्रम थियो त्यो। सरकार-माओवादी युद्धविरामताका माओवादीले देशभर गरेका खुला सभामा बाजागाजासहित आफ्नो सांस्कृतिक टोली उपस्थित गराएर जनवादी संस्कृति र कला सर्वसाधारणलाई पस्कने गरेको छ। नेताको घन्टौं लामा भाषणमा नयाँ कुरा नहुँदा जनता कार्यक्रमबाट बाहिरिने भएपछि माओवादीले आमसभामा सांस्कृतिक टोलीमार्फत जनवादी गीत र नृत्य पस्कने गरेको हुनुपर्छ। गुन्युचोलो र दौरा सुरुवालमा सजिएका माओवादीका नाच र गीतले जनतालाई मक्ख मात्र बनाएको छैन, प्रफुलित र आनन्दसमेत प्रदान गरेको छ।


कार्यक्रममा सहभागी विजय भट्टराई भन्छन्, 'जनताका गीत गाउने माओवादीको सांस्कृतिक टोलीको कार्यक्रम प्रशंसनीय छ।' भट्टराईले भनेझैं माओवादी गीत जोशिला शब्दको चयन र वीर रस, शौर्यको कुशल संयोजनका कारण नै लोकप्रिय भएको हो। 'माओवादीका सांस्कृतिक कार्यक्रममा जुन दम छ त्यो दम उनीहरूको भाषणमा भने छैन', एक स्थानीय राजनीतिकर्मी भन्छन्।

माओवादीको रेडियो जनगणतन्त्र नेपालको पूर्वी प्रसारण केन्द्रले पनि प्रचण्डको अन्तर्वार्ता एकदुई दिन बिराएर प्रसारण गर्ने गरेको छ। माओवादीका आफ्नै प्राविधिक कमजोरीले पनि हुन सक्छ, उनीहरूको भाषणमा नयाँ कुरा भने देखिएको छैन। तर, माओवादी सांस्कृतिक टोलीको प्रशंसनीय प्रस्तुतिका कारण माओवादी नेताका पुरानै कुरा भए पनि जनताले सुन्छन्।

■ **मदन खरेल/झापा** (तस्वीर पनि)



झापा सदरमुकाममा नृत्य प्रस्तुत गर्दै माओवादी छापामारहरू



# इब्सेनको सम्झना काठमाडौंमा

**विश्वप्रसिद्ध नाटककार** हेनरिक इब्सेनको शतवार्षिकीका अवसरमा नेपालस्थित नर्वेली दूतावासले साहित्य, कला, संगीत र मनोरञ्जनात्मक खेलहरूसँग सम्बन्धित विभिन्न कार्यक्रम आयोजना गर्ने भएको छ।

इब्सेनको काम, कला र प्रेरणादायी रचनात्मक भावनाको सम्झना गर्दै उनीप्रति सम्मान व्यक्त गर्न नर्वे र नेपालका रचनात्मक व्यक्तिहरूको समूह आउँदो जेठ ९ गते काठमाडौंको बानेश्वरस्थित वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा भेला हुँदै छ।

उक्त अवसरमा इब्सेनबाट प्रेरित कला र कविता समावेश गरिएको कला प्रदर्शनी र कवितावाचन कार्यक्रम आयोजना गरिनेछ। त्यस अवसरमा इब्सेनको नाटक 'पियर गिन्ट'मा आधारित एडभार्ड ग्रेगद्वारा रचित ज्याज संगीतसमेत प्रस्तुत गरिनेछ, जसमा लोकप्रिय नेपाली र नर्वेली संगीतकर्मी सहभागी हुनेछन्। इब्सेनको चर्चित कृति 'पियर गिन्ट' सन् १८६७ मा पहिलोपल्ट सार्वजनिक भएको थियो।

विश्वमाझ 'रंगमञ्च कवि' भनेर परिचित इब्सेनले नाटकको एउटा नयाँ विधा जन्म दिए, जसको माध्यमबाट आधुनिक चिन्तक र नाटककारहरूको एउटा पुस्ता विश्वभरि जन्मिएको छ। इब्सेनको सिद्धान्त र नैतिकता नै उनको विचारधाराका मूल तत्त्व हुन्।

यसबारे नर्वेली राजदूत तोरे तोरङ भन्छन्, 'यो कार्यक्रम नर्वे र नेपालबीच विद्यमान सांगीतिक साझेदारीको निरन्तरता हो।' ■


# हिम्मती हिम्मत



**कठोर मन** लिएर सेनामा प्रवेश गरेका हिम्मत नेम्वाङका पिता मोहनकुमार नेम्वाङले कहिल्यै सोचेनन् - सेनामा छिरेको छोराको हातबाट यति राम्रा वास्तुकलाका नमुना बन्लान् भनेर। उनमा रहेको वास्तुकला र चित्रकलाप्रतिको मोहले भारतीय सेनाबाट स्वेच्छाले अवकाश लिएर आफ्नो प्रतिभा तिखार्न लागी परेका उनी झापामा कला साधकका रूपमा चिनिन्छन्।

सैनिक सेवामा छँदै आफ्नो प्रतिभा प्रदर्शन गरेर भारतमै विभिन्न सम्मान पाइसकेका नेम्वाङ बाहिर चर्चामा नआए पनि स्थानीयस्तरमा सधैं चर्चाका पात्र हुन्। आफूमा भएको कला देखाएर समाजमा अलग्गै पहिचान बनाएका उनी अहिले यसैलाई पेसा बनाएर जीवन धानिरहेका छन्। सन् १९९२ मा भारतीय सेनामा प्रवेश गरेका नेम्वाङले दस वर्ष भारतीय सेनामा सेवा गरेपछि आफ्नो धोको पूरा गर्न उनी पञ्जाबको जालन्धर कलेजतर्फ लागे। कला विषयमा स्नातक तहसम्मको अध्ययन गरेपछि आफ्नो जन्मथलोमा फर्किएका उनलाई अहिले ढुंगाका मूर्तिहरूमा जीवन कोर्न भ्याइनभ्याइ छ। त्यतिमात्र होइन स्थानीय बासिन्दाको सम्मानका पात्र समेत बनेका छन्, नेम्वाङ।

मोफसलमा बसेका कारण राष्ट्रिय चर्चाका नआए पनि प्रशस्त मान सम्मान र पुरस्कारले उनको कोठा भरिएको छ। गत वर्ष साहित्य चौतारी बिर्तामोड झापाद्वारा चित्रकलातर्फको उत्कृष्ट युवा सम्मानद्वारा पुरस्कृत भएपछि यस क्षेत्रमा उनी लोकप्रिय बनिरहेका छन्। ■



# दोहोरो प्रचार

**कतिलाई बलिउडका** सिनेमाभन्दा विज्ञापनहरू बढी मन पर्छन्, मन नपरून् पनि किन ! छोटो समयमा आकर्षक विज्ञापन पस्कन बलिउडकर्मीहरू माहिर नै भइसके। अब हालैको एउटा विज्ञापन नै हेरौं न ! बलिउड नायक जोन अब्राहमले खेलेको यो विज्ञापनमा उनलाई क्लिनिक अल क्लियर सेम्पु र यामाहा दुवैको प्रचार गरिरहेको देख्न सकिन्छ।

दुवै ब्रान्डका एम्ब्यासडर जोनले एकैपटकमा दुईवटा उत्पादनको प्रचार गरेको काइदा विज्ञापनमा प्रयोग रुचाउनेहरूले निकै मन पराएका छन्। केही दिनदेखि मात्र प्रसारण हुन थालेको यो विज्ञापनबारे धेरै कुरा बताउन भने निर्माण कम्पनीले अस्वीकार गरेको छ। ■






कविता प्रदर्शनीमा आएका दर्शकहरू

तेजबहादुर बस्नेत

# खुला ढोका र सिर्जना

*ढोका खोल्छु*
*मभन्दा पहिला*
*हतार गर्दै*
*आकाश पस्छ*
*घरभित्र*
*मुक्ति पस्छ, नीलो पस्छ अनि खुला हावा*
*पस्छ भित्र*
*अनि म पस्छु*
*चिन्ताहरू पस्छन्, थकानहरू पस्छन्*
*एउटा अर्कै आकाश पस्छ*

कवि डा. अभि सुवेदीले दुई महिनाअघि सिद्धार्थ आर्ट ग्यालरीको परिसरमा स्वदेशी र विदेशी कलाकारले बनाएका चित्र हेरका थिए, ती चित्र 'खुला ढोका'मा आधारित थिए। वास्तवमा ती चित्र हेरेपछि अभिले आफूभित्रको कवित्वलाई पनि 'खुला ढोका'मार्फत नै पोखे, परिणमस्वरूप कविता जन्मियो। उनको त्यही कविता अहिले सिद्धार्थ आर्ट ग्यालरीले छापेको खुला ढोका किताबमा समावेश छ, माथिको कविता त्यसैको एकअंश हो।

'खुला ढोका'मा ३ दर्जनजति कविका कविता र डेढ दर्जनजति कलाकारका चित्र छन्, सबैले इँगित गरेका छन् - खुला ढोकाको माध्यमबाट जीवन र जगत्‌लाई। खुला ढोकालाई कतिपय सर्जकले समसामयिक परिवेशसँग दाँजेका छन्, कतिपयले जीवनदर्शनसँग तुलना गरेका छन्। कतिपयले स्वतन्त्रताको पर्यायका रूपमा लिएका छन्।

एउटै विषयमा कवि र कलाकारका अभिव्यक्ति समेटेर तयार पारिएको किताब विरलै सार्वजनिक भएको थियो। यसअर्थमा यो किताबलाई पनि एउटा नौलो प्रयासकै रूपमा हेरिनुपर्छ। किरण मानन्धर, मुकेश मल्ल, गोविन्दप्रसाद शाह आजाद, संगी श्रेष्ठ, गोपाल कलाप्रेमीलगायत कलाकारले प्रतीकात्मक अभिव्यक्तिलाई उतारेका छन् चित्रमा। त्यस्तै अभि सुवेदी, नारायण ढकाल, विमल निभा, डा. सञ्जीव उप्रेती, अर्चना, टंक उप्रेती, रत्नमणि नेपाल, संगीता थापा, व्याकुल पाठक, मञ्जुल, विप्लव प्रतीक, आरएम डंगोलगायत कविले आफ्ना अभिव्यक्ति पोखेका छन्, कवितामार्फत। ■

# निकोल किडम्यानको बिहे !



हलिउड नायिका निकोल किडम्यानको हृदयमा अर्को मानिसका लागि पनि ठाउँ रहेछ। ओस्कार विजेता यी नायिकाको मनमा अहिले पनि आफ्ना पूर्वपति टम क्रुजप्रति माया त छँदै छ, जुन उनले हालै स्वीकारसमेत गरेकी छन्। यद्यपि, आफ्ना नयाँ प्रेमी किथ अर्बनसँग बिहे गर्ने पक्कापक्की भइसकेको पनि उनले जानकारी गराएकी छन्।

गायकका रूपमा प्रशस्त ख्याति कमाइसकेका किथसँगको उनको सम्बन्धले कहिले पूर्णता पाउने होला भन्ने महिनौंको अनुमान किनारा लगाउँदै निकोलले अब उनीसँग बिहे गर्ने पक्का भइसकेको बताएकी छन्।

'ऊसँग मेरो बिहे गर्ने कुरा छिनिइसकेको छ', यही साता निकोलले 'पिपुल' म्यागजिनसँग भनिन्, 'अब किथ मेरो प्रेमीमात्र रहेन।'

निकोल र किथबीचको सम्बन्ध गत जुलाईमा सार्वजनिक भएको थियो भने नोभेम्बरमा उनीहरूको कुरा छिनिएको खबरले निकै चर्चा पाएको थियो। निकोलको औंलामा हीराको सुन्दर औंठी देखिएपछि यो हल्ला चुलिएको थियो। अहिले आएर उनीहरूको कुरा छिनिएको पक्का भए पनि बिहेको तिथि भने तोकिएको छैन।

टम क्रुजसँगको दसवर्षे वैवाहिक जीवनबाट पाँच वर्षअघि निकोल अलग्गिएकी थिइन्। चार वर्षभन्दा लामो समय एक्लो जीवन बिताएपछि बल्ल निकोलको जीवनमा कोही आएको छ भने क्रुज अर्की हलिउड नायिका क्याटी होम्ससँग रमाइरहेका छन्। गत महिना क्रुज-होम्सको सम्बन्धबाट एक बालिकाको जन्मसमेत भइसकेको छ।

# विश्वासिला सहयोगी

**लामो समय** नेपाली कांग्रेसको मुख्य सचिव भएर काम गरेका वसन्तकुमार गौतम अहिले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको निजी सचिवालयको जिम्मेवारी सम्हालिरहेका छन् । मृदुभाषी र कम बोल्ने गौतम भित्रिया काम गर्न कुशल मानिन्छन् । २०५३ देखि २०६२ माघसम्म गौतमले कांग्रेसका दुईवटा अधिवेशन र नेपालगन्ज महासमिति बैठक सम्पन्न गर्न संस्थापन पक्षको विश्वासपात्र बनेर भूमिका खेलेका थिए ।

भौतिक विज्ञानको प्राध्यापन छोडेर २०४६ साल पछि कांग्रेस पार्टीमा लागेका गौतम कोइरालाका विश्वासिला सहयोगी हुन् । २०६२ माघमा उनले अचानक मुख्य सचिवबाट राजीनामा दिए । आफ्ना निकटहरूसँग उनी प्राध्यापनमै फर्कने बताउँथे ।

तर, कोइराला प्रधानमन्त्री बनेपछि गौतम प्रमुख स्वकीय सचिवको पदमा टुप्लुक्क आइपुगे । धेरै कांग्रेसजन गौतमको नाम सुनेर आश्चर्यमा परेका छन् । पार्टीको प्रमुख सचिवबाट राजीनामा गरेका गौतम कसरी र कुन क्षमताले त्यहाँ पुगे भन्ने प्रश्नको चित्तबुभ्दो उत्तर खोज्दै छन्, विगतमा कोइरालाको नजिक भएर काम गरेकाहरु पनि ।

जनआन्दोलनको बलमा प्रधानमन्त्री बनेका कोइरालाका काँधमा प्रशस्त चुनौती छन् । राजाको राजनीतिक महत्त्वाकांक्षा ठेगान लगाउने र माओवादीलाई प्रतिस्पर्धी राजनीतिमा ल्याएर हिंसा समाप्त गर्ने चुनौतीमा रहेका कोइरालालाई आफ्नै स्वास्थ्यले भने साथ दिइरहेको छैन । यस्तो अवस्थामा 'वसन्त सर'को ब्युरोक्रेसी कत्तिको सहयोगी बन्न सक्ने हो कोइरालाका लागि, अहिल्यै अनुमान गर्न मिल्दैन ।

गौतम भन्छन्, 'कठिन परिस्थितिमा म एक्लोले गरेर मात्र हुँदैन, टिमले सहयोग गर्नु पर्छ, म त्यही मान्यताबाट गिरिजाबाबुको आग्रहमा सहयोग गर्न आएको हुँ ।' ■


समय


तेजबहादुर बस्नेत

# दुर्गमबाट केन्द्रमा

**देशकै विकट** जिल्ला हुम्ला, त्यसमा पनि हुम्लाको अति विकट मानिने सायामा जन्मिएका दल रावल । एसएलसी पास गरेपछि उनले प्रतिज्ञा गरेका थिए, 'अब यो विकट जिल्लामा शिक्षाको उज्यालो फैलाउन राम्रो शिक्षक बन्छु ।' उनको यो निर्णयको घरपरिवारले समर्थन पनि गरे । लामो समय उनी यसमा अडिग पनि ।

तर साथीसँगीहरूको संगतले केही वर्षभित्रै उनको जीवनमा अर्को मोड आयो । उनले कर्णालीको प्रतिनिधित्व हुने गरेर विकट हुम्लामा पहिलो गैरसरकारी संस्था खोल्ने निधो गरे । यसैमार्फत उनी हुम्लाको विकासमा अनवरत जुटिरहेका छन् । उनको कामको मूल्यांकन गर्दै गत साता काठमाडौंमा भएको गैरसरकारी संस्था महासंघको निर्वाचनमा उनी नेतृत्व तहमा निर्वाचित भए । सधैं नेतृत्वको अभाव रहने कर्णालीमा जन्मेर गैरसरकारी संस्था महासंघको केन्द्रीय तहसम्म आइपुग्ने उनी पहिलो व्यक्ति हुन् ।

'अब गैरसरकारी संस्था प्रचारमुखीभन्दा पनि तल्लो र निरीह वर्गमा पुगेर उनीहरूलाई सेवा दिने लक्ष्यका साथ अगाडि बढ्नु पर्छ', रावल भन्छन् । उनी कर्णाली र कर्णालीवासीलाई राष्ट्रिय मूलधारमा जोड्न महासंघमा आफ्नो विशेष भूमिका रहने स्पष्ट पार्छन् । 'कर्णालीलाई प्राथमिकतामा राख्न केन्द्रमा पहल गर्नेछु', उनी भन्छन् । सामाजिक मूल्य मान्यतामा अडिग रहेर 'संस्था व्यक्तिमुखी नभई समाजमुखी हुनु पर्छ', भनेर आवाज उठाउँदै आइरहेका रावलको अबको योजना छ, कर्णालीमा संविधानसभाका बारेमा देखिएको अन्योलको अवस्थाका बारेमा जागरण फैलाउने । ■






युवराज घिमिरे

## शून्य समय

# सर्वोच्च हुन सक्तैन संसद्

**राजाको विशेषाधिकारमा कटौती स्वभाविक अपेक्षा र कर्तव्य बन्न जान्छ वर्तमान संसद्को, तर सांसदहरूको विशेषाधिकार र सुविधा पनि कानुनद्वारा परिभाषित (कोडिफाइड) हुनै पर्छ । सर्वोच्च हैसियत संसद्ले हासिल गरेमा सांसद र संसद् निरंकुश बन्नेछन् ।**

**हालै सम्पन्न** जनआन्दोलनलाई अन्धाको हात्ती बनाउने प्रयासमा केही सांसद लागेका छन् । एकातिर उनीहरू आन्दोलनको स्पष्ट चाहनानुसार राजा तथा राजपरिवारका सदस्यहरूको विशेषाधिकार तथा सुविधाको कटौती गर्ने अभ्यासमा जुटेका छन् भने अर्कोतिर आफूलाई कानुन र संविधानभन्दा माथिको एउटा नववर्गका रूपमा घोषित गर्न उद्यत छन् । संसद्को र त्यसका करिब २०० सदस्यको सर्वोच्चता कानुनीरूपमा त्रुटिपूर्ण मात्र हैन, सार्वभौम जनताप्रतिको घोर अपमान र अपराध हुनेछ ।

संसद् कानुन बनाउने थलो हो । उसले संकल्प पारित गर्दैमा त्यसमा कानुनको हैसियत हासिल हुँदैन । संकल्प केवल अठोटको अभिव्यक्ति हो, तर यसैमा समय बिताएर संसद् मुलुकलाई संक्रमण तथा द्वन्द्वबाट मुक्ति दिनेतर्फ अगाडि बढिरहेको छैन, जुन अत्यन्तै दुःखद कुरा हो । प्रतिपक्षविहीन संसद् राष्ट्रिय सहमतिका एजेन्डा घोषित गर्न किन यति पछाडि परिरहेको छ ? यसमा खासगरी तीनवटा प्रमुख कारण देखापरेका छन् । सात दल गठबन्धनमा राजनीतिक निकास र माओवादी विद्रोह समाधानबारे बाह्रबुँदे समझदारीका बाबजुद एकमत बन्न सकेको छैन । दोस्रो, सरकारमा सहभागी दलहरू सडक मानसिकताबाटै ग्रस्त छन् र तेस्रो माओवादीको वार्ताप्रतिको घोषित प्रतिबद्धता विपरित चन्दा आतंक र असुली जारी छँदा उनीहरूमाथि जनताको अविश्वास कम हुनसकेको छैन ।

त्यसैले यी विकृतिहरूको समाधान नभएसम्म वर्तमान राजनीतिक संक्रमण र माओवादी समस्याको उचित समाधान भेट्न सहज देखिँदैन । वर्तमान संविधान र पुनःस्थापित संसद्लाई तत्काल भंग गर्नुपर्ने माओवादी माग र संसद्लाई सर्वोच्च घोषित गर्ने अभियान दुवै उत्तिकै खतरनाक छन् । राजा ज्ञानेन्द्रले प्रजातान्त्रिक र संवैधानिक संस्था नष्ट गरी उत्पन्न रिक्तताबाट राजनीतिक लाभ लिने असफल प्रयास गरे । माओवादीसँग प्रारम्भिक सहमति (खासगरी हतियार व्यवस्थापन तथा संविधानसभाको स्वरूप र निर्वाचन प्रक्रियाबारे) नबनी संसद् र संविधान भंग गर्दा मुलुक विधिको प्रक्रियाबाट बाहिर धकेलिन्छ । त्यो अवस्थालाई माओवादीले आफ्नो सफलता मान्ने गल्ती गर्नुहुँदैन ।

संसद् या व्यवस्थापिका र न्यायपालिकाबीचको शक्ति पृथकीकरण र 'चेक एन्ड ब्यालेन्स'को सिद्धान्तलाई आन्दोलनको मनपरी व्याख्याद्वारा धराशायी बनाएमा वर्तमान परिस्थितिमा संसद्को तानाशाही स्थापित हुन सक्छ । त्यसैले केही परम्परालाई त्यागे पनि पुनःस्थापित संसद्ले आवश्यक कानुन बनाउने तथा विद्यमान कानुनलाई संशोधन गर्ने प्रचलन र प्रक्रियाअन्तर्गत नै ऊ रहनु पर्ने हुन्छ । राजाको विशेषाधिकारमा कटौती स्वभाविक अपेक्षा र कर्तव्य बन्न जान्छ वर्तमान संसद्को, तर सांसदहरूको विशेषाधिकार र सुविधा पनि कानुनद्वारा परिभाषित (कोडिफाइड) हुनै पर्छ । सर्वोच्च हैसियत संसद्ले हासिल गरेमा सांसद र संसद् निरंकुश बन्नेछन् ।

अगाडिको यात्राका लागि सात दल र माओवादी समझदारीको आधिकारिक व्याख्या र घोषणा त आवश्यक छ नै, त्योसँगै माओवादी पक्ष केमा स्पष्ट हुनु आवश्यक छ भने हतियार व्यवस्थापन र त्यसपूर्व त्यसलाई प्रयोग नगरिने वचन उनीहरूले नदिएसम्म न संविधानसभाको निर्वाचनको वातावरण बन्छ, न त त्यस्तो निर्वाचनलाई अन्तर्राष्ट्रिय जगत्ले नै मान्यता दिन्छ । बाह्रबुँदे समझदारीमा दल र माओवादीलाई सँगै ल्याउन महत्त्वपूर्ण भूमिका खेलेको भारतसमेत माओवादीद्वारा जारी चन्दा आतंक तथा हेटौँडामा आधिकारिक या अन्यथा उद्योगधन्दा बन्द गर्ने धम्कीपछि माओवादी नियतमाथि सशंकित हुन थालेको छ । यसका साथै शान्तिवार्ता र हतियार व्यवस्थापन निगरानीमा माओवादीले रुचाएको संयुक्त राष्ट्रसंघले समेत बालभर्ती बन्द र शिक्षा क्षेत्रलाई बाधा नपुऱ्याउन माओवादीलाई चेतावनी दिएको छ ।

तर सात दलको अग्रगमन र दिगो शान्तिमा बाधक माओवादी मात्र नभई दलहरू आफैमा आत्मविनाशको शक्ति छ । सात दल गठबन्धनका लीलामणि पोखरेलले सेनाको परमाधिपतिबारे शेरबहादुर देउवाको मुखमा एउटा वाक्य हालिदिँदा झन्डै काठमाडौंमा ऋतिक रोशन काण्डको पुनरावृत्ति भएको थियो । देउवाले त्यसको खण्डन गरेका छन्, तर गठबन्धनले आफ्नै घटकहरूका लागि आचारसंहिता बनाएको छैन । एमाले सरकारमा छ, तर महासचिव माधवकुमार नेपाल सरकारलाई भित्रबाट दबाब दिनुको साटो सार्वजनिक रूपमा आलोचना र माग राख्ने गर्छन् । सरकारको सुविधा र प्रतिपक्षको स्वतन्त्रता संसदीय परम्परामा सत्ताधारी दलसँग हुँदैन । एकअर्का विरुद्ध सार्वजनिक टिप्पणी बन्द गर्ने र गठबन्धनका पार्टीहरू चोइटिँदा जन्मेको समूहलाई गठबन्धनभित्र ठाउँ नदिने सहमति नबनेमा गठबन्धन राजनीतिक ढिकीच्याउँ बन्नुका साथै बाहिरी प्रभावबाट कमजोर हुने सम्भावना प्रशस्त रहन्छ ।

तर सर्वाधिक महत्त्वपूर्ण कुरा हो सरकार-माओवादी वार्ताको सुरुवात स्वीकार्य प्रक्रिया र सकारात्मक वातावरणअन्तर्गत र त्यो प्रक्रिया संवैधानिक रिक्ततामा हुन सक्तैन । त्यसले नै शान्ति, प्रजातन्त्र र समृद्धिको पाइला बनाउनेछ ।

भास्वर ओझा

